# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ११ अङ्क ६ पूर्णाङ्क ४७६ | २०८३ साउन २५ गते सोमबार | Monday, 10 August, 2026 | पृष्ठ ८ | मूल्य रू. १०/–


## लघुवित्त तथा वित्तीय शोषणविरुद्ध किसान–मजदुर आन्दोलन नेपालको आन्दोलनप्रति ऐक्यबद्धता जाहेर



काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले एक प्रेस वक्तव्य जारी गर्दै लघुवित्त तथा वित्तीय शोषणविरुद्ध किसान–मजदुर आन्दोलन नेपालको आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गरेको छ ।

पार्टीका प्रवक्ता बाँकी ७ पेजमा

# ३२औँ अन्तर्राष्ट्रिय आदिवासी दिवसमा जातीय मुक्तिको विमर्श




काठमाडौं । अखिल नेपाल आदिवासी जनजाति महासंघले ललितपुरको कुपण्डोलमा ३२ औं अन्तर्राष्ट्रिय आदिवासी दिवस भव्य रुपमा सम्पन्न गरेको छ । बरिष्ठ जनजाति नेता तथा महासंघका सल्लाहकार सीताराम तामाङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख अतिथि तामाङ, विशेष अतिथिहरु रामसिंह श्रीस, हेमन्तप्रकाश ओली र परि थापाले शुभकामना मन्तव्यसँगै जातीय मुक्तिको सवालमा महत्वपूर्ण चर्चा गर्नुभएको थियो ।

महासंघका संयोजक पवनमान श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन भरत बुर्जामगरले गर्नुभएको थियो भने फुर्नाम्गेल मुक्तानले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा क्रान्तिकारी महिला संगठनकी संयोजक शारदा महतले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो ।

विश्वभरका आदिवासी जनजातिहरूले आफ्नो पहिचान, अधिकार र समृद्धिको साझा सङ्कल्पसहित ३२औँ अन्तर्राष्ट्रिय आदिवासी दिवस मनाएका छन् । सन् १९८२ अगस्ट ९ मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उपआयोगअन्तर्गत आदिवासी जनसंख्यासम्बन्धी कार्यदलको पहिलो बैठक बसेको दिनको सम्झनामा सन् १९९४ देखि प्रत्येक वर्ष अगस्ट ९ लाई अन्तर्राष्ट्रिय आदिवासी दिवसका रूपमा मनाइँदै आइएको छ। अखिल नेपाल आदिवासी जनजाति महासंघले पनि प्रत्येक वर्ष विभिन्न कार्यक्रम गरी यो दिवस मनाउने गरेको छ ।

संयुक्त राष्ट्रसङ्घले यस वर्ष ३२औँ दिवसका लागि "आदिवासी प्रसूतिकर्मीहरूको सम्मान, सुरक्षित र स्वस्थ जीवन" (Honouring Indigenous MidwivesM Safeguarding Life and Well–being) भन्ने नारा तय गरेको थियो । नेपालमा पनि आदिवासी जनजाति आयोग, नेपाल आदिवासी जनजाति महासङ्घ तथा अखिल नेपाल आदिवासी जनजाति महासङ्घ लगायतका विभिन्न सङ्गठनहरूले विचार गोष्ठी, सांस्कृतिक र्‍याली, अन्तरक्रिया र विरोध प्रदर्शनका साथ यो दिवस मनाए ।

संयुक्त राष्ट्रसङ्घका अनुसार विश्वका ९० भन्दा बढी देशमा करिब ४७ करोड ६० लाख आदिवासी जनजाति बसोबास गर्छन् ।

विश्वको कुल जनसङ्ख्याको ६ प्रतिशत हिस्सा ओगट्ने आदिवासीहरू विश्वका अति गरिब बाँकी ८ पेजमा

## 'बालेन सरकार भूमिगत संगठन जस्तै, हुलाकमार्फत् पठाइयो प्रधानमन्त्रीलाई ज्ञापनपत्र' : जनजाति महासंघ



काठमाडौं । अखिल नेपाल जनजाति महासंघले बालेन्द्र साह नेतृत्वको सरकार भूमिगत संगठनजस्तै सम्पर्क सम्बन्ध बनाउन नै गाह्रो रहेको भन्दै सरकारी तथ्यकांक अनुसार पनि ३५ प्रतिशत जनसंख्या रहेको आदिवासी जनजातिका महत्वपूर्ण मुद्दाहरूबारे छलफल र आफ्ना मागहरूबारे जानकारी गराउन गरिएको प्रत्यत्नप्रति पूरै वेवास्ता गरेकोमा घोर भर्त्सना गरेको छ । महासंघका संयोजक पवनमान श्रेष्ठले प्रधानमन्त्री बालेन्द्र साहलाई अनेक प्रयत्न गर्दा पनि भेटेर बाँकी ७ पेजमा

# मूल्यवृद्धि फिर्ताको माग गर्दै क्रान्तिकारी युवा संघ नेपालले आयल निगममा बुझायो ज्ञापनपत्र



काठमाडौं । पेट्रोलियम पदार्थको मुल्य वृद्धिले जनताको ढाड सेकिरहेको भन्दै मूल्यवृद्धि फिर्ताको माग गर्दै क्रान्तिकारी युवा संघ नेपालले आयल निगमलाई ज्ञापन पत्र बुझाएको छ । युवा संघका केन्द्रीय संयोजक दोर्जी शेर्पाको नेतृत्वमा गएको टोलीले ज्ञापन पत्र बुझाएको हो । उक्त अवसरमा युवा संघका केन्द्रीय नेताहरू झनक श्रेष्ठ र गोबिन्द काफ्ले लगायतको समेत सहभागिता रहेको थियो ।

***यस्तो छ ज्ञापन पत्रको पूर्णपाठ :***

***श्री कार्यकारी निर्देशक ज्यू ,***
***नेपाल आयल निगम लिमिटेड,***
***केन्द्रीय कार्यालय***
***बवहरमहल, काठमाडौं***

**विषय : ज्ञापनपत्रबारे ।**


बाँकी ७ पृष्ठमा

## क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालको जनतासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न



कञ्चनपुर । क्रान्तिकारी कम्युनिष्ट पार्टी सुदूरपश्चिम प्रदेश (१ र २ नम्वर व्युरो)को आयोजनामा कञ्चनपुरको सामदैजीमा जनतासँग अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ ।अन्तक्रिया पछि दिनेश रानाको संयोजकत्वमा ९ जनाको किसान कमिटी गठन गरिएको छ । जसमा सह–सँयोजक सोनु चौधरी,सदस्यहरूमा विक्रम चौधरी रामु चौधरी घुम्न राना नविन चौधरी सरिता चौधरी प्रेम राना र मञ्जु राना रहनु भएको छ ।जनसचेतना कार्यक्रम अन्तर्गत कैलालीमा यसभन्दा पुर्व जनसभाका कार्यक्रम सम्पन्न भएका थियो २०८३ श्रावण १४ गते कञ्चनपुरको सामादैजीमा किसानसँग एक अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ। अन्य कार्यक्रम जिल्ला पार्टीले जिल्ला भरि नै सञ्चालन गर्ने जिल्ला पार्टी इञ्चार्ज डम्वर विष्टले बताउनु भएको छ ।अन्तक्रिया कार्यक्रमको सहजिकरण सिसिएम तथा जिल्ला इञ्चार्ज डम्वर विष्टले गर्नु भएको थियो । पार्टी पिविएम तथा व्युरो इञ्चार्ज लालवहादुर जाग्री व्युरो न.१ का बाँकी ७ पृष्ठमा


## ठमेलस्थित आर्या होटलका सुपरभाइजरले कर्मचारीमाथि चरम यातना दिएको खुलासा




काठमाडौं । नरसिंह चोक ठमेल स्थित आर्या होटलमा कार्यरत एक कर्मचारीले ९ नाम नखुलाउने सर्तमा ० सुपरवाइजर सन्तोष तामाङले आफूलाई निरन्तर भेदभाव, अपमान तथा मानसिक उत्पीडन गरेको आरोप लगाएका छन् । उक्त व्यवहार नेपालको श्रम ऐन, २०७४ कोधारा ६ ९भेदभाव निषेध० तथा अनुचित श्रम अभ्याससम्बन्धी प्रावधानविपरीत रहेको दाबी गरिएको छ ।

श्रम ऐन, २०७४ को धारा ६ मा स्पष्ट रूपमा उल्लेख गरिएको छ, "कुनै पनि बाँकी ७ पृष्ठमा

# नवउदारवादी पुँजीवादकै खरानीबाट वैज्ञानिक समाजवादको उदय


● हुकुमबहादुर सिंह ●

***भूमिका***

विश्व मानव विकासको इतिहासको अध्ययनबाट के स्पष्ट हुन्छ कि विश्वमा जे जस्ता महामारी,युद्ध तथा अन्य संकट आएका छन् ती सबै मान्छेकै गल्तीबाट उत्पन्न गरिएका हुन् । तर ती सबैको नकारात्मक असर आखिरमा गरिब मान्छे र गरिब देशलाई नै बढी डसेको छ र नेपालजस्तो देश जहाँका जनता जीवन नीर्वाहामूखी कृषि, दैनिक ज्यालादारी र खुद्रा व्यापारले मात्र धानिएका छन्, तिनीहरूको हालत कस्तो होला ? सहजै अनुमान लगाउन सकिन्छ ।

यो लेखको उद्येश्य यहाँ विश्वमा जे जस्ता महामारी आएका छन् ती महामारीका कारण त्यसले गर्ने क्षति कति भएहोला, त्यो विगतका तथ्यांकले नै बताएको छ तर यस्तो महामारी किन बढ्दै गएको छ ? भन्नेबारे चाहिँ मानव समुदायले साच्चै नै सोच्नै पर्ने आवश्यकता भएको छ र यसका पछाडिको मूल कारण के हुन सक्छ ? यसमा पनि गहन खोजको आवश्यकता छ। यसका लागि विश्वमा बसोवास गर्ने समग्र मानव समुदायमाथि भइरहेको यी अनेक संकट र आक्रमण वारे कदापी ढिलाइ नगरी सोंच्नु आवश्यक भएको छ ।

पहिलो र अति महत्वराख्ने प्रश्न हो –यस्ता संकट र माहामारीको जिम्मेवार को हुन त ?

इतिहासको संक्षिप्त समिक्षाबाट पनि एउटा तत्थ्य के पत्ता लाग्छ भने सन् १९८० पछि विश्वमा मौलाउँदै गएको नवउदारवादी पु"जीवाद, जसले एकाधिकार पुँजीवादको आडमा विश्वव्यापीकरण, नवउदारीकरण र नीजीकरणका कारण लाखौं विपन्न परिवारको जीवन लथालिंग बन्दै गएको छ। बसाइसराई, तीव्र सहरीकरण र उच्च बेरोजगारीआदि विश्व एकाधिकार पु"जीवाद (वर्तमान रूप साम्राज्यवाद) रहेसम्म कहिल्यै नसल्टिने समस्या बनेका छन् । सन् १९८० पछि विश्वमा बाँकी ७ पृष्ठमा

## सम्पादकीय

# आर्थिक–सामाजिक शोषणको दुष्चक्र र राज्यको दायित्व

नेपालमा लामो समयदेखि जारी राजनीतिक रूपान्तरणका बाबजुद समाजको पिँधमा रहेका नागरिकहरू अझै पनि गम्भीर आर्थिक र सामाजिक शोषणको दुष्चक्रबाट मुक्त हुन सकेका छैनन् । लघुवित्तका मारमा परेका विपन्न महिला, मिटरब्याजी (अनुचित लेनदेन) को चक्रव्यूहमा फसेका किसान, सर्वस्व गुमाएका सहकारीका साना बचतकर्ता र पुस्तौँदेखि ओत खोजिरहेका भूमिहीन सुकुम्बासीहरू आज पनि सडक सङ्घर्षमा छन् । यी समस्याहरू छुट्टाछुट्टै जस्ता देखिए पनि, यसको चुरो भनेको कमजोर राज्य संयन्त्र, फितलो नियमन र पहुँचविहीनमाथि हुने संरचनात्मक शोषण नै हो ।

लघुवित्त र मिटरब्याजको मुख्य निशाना ग्रामीण तथा विपन्न वर्ग बनेका छन् । "गरिबी निवारण" र "सुलभ ऋण" को नारा दिएर गाउँ-गाउँ पुगेका लघुवित्त संस्थाहरूको असीमित सेवा शुल्क, ताकेताको अमानवीय शैली र बहु-बैंकिङ (ःगतिष्उभि द्यबलपष्लन) को दुष्चक्रले सयौँ परिवारलाई घरबारविहीन बनाएको छ। अर्कोतर्फ, संस्थागत वित्तीय पहुँच नहुँदा स्थानीय साहु-महाजनको चर्को ब्याज (मिटरब्याज) र नक्कली तमसुकको पासोमा परेर तराई-मधेसका गरिब किसानहरू आफ्नो पुर्ख्यौली जमिनबाटै बेदखल हुनुपरेको छ।

उता, सर्वसाधारणले पसिना बगाएर जोगाएको बचत सुरक्षित हुनुपर्ने सहकारी क्षेत्र आज सञ्चालकहरूको ठगी र गैरजिम्मेवार व्यवहारका कारण धराशायी बनेको छ । नियामक निकायको फितलो अनुगमन र राजनीतिक संरक्षणका कारण सहकारीका बचतकर्ताहरू आफ्नै रकम फिर्ता माग्न सडकमा आँसु बहाउन बाध्य छन् । यस्तै, वर्षौंदेखि खोला किनार, सार्वजनिक जमिन र ऐलानी भूमिमा ओत लागेर बसेका वास्तविक सुकुम्बासीहरू अधिकार र स्थायित्वको पर्खाइमा छँदा राज्यको अव्यवस्थित कदमले उनीहरूको बसोबासलाई झन् जोखिममा पारेको छ ।

लघुवित्त र मिटरब्याजमा कडाइः वित्तीय साक्षरता अभिवृद्धि गर्दै लघुवित्तको अस्वाभाविक सेवा शुल्क र ताकेताको अमानवीय शैलीमाथि पूर्ण रोक लगाइनुपर्छ । मिटरब्याजीहरूले बनाएका जालसाजीयुक्त तमसुकहरूको कानुनी छानबिन गरी पीडितको खोसिएको सम्पत्ति फिर्ता गराउने र दोषीलाई कडा कारबाही गर्ने प्रक्रियालाई तीव्रता दिनुपर्छ ।

सहकारीको नियमन र राहतः सहकारी ठगीमा संलग्न सञ्चालक तथा पदाधिकारीहरूको सम्पत्ति जफत गरी साना बचतकर्ताको रकम प्राथमिकताका साथ फिर्ता गर्ने ग्यारेन्टी राज्यले लिनुपर्छ। साथै, कडा नियमनकारी ढाँचा तयार गरी सहकारी क्षेत्रको पुनर्संरचना गरिनुपर्छ।

सुकुम्बासी समस्याको वस्तुनिष्ठ समाधानः वास्तविक सुकुम्बासी र अव्यवस्थित बसोबासीको पारदर्शी वर्गीकरण गरी उनीहरूलाई भूमि अधिकार वा सुरक्षित आवासको वैकल्पिक व्यवस्था गरिनुपर्छ । समस्याको राजनीतिकरण र बलप्रयोगभन्दा वार्ता र अधिकारमुखी पहुँचबाट यसको स्थायी समाधान खोजिनुपर्छ ।

गरिब र सीमान्तकृत नागरिक सडकमा रोइरहँदा राज्य मौन वा निष्प्रभावी रहन मिल्दैन। आयोग र समिति गठनमा मात्रै सीमित नभई, प्राप्त सुझावहरूलाई इमानदारीपूर्वक कार्यान्वयन गर्दै नागरिकलाई वित्तीय र सामाजिक सुरक्षाको अनुभूति गराउनु नै आजको सरकारको प्राथमिक दायित्व हो । अधिकार मागेर पाइदैन, अधिकारका लागि लड्नु पर्छ । एकताबद्ध भएर अधिकारका लागि संघर्षका कार्यक्रम तयार गरेर अगाडि बढ्न जरुरी छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# नेपालमा बढ्दो त्रिदेशीय टकराव र भावी राजनीति



● डा. केशव देवकोटा ●

नेपालमा ०८२ भदौ २३ र २४ को घटनापछि गरिएको सत्ता परिवर्तन र गत फागुन २१ को निर्वाचनबाट रास्वपाको झण्डै दुई तिहाइको सरकार गठन भएर पनि राजनीतिक स्थायित्व कायम हुन सकेन । बरु नयाँ नयाँ ढंगले टकरावहरू बढेर गएका छन् । मुख्य त यहाँ देखिएको चीन, भारत र अमेरिकाबीचको त्रिदेशीय टकरावले नेपालको अस्थित्वनै समापत हुने हो कि ? भन्ने चिन्ता, चासो र आशंकाहरू पनि बढिरहेका छन् । यो आलेखमा त्यही नेपालमा बढ्दै गएको त्रिदेशिय टकरावको बिश्लेषणगर्दै भाबि राजनीतिकाबारेमा आंकलनगर्न खोजिएको छ। नेपालमा विदेशी हस्तक्षेप बढ्दा मुख्यत देशको राष्ट्रियता, सार्वभौमता र अखण्डता संकटमा परेको देखिन्छ । विदेशीहरूको हस्तक्षेप खुलेआम बढेको छ । देशभक्त नेपालीहरूको चिन्ताको बिषय पनि यही नै हो । छिमेकी चीन र भारत तथा सात समुन्द्र पारीको अमेरिकाको चासो बुझ्दा नेपालको भौगोलिक अवस्थिति, सुरक्षा, व्यापार-पूर्वाधार, जलश्रोत र बदलिँदो विश्व शक्ति प्रतिशर्धालाई एकैसाथ हेर्नुपर्ने हुन्छ । नेपाल दुई ठूला देश चीन र भारतको बीचमा छभने अमेरिका नेपालसँगको सम्बन्धलाई दक्षिण एशिया र इन्डो प्यासिफिकको व्यापक रणनीतिक सन्दर्भमा जोडेर हेरिनुपर्ने हुन्छ । नेपालका लागि मुख्य चुनौती भनेको कुनै एक शक्तिको पक्षमा उभिनुभन्दा आफ्नो राष्ट्रिय हितअनुसार कसरी सन्तुलन कायम गराउनेभन्ने हो । तर यहाँका संसदवादी पार्टीहरू बिभिन्न शक्तिकेन्द्रको पिछलग्गु भैदिँदा राष्ट्रिय एकता र सहमतीय राजनीति टाडाको बिषय बन्न पुगेका छन् ।

हालको अवस्थामा मुख्यत साम्राज्यवादीहरूले नेपालमा 'फुटाउ र शासन गर'को नीति लिएका छन् । त्यसैले देशभक्त नेपालीहरूले राष्ट्रिय एकता र सहमतीय राजनीतिलाई जोड दिन सक्नुपर्ने भएको छ । चीनका लागि नेपालको सबैभन्दा महत्वपूर्ण चासोभनेको तिब्बतसँग जोडिएको सुरक्षा र स्थिरता हो । चीन नेपालबाट आफ्नो भूभागविरुद्ध हुने तिब्बतसम्बन्धी राजनीतिक गतिविधि रोकियोस्भन्ने चाहन्छ । हालै नेपाल सरकारले तिब्बतसम्बन्धी एउटा अन्तर्राष्ट्रिय सम्मेलननै रोक्न गरेको प्रयास पनि त्यही संवेदनशीलताको उदाहरण हो । चीनका अन्य चासोहरूमा तिब्बतको सुरक्षा र एक चीन नीतिप्रति नेपालको समर्थन, नेपाललाई चीनसँग जोड्ने सीमा व्यापार र पूर्वाधार विस्तार, बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) लगायतका परियोजनामार्फत आर्थिक सम्बन्धको विस्तार, नेपालमा भारतीय तथा अमेरिकी प्रभाव अत्यधिक बढ्न नदिने चाहना र हिमालयपार व्यापार तथा कनेक्टिभिटी विस्तारगर्नु लगायत रहेका देखिन्छन् । त्यसैगरी भारतको नेपालप्रतिको चासोभने चीनकोभन्दा केही फरक र धेरै हदसम्म भूगोल तथा प्रत्यक्ष सुरक्षासँग जोडिएको देखिएको छ । नेपाल र भारतबीच खुला सीमा भएकाले नेपालको राजनीतिक वा सुरक्षा अस्थिरताको प्रत्यक्ष प्रभाव भारतमा पर्नसक्छ । त्यसैले भारतले सीमा सुरक्षा र खुला सीमाको व्यवस्थापन, चीनको नेपालमा बढ्दो रणनीतिक प्रभावलाई सीमित राख्ने, नेपालको राजनीतिक तथा सुरक्षा वातावरण भारतको हितविपरीत नजाओस्भन्ने चाहना, जलश्रोत, जलबिद्युत र नदी व्यवस्थापनमा सहकार्य, नेपाललाई भारतीय बजार, बन्दरगाह र ऊर्जा प्रणालीसँग जोड्ने, व्यापार तथा पारवहनमा आफ्नो महत्वपूर्ण भूमिका कायम राख्ने बिषयमा बढी चासो राखेको देखिएको छ । पछिल्ला बर्षहरूमा सुस्ता र लिपुलेक, कालापानी तथा लिम्पियाधुराको विषयले नेपाल र भारतबीचको सम्बन्धमा संवेदनशीलता थपेको देखिएको छ । त्यसैले आगामी २७ गतेबाट भारतको लखनउमा नेपाल र भारतबीच सीमा वार्ता हुने कुराहरू आएका छन् । त्यसैगरी अमेरिकाको नेपालसँगको सम्बन्ध भारत वा चीनसँगजस्तो प्रत्यक्ष भौगोलिक निर्भरतामा आधारित छैन ।

नेपालमा अमेरिकी चासो रणनीतिक, आर्थिक र कूटनीतिक बिषयमा सम्बन्धित रहेको छ । उसले आफ्नो चासो पूर्तिका लागि यहाँको आन्तरिक राजनीतिमा अप्रत्यक्ष तर दरिलो संलग्नता देखाएको छ । जसका लागि उसले लोकतन्त्र, सुशासन र विकास सहयोगको नारालाई आधार बनाउन खोजेको देखिन्छ । यतिसम्मकी संघीय शासन लागू गराउन र टिकाउन प्रत्यक्ष आर्थिक लगानीसमेत गरेको छ । नेपालमा ०७२ को संविधानमार्फत लागूगराइएका संघीयता, जातीय समाबेशी, धर्मनिरपेक्षता र समानुपातिक निर्वाचन प्रणाली अमेरिकालगायतका पश्चिमा देशबाट प्रायोजित हुन् । नेपालमा आफ्नो निरन्तर उपस्थिति कायम राख्नु, चीनको बढ्दो प्रभावबीच नेपालमा आफ्नो पक्कड बनाउनु पनि अमेरिकाको चाहना रहेको छ । जसका लागि उसले ऊर्जा तथा पूर्वाधार क्षेत्रमा सहकार्यको प्रस्ताव अगाडि सारेको छ । उसले अमेरिकी सहायता तथा लगानीमार्फत दीर्घकालीन आर्थिक सम्बन्धमा विस्तारमा पनि हात अगाडि बढाएको देखिन्छ । त्यसैका लागि उसले सैन्य रणनीतिमा आधारित एमसीसी अगाडि सारेको छ । नेपालले करिब ५० करोड अमेरिकी डलरको एमसीसी कम्प्याक्ट स्वीकार पनि गरिसकेको छ। जसको बाहिरी आबरण बिद्युत प्रसारण र सडक पूर्वाधार मुख्य क्षेत्र भएको देखाइएको छ । त्यसैले एकथरीले एमसीसीलाई केवल विकास परियोजनाका रूपमामात्र हेरेका छन्भने अर्कोथरीले चीनविरोधी रणनीतिकारूपमा लिएका छन् । चीन नेपाललाई आफ्नो सुरक्षा पर्खाल बनाउन खोज्दै छ । भारत नेपाललाई नियन्त्रणगर्न र आफ्नो सुरक्षा छाताभित्र राख्न खोज्दैछभने अमेरिकाले नेपालमा सैन्य आधार बनाएर यस क्षेत्रमा खेल्न खोजेको देखिएको छ । नेपालले भने त्रिदेशिय शक्तिको प्रतिस्पर्धाका बीचमा आफ्नो अस्थित्व कायम गराउने ठाउँ खोजिरहेको अवस्था छ ।


नेपाल सरकारकै परराष्ट्र नीतिसम्बन्धी अध्ययनले पनि नेपाललाई भारत र चीनबीचको पुल बन्न सक्ने सम्भावनामा जोड दिएको पाइन्छ । तर खासगरी ०६३ को राजनीतिक परिवर्तनपछि नेपाल असंलग्न परराष्ट्र नीतिबाट बिमुखहुँदै गएकाले शक्ति सन्तुलनमा पछिपरेको छ । त्यतिमात्र नभएर कतिपय अवस्थामा छिमेकीबाट पनि एक्लिँदै गएको देखिएको छ । भूराजनीतिक सन्दर्भमा नेपाललाई सबैभन्दा प्रभावपार्ने मुलुक भारत हो । सन् १९५० मा भएको असमान सन्धीपछि नेपालको राजनीतिमा भारतको स्वार्थ निरन्तर रहँदै आएको छ । यतिबेला विश्व राजनीतिमा भइरहेको तीव्र ध्रुवीकरणको चेपुवामा भारत पनि परेको छ । भारत निकै ठूलो दबाबमा परेको स्पष्ट छ । त्यसका बाछिटाहरू नेपालमा पनि परेका छन् । चीन र अमेरिकासँगको सम्बन्धमा पनि भारतको नीति स्पष्ट नभएर ढुलमुले खालको रहने गरेको छ। त्यसैले अमेरिकाले भारतमार्फत पनि नेपालमा खेल्ने मौका पाएको देखिन्छ । पछिल्ला दशकमा चीन नेपालको सार्बभौमिकता र अखण्डताको पक्षमा रहेको थियोभने खासगरी नेपालमा भएको ०६३ को परिवर्तनपछि उ नेपालप्रति सशंकित भएको देखिएको छ ।

०७८ मा बनेको नेपाली कांग्रेस र तत्कालीन माओवादी केन्द्रको सरकारले चीनलाई चिढ्याउने गतिबिधि गरेका कारण उ नेपालप्रति खासै खुसी रहेको देखिएको छैन । सन् २०२४ को जनवरीको अन्तमा नेपाल भ्रमणमा आउनुभएकी चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिकी अन्तर्राष्ट्रिय विभाग उपमन्त्री सुन हाइ येनले त खुलेरै नेपालले चीनलाई एक्ल्याउने प्रयास गरेको बताउनु भएको थियो । त्यसपछि चीनले भारतसँगको सम्बन्ध बढाएको छभने भारतसँग मिलेर नेपालको लिपुलेकमा खुलेयाम हस्तक्षेप गरेको छ। यस्तो अवस्थामा चीनका लागि नेपालमा अमेरिकाभन्दा भारतको उपस्थिति सुखद हुने अवस्था सिर्जना भएको छ । अमेरिकाले पनि भारतको सहयोग बिना नेपालमा सिधै आफ्नो उपस्थिति जनाउन नसक्ने अवस्था भएकाले भारतले नेपाललाई कुनैपनि ढंगले आफ्नो कब्जामा पार्नसक्ने अवस्थाहरू सिर्जना भएका छन् । यस्तो अवस्थामा कुनैपनि बेला नेपालभन्ने देश इतिहासको पानामामात्र अंकित हुन पनि सक्छ । त्यसैले नेपालका देशभक्त शक्तिहरूले बिलम्ब नगरिकन सर्बदलीय र सर्बपक्षीय भेलाद्धारा देशमा राजनीतिक परिवर्तन गर्ने/गराउने तिर लाग्नुपर्ने अवस्था सिर्जना भएको छ । नेपालजस्तो मुलुकले हालको अवस्थामा अशल छिमेकी नीति र आत्मनिर्भरताको बाटो रोज्नुको अर्को बिकल्प छैन ।

# क्रान्तिकारी प्रेस संगठनको जुम बैठक सम्पन्न

# विगतका गतिविधिको समीक्षा गर्दै भावी योजना प्रभावकारी रूपमा अघि बढाउने निष्कर्ष

काठमाडौं । क्रान्तिकारी प्रेस संगठनको जुममार्फत भर्चुअल बैठक सम्पन्न भएको छ । संगठनका अध्यक्ष नारायण पंगेनीको अध्यक्षतामा ०८३ श्रावण २३ गते सम्पन्न बैठकमा संगठनका गतिविधि, विगतमा सञ्चालन गरिएका कार्यक्रम तथा आगामी कार्ययोजनाका विषयमा विस्तृत छलफल भएको थियो ।



बैठकलाई संगठनका नेतृत्वदायी व्यक्तित्व हुकुम सिंह र इन्द्र राउतले सम्बोधन गर्नुभएको थियो । सम्बोधनका क्रममा उहाँहरूले संगठनलाई थप सक्रिय, व्यवस्थित र प्रभावकारी बनाउँदै पत्रकार तथा सञ्चारकर्मीका पेशागत तथा सांगठनिक विषयलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

बैठकमा सहभागी विभिन्न पदाधिकारी तथा सदस्यहरूले संगठनले विगतमा सञ्चालन गरेका गतिविधिको समीक्षा गर्दै आफ्ना अनुभव, सुझाव र धारणा प्रस्तुत गरेका थिए । सहभागीहरूले संगठनको सक्रियता बढाउन नियमित बैठक, पत्रकार तथा सञ्चारकर्मीका लागि आवश्यक कार्यक्रम, पेशागत क्षमता अभिवृद्धि तथा समसामयिक विषयमा प्रभावकारी सञ्चार पैरवी गर्नुपर्ने धारणा राखेका थिए ।

बैठकमा विगतमा संगठनले पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषयमा गर्दै आएका गतिविधि, संगठन विस्तार तथा सञ्चारकर्मीका हकहितसँग जोडिएका सवालमा भएका पहलहरूलाई निरन्तरता दिने विषयमा समेत छलफल भएको थियो । संगठनलाई अझ गतिशील बनाउन केन्द्रदेखि स्थानीय तहसम्म संगठनात्मक गतिविधि विस्तार गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए ।

त्यस्तै, आगामी दिनमा संगठनका कार्यक्रमलाई योजनाबद्ध र परिणाममुखी बनाउने, पत्रकार तथा सञ्चारकर्मीबीच समन्वय र सहकार्य बढाउने, समसामयिक राजनीतिक, सामाजिक तथा सञ्चार क्षेत्रका विषयमा आवश्यक भूमिका निर्वाह गर्ने लगायतका विषयलाई प्राथमिकतामा राख्ने विषयमा छलफल भएको थियो ।

बैठकमा सहभागीहरूले प्रविधिको बढ्दो प्रयोगसँगै पत्रकारितामा आएका नयाँ चुनौती र अवसरलाई समेत ध्यानमा राख्दै संगठनले डिजिटल माध्यमको प्रभावकारी उपयोग गर्नुपर्ने धारणा राखेका थिए । संगठनका गतिविधिलाई थप प्रभावकारी बनाउन नियमित छलफल, अन्तरक्रिया, प्रशिक्षण तथा रचनात्मक कार्यक्रम सञ्चालन गर्ने विषयमा समेत जोड दिइएको थियो ।

अध्यक्ष नारायण पंगेनीले संगठनलाई एकताबद्ध र थप क्रियाशील बनाउँदै आगामी दिनका कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उहाँले संगठनको उद्देश्यअनुसार सबै सदस्यको सक्रिय सहभागिता र सहकार्य आवश्यक रहेको बताउनुभयो ।

समग्रमा बैठक विगतका गतिविधिको समीक्षा, वर्तमान अवस्थाको मूल्याङ्कन र भावी कार्ययोजना निर्माणका दृष्टिले उपलब्धिमूलक तथा प्रभावकारी रहेको निष्कर्ष निकालिएको छ । आगामी दिनमा तय गरिएका कार्यक्रमलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै संगठनलाई थप सशक्त र प्रभावकारी बनाउने प्रतिबद्धतासहित बैठक सम्पन्न भएको जनाइएको छ ।

# धर्मप्रति मार्क्सवादी दृष्टिकोण



● मोहन वैद्य 'किरण' ●

**एंगेल्सले प्रारम्भिक ईसाई धर्मको तुलना आधुनिक समाजवादसँग गर्नुभएको छ । आधुनिक समाजवादको स्थापनाका निम्ति संघर्षरत मदजुरवर्गप्रति जुन अभद्र व्यवहार गरिन्छ, ठीक त्यसरी नै प्रारम्भिक ईसाई धर्म र इसा मसीहप्रति त्यो बेलाको शासकवर्गले पूरै दुर्व्यवहार गरेको थियो । ईसा मसीहलाई फाँसीसम्म दिइएको थियो । वैज्ञानिक समाजवाद र ईसाई धर्म दुवै उत्पीडित मानवजातिका मुक्तिका सिद्धान्त हुन् । पहिलोले यसै धर्तीमा मानवीय मुक्तिको मान्यता पेश गर्दछ भने दोस्रोले स्वर्गमा । त्यति मात्र होइन, धार्मिक आन्दोलनको प्रगतिशील भूमिकाप्रति पनि मार्क्स–एंगेल्सले राम्रो प्रकाश पार्नुभएको थियो । यूरोपीय मध्ययुगमा जब इसाई धर्मको क्याथोलिक शाखा पूरै कट्टर बनेर सामन्तवादको रक्षाका लागि वैचारिक हतियार बनेको थियो, ठीक त्यसैबेला त्यसै धर्मको अर्को शाखा प्रोटेस्टेन्टले सामन्तवाद र कट्टरपन्थका विरूद्धको संघर्षमा महत्वपूर्ण भूमिका खेलेको थियो । मार्क्सवादले यो संघर्षको उच्च मूल्यांकन गरेको छ ।**

धर्मप्रतिको मार्क्सवादी दृष्टिकोणको उल्लेख गर्ने प्रक्रियामा सर्वप्रथम धर्म के हो भन्नेबारे चर्चा गर्नु आवश्यक छ । यो विषय धेरै विस्तृत छ, परन्तु यहाँ संक्षिप्तमा जाने प्रयास गरिएको छ । हिमाली उपमहाद्वीप र पश्चिममा धर्मबारेको बुझाईमा अथवा भनौं धर्म शब्दको अर्थ र परिधिबारे केही भिन्नता पाइन्छ । उत्पत्तिको हिसावमा पश्चिमको रिलिजन र यहाँको धर्मबीच अन्तर देखा पर्दछ । पश्चिममा धर्मको कुरा गर्ने वित्तिकै मुख्यतः ईश्वरको कुरा आउँछ । परन्तु यहाँ त्यस्तो छैन ।

धर्मबारे विभिन्न विचारकहरूले आ-आफ्ना धारणा प्रस्तुत गर्दै आएका छन् । भारतीय उपमहाद्वीपमा धर्मलाई विभिन्न रूपमा परिभाषित गर्ने र त्यसलाई विभिन्न श्रेणीमा राखेर हेर्ने काम गरिएको छ । यस सन्दर्भमा निम्न कुरामा ध्यान दिन जरुरी छ ।

**पहिलो**ः धर्मलाई वस्तुको स्वभाव र लोकमान्यताका आधारमा ग्रहण गर्ने दृष्टिकोण । यो दृष्टिकोण अनुसार कुनै वस्तुको स्वभाव, प्रकृति वा गुणलाई धर्म भन्ने गरिन्छ, जस्तो पानीको गुण चिसो, आगोको गुण तातो, खुर्सानीको गुण पिरो आदि । त्यस्तै, कतिले परापूर्वकालदेखि समाजमा प्रचलित रहिआएको लोकमान्यतालाई धर्मका रूपमा लिने गर्दछन् । जस्तो कि महाभारतमा धारणात् धर्ममित्याहु अर्थात् जुन धारण गरिन्छ त्यही धर्म हो भनिएको छ । यसलाई अझै स्पष्ट शब्दमा चाणक्यनीतिमा धर्मो धारयति लोकः अर्थात् लोकले जुन धारण गर्दछ, त्यो धर्म हो भनिएको छ । शायद प्रारम्भमा यसैलाई सनातन धर्म भनिन्थ्यो होला ।

**दोस्रो**ः धर्मलाई कर्मको उत्प्रेरणा वा विधिविधानका रूपमा लिने दृष्टिकोण । यो पूर्वमीमांसामा आधारित दृष्टिकोण हो । पूर्वमीमांसा दर्शनमा भनिएको छ-चोदना लक्षणोर्थो धर्मः । अर्थात् कर्मबारे प्रेरणा दिने र विधिविधान प्रस्तुत गर्ने काम नै धर्म हो । यो दर्शन वेदनमा आधारित रहेको छ । मनुस्मृतिले पनि वेदलाई नै मूल मानेर चलेको छ । त्यसमा भनिएको छ-बौखिलो धर्ममूलम् अर्थात् वेद नै सबै धर्मको मूल हो । धर्मबारे मनुस्मृतिको वास्तविक धारणा यस्तो छ-आचारः परमो धर्म, श्रुत्युक्त स्मार्त एव च । अर्थात् श्रुति र स्मृतिमा बताइएको आचार नै परमधर्म हो । यसले धर्मको परिधिलाई बेदमा र मुख्यतः मनुस्मृतिमा उल्लिखित आचारमा कैद गर्दै त्यसैलाई परम्धर्म अर्थात् सबैभन्दा उच्च धर्म घोषित गरेको छ ।

**तेस्रो**ः धर्मलाई लोकको उन्नति र कल्याणका रूपमा लिने दृष्टिकोण । यो श्रेणीमा वैशेषिक दर्शन आउँछ । वैशेषिक दर्शनमा भनिएको छ-यतो भ्युदय निः श्रेयससिद्धिः स धर्मः । अर्थात् जुन चीजबाट लोकको उन्नति र कल्याण हुन्छ त्यही धर्म हो ।

उपर्युक्त परिभाषाहरूमध्ये धर्मको सबैभन्दा कठोर परिभाषा मनुस्मृतिको परिभाषा हो । स्मरण रहोस्, मनुस्मृतिमा दिइएको परिभाषासम्ममा पनि धर्मका सन्दर्भमा ईश्वरको उल्लेख गरिएको छैन । यी भनाइहरूबाट के बुझिन्छ भने यहाँ धर्म मूलतः ईश्वर नभई अलौकिक शक्तिमा विश्वास र नैतिक आचरणसँग सम्बन्धित देखिन्छ । राहुल साङ्कृत्यायन भन्दछन्-"धर्मको सार हो कुनै अलौकिक शक्तिमा विश्वास ।" धर्मबारे प्रस्तुत राहुल सांकृत्यायनको यो भनाई मूलतः ठीक छ ।

परन्तु यसको अर्थ के होइन भने यहाँ ईश्वरको कुनै महत्व छैन । वास्तविक कुरा त के हो भने यो उपमहाद्वीपमा जति ईश्वर अन्यत्र कतै छैनन् । यो तेत्तीस कोटी देवताहरू भएको थलो हो । लाग्छ, यहाँ देवताहरूको यति ठूलो संख्या भएको समयमा मानिसहरूको संख्या त्यो भन्दा कैयौं कम थियो । त्यो बेला एउटा मान्छेको हिस्सामा तीन चार वटासम्म देवताहरू पर्न सक्दथे । यसको अर्थ ती देवताहरूद्वारा यहाँ मानिसहरू आतंकित थिए भन्ने पनि होइन किनभने ती देवताहरू सुरुमा बढी प्राकृतिक र मानिसजस्तै थिए । यो स्थितिमा देवताहरूमा एक परमदेवता वा परमेश्वरको अवधारणा विकसित गरियो । साङ्ख्य, बौद्ध, जैन, चार्वाक लगायतका वैचारिक मतहरू त्यसप्रकारको ईश्वरवादका विरोधी रहे । त्यो स्थितिमा यहाँ धर्मको परिभाषाको केन्द्रविन्दु वेदलाई बनाइयो र बेद मान्नेहरूलाई आस्तिक वा धार्मिक र नमान्नेलाई नास्तिक वा अधार्मिक बताइयो । जस्तो कि मुनस्मृतिमा भनिएको छ-नास्तिको वेद निन्दक : । अर्थात् वेदको निन्दा गर्ने नास्तिक हो । परन्तु,यसरी मात्र पनि धर्मको आम परिभाषा खुल्न सक्दैन र यहाँ धर्मको कुनै सर्वसम्मत परिभाषा पनि छैन । त्यो स्थितिमा के भन्न सकिन्छ भने यहाँ धर्म ईश्वरसँग मात्र सीमित नरही आध्यात्मिक विचारसम्म फैलिन पुगेको छ । यस अर्थमा भारतीय उपमहाद्वीपीय सन्दर्भमा धर्म भनेको कुनै अलौकिक वा आध्यात्मिक शक्तिमा विश्वास गर्नु हो । परन्तु यत्ति मात्रले पनि यहाँ धर्मको समग्र ऐतिहासिक सन्दर्भलाई समेट्न सक्दैन । यसरी हेर्दा निष्कर्षमा के भन्न सकिन्छ भने यहाँ प्राकृतिक शक्तिमा बढी विश्वास गर्ने अलौकिक मान्यता र नैतिक आचरणदेखि लिएर ईश्वर र लौकिक शक्तिसम्मको विशाल परिधिलाई धर्मको रूपमा समेट्न खोजिएको देखिन्छ । धर्मस्थिर होइन निरन्तर विकसित हुँदै आएको छ । हरेक धर्मका आ-आफ्ना विश्वास, मान्यता र विधिविधान हुने गर्दछन् ।

मार्क्सले आफ्नो प्रसिद्ध रचना पुँजीको पहिलो खण्डमा भन्नुभएको छ-धार्मिक संसार वास्तविक संसारको प्रतिबिम्ब मात्रै हुन्छ । धर्म के हो त ? एंगेल्स भन्नुहुन्छ-"हरेक प्रकारको धर्म मानिसको मस्तिष्कमा ती बाह्य शक्तिहरूको काल्पनिक प्रतिबिम्ब बाहेक अरु केही होइन, जसले उनीहरूको दैनिक जीवनलाई शासित गर्दछन् । यो प्रतिबिम्बमा पार्थिव शक्तिहरूले अलौकिक शक्तिहरूको रूप धारण गर्दछन् । इतिहासको प्रारम्भमा पहिले प्रकृतिका शक्तिहरू यसरी नै मानिसका मस्तिष्कमा प्रतिबिम्बित भएका थिए । अगाडि जुन विकास भयो त्यसै सिलसिलामा तिनै शक्तिहरूले विभिन्न जातिहरूका बीचमा विभिन्न प्रकारले मूर्त रूप धारण गरे । ... ती काल्पनिक आकृतिहरू जसले सुरुमा केवल प्रकृतिका रहस्यमय शक्तिहरूलाई नै प्रतिबिम्बित गर्दथे, यो विन्दुमा आएर सामाजिक विशिष्टतालाई ग्रहण गर्दछन् र इतिहासको शक्तिका प्रतिनिधि बन्दछन् । विकासको अझै अगाडिको अवस्थामा अनेक देवताहरूको सबै प्राकृतिक तथा सामाजिक गुण एक परम् शक्तिशाली ईश्वरमा स्थानान्तरित गरिदिने काम हुन्छ, जो केवल अमूर्त मानिसकै प्रतिबिम्ब हो । एकेश्वरवादको उत्पत्ति यसरी नै भएको थियो ।" धर्म र ईश्वरबारेको एंगेल्सको यो विचार अत्यन्तै सटीक र वैज्ञानिक रहेको छ ।

नेपालको प्राचीन धर्म प्राकृतिक धर्म हो । यसलाई बोन धर्म, धामीबाट, झाँक्रीवाद पनि भनिन्छ । यो तन्त्र, मन्त्र, जादुटुना, झारफुक, बलि, पुजाआजालगायतका मान्यतामा आधारित छ र यसमा नारीलाई आद्यशक्तिका रूपमा ग्रहण गर्ने मातृसत्तात्मक कबिला-समाजका मान्यता पनि सन्निहित रहेका छन् । नेपालको दोस्रो धर्म वैदिक धर्म हो । यो यज्ञ, बलि, कर्मकाण्डमा आधारित रहेको छ । सर्वप्रथम यो विदेह क्षेत्र र तराईमा फैलिएको अनुमान गर्न सकिन्छ । त्यसपछि यहाँ क्रमशः बौद्ध, जैन, शाक्त, शैव, वैष्णव धर्म र पछि इस्लाम तथा इसाई धर्मको प्रभाव परेको पाइन्छ ।

हिमाली उपमहाद्वीपमा हिन्दुधर्मले एउटा उत्पीडक धर्मको भूमिका खेल्दै आएको छ । हिन्दुधर्म वैदिक औपनिषदिक कर्मकाण्ड तथा स्मृतिहरूमा विकसित ब्राहमणवाद र शाक्त, शैव, वैष्णव धर्मको संश्लेषणबाट विकसित भएको छ । यो धर्म वर्णाश्रमव्यवस्था, जातपात, छुवाछूत, पितृसत्तावाद, पूर्वजन्म पुनर्जन्म, ईश्वर, दैव, भाग्यवाद, अवतारवाद लगायतका मान्यतामा आधारित छ । लिच्छविकालदेखि प्रारम्भ भई मध्यकालमा व्यापक रूपमा विस्तारित हुँदै सामन्तवादी केन्द्रीकरणको प्रक्रियाका बीचबाट राणाकालसम्म आउँदा यसले उत्कर्ष प्राप्त गर्‍यो र पंचायती कालमा संविधानमै हिन्दुधर्मलाई राज्यको धर्म घोषित गरियो । यो धर्म नेपाली सामन्तवादका प्रतिनिधि संस्थाका रूपमा विकसित राजतन्त्रको संरक्षक तथा तल्लो वर्ग, महिला, दलित एवं जनजातिहरूका लागि उत्पीडक रहिआएको छ । वर्तमानमा यहाँ मूलतः हिन्दु, बौद्ध, जैन, इस्लाम, शिख र ईसाई धर्म पाइन्छन् । यहाँको सर्वप्राचिन धर्म प्राकृतिक धर्म हो र जसका केही अवशेषहरू अहिले पनि विद्यमान छन् । नेपाली सामन्तवादी समाजमा धर्मको बर्चश्व रहे पनि वैज्ञानिक चेतनाको विकाससँगै धर्मको प्रभाव पनि कम हुँदै गएको देखिन्छ ।

मार्क्सवादका प्रवर्तक मार्क्स र एंगेल्सले धर्मबारे निकै गहन विचारहरू प्रस्तुत गर्नुभएको छ । उहाँहरूका धर्मबारेका विचारहरू मूलतः यहुदी, इसाई र इस्लाम धर्मसँग सम्बन्धित अध्ययनमा आधारित रहेका छन् । मार्क्सवादको दर्शन द्वन्द्वात्मक भौतिकवाद हो र धर्मप्रतिको मार्क्सवादी दृष्टिकोण पनि द्वन्द्वात्मक भौतिकवादी नै रहेको छ । तदनुसार विश्वको आदिकारण कुनै अलौकिक शक्ति अर्थात् आत्मा परमात्मा, आदि नभई प्रकृति अर्थात् पदार्थ हो । यो विश्व गतिशील पदार्थबाट बनेको छ । गतिशील पदार्थ नै यो विश्वको निर्माणका लागि कारण भएकोले यसको लागि कुनै अर्को अलौकिक कारण मान्नुपर्ने आवश्यकता छैन । मानिसले संसारको निर्माणका लागि जुन ईश्वर वा अलौकिक शक्ति परिकल्पना गर्‍यो, त्यो उसको प्रारम्भिक समयको प्राकृतिक रहस्यप्रतिको अज्ञानताकै कारण हो ।

मार्क्सवाद वैज्ञानिक सिद्धान्त तथा विश्व दृष्टिकोण हुनुको कारण त्यसले कुनै अलौकिक शक्तिप्रति विश्वास गर्दैन । मार्क्स भन्नुहुन्छ-"धार्मिक व्यथा एक साथ वास्तविक व्यथाको अभिव्यक्ति तथा वास्तविक व्यथाको प्रतिवाद दुवै नै हो । धर्म उत्पीडित प्राणीको सुस्केरा हो, हृदयहीन संसारको मर्म हो तथा साथै निरुत्साह परिस्थितिको उत्साह पनि हो । यो जनताका लागि अफिम हो ।" मार्क्सले धर्मलाई अफिम बताउनु भएको छ । अफिमको नशाले लट्ठिएको मानिसले एकछिनका लागि अनेकौं दुःख, कष्ट र चिन्ताबाट मुक्ति र त्राण त पाउन सक्दछ, परन्तु त्यो वास्तविक त्राण वा मुक्ति भने होइन । अफिम मानिसको असली त्राण वा मुक्तिदाता नभई अन्ततः हानिकारक हुन्छ । वास्तवमा मानिसका लागि धर्म पनि त्यस्तै हो ।

एंगेल्सले प्रारम्भिक ईसाई धर्मको तुलना आधुनिक समाजवादसँग गर्नुभएको छ । आधुनिक समाजवादको स्थापनाका निम्ति संघर्षरत मदजुरवर्गप्रति जुन अभद्र व्यवहार गरिन्छ, ठीक त्यसरी नै प्रारम्भिक ईसाई धर्म र इसा मसीहप्रति त्यो बेलाको शासकवर्गले पूरै दुर्व्यवहार गरेको थियो । ईसा मसीहलाई फाँसीसम्म दिइएको थियो । वैज्ञानिक समाजवाद र ईसाई धर्म दुवै उत्पीडित मानवजातिका मुक्तिका सिद्धान्त हुन् । पहिलोले यसै धर्तीमा मानवीय मुक्तिको मान्यता पेश गर्दछ भने दोस्रोले स्वर्गमा । त्यति मात्र होइन, धार्मिक आन्दोलनको प्रगतिशील भूमिकाप्रति पनि मार्क्स-एंगेल्सले राम्रो प्रकाश पार्नुभएको थियो । यूरोपीय मध्ययुगमा जब इसाई धर्मको क्याथोलिक शाखा पूरै कट्टर बनेर सामन्तवादको रक्षाका लागि वैचारिक हतियार बनेको थियो, ठीक त्यसैबेला त्यसै धर्मको अर्को शाखा प्रोटेस्टेन्टले सामन्तवाद र कट्टरपन्थका विरुद्धको संघर्षमा महत्वपूर्ण भूमिका खेलेको थियो । मार्क्सवादले यो संघर्षको उच्च मूल्यांकन गरेको छ ।

धर्मप्रतिको मार्क्सवादी दृष्टिकोणलाई विकसित गर्ने कार्यमा लेनिनको महत्वपूर्ण भूमिका रहेको छ । धर्मलाई व्यक्तिगत मामिला बताउने अवसरवादी चिन्तनको विरोधमा लेनिन भन्नुहुन्छ-"जहाँसम्म राज्यको सम्बन्ध हो, धर्मलाई व्यक्तिगत मामिला मान्नुपर्दछ । तर जहाँसम्म पार्टीको सवाल हो, हामी धर्मलाई कुनै पनि प्रकारले व्यक्तिगत मामिला मान्न सक्दैनौं ।" यहाँ लेनिनले धर्मप्रतिको मार्क्सवादी दृष्टिकोणबारे दुई कुरामाथि राम्रो प्रकाश पार्नुभएको छ । पहिलो कुरा, मार्क्सवादीहरूको आफ्नो दर्शन द्वन्द्वात्मक भौतिकवाद हो र त्यसैले उनीहरू धर्म मान्दैनन् । यो उनीहरूको आन्तरिक पक्ष हो । दोस्रो कुरा, मार्क्सवादीहरूको के मान्यता छ भने धर्मका मामिलामा राज्यले कुनै पनि प्रकारको हस्तक्षेप गर्नुहुन्न र यस प्रश्नमा जनतालाई स्वतन्त्रता दिनुपर्दछ । राज्यले धर्मसापेक्षता होइन, धर्मनिरपेक्षको पक्षपोषण गर्नुपर्दछ । यो धर्मप्रतिको कम्युनिस्टहरूले अवलम्वन गर्ने मूल नीतिको सैद्धान्तिक पक्ष हो ।

धर्मको विरोध गर्ने काममा यान्त्रिक भौतिकवादको महत्वपूर्ण भूमिका रहेको थियो तर त्यो अपूर्ण थियो । धर्मको विरोध गर्ने कुरा गर्दा यान्त्रिक भौतिकवादी वा अनीश्वरवादी दृष्टिकोण मात्र पर्याप्त हुँदैन । त्यसका लागि द्वन्द्वात्मक भौतिकवादी अर्थात् मार्क्सवादी पनि बन्नुपर्दछ । लेनिन भन्नुहुन्छ-"हामीले धर्मको विरोध गर्नुपर्दछ -यो समस्त भौतिकवादको र त्यसैले मार्क्सवादको कखरा हो । तर मार्क्सवाद कुनै यस्तो भौतिकवाद होइन, जुन कखरामा नै रुकोस् । मार्क्सवाद अगाडि बढ्दछ, हामीले धर्मको विरोध कसरी गर्ने भन्ने कुरा बुझ्नुपर्दछ र त्यसो गर्नका लागि हामीले जनसमुदायलाई धर्म तथा विश्वासको उत्पत्तिको स्रोत र कारणबारे भौतिकवादी तरिकाले सम्झाउनुपर्दछ । धर्मका विरुद्धको संघर्षलाई अमूर्त वैचारिक उपदेशसम्म मात्र सीमित गर्नुहुँदैन, त्यसलाई यस्ता उपदेशको रूप दिनु नै हुन्न । यो लडाइँलाई ठोस वर्ग आन्दोलनसँग जोड्नुपर्दछ । जसको लक्ष्य धर्मका सामाजिक जराहरूको उन्मूलन हो । धर्मको प्रभाव सहरी सर्वहारावर्गका पछाडि परेको हिस्सामा, अर्ध सर्वहारावर्गका ठूलो हिस्सामा र कृषक जनतामा किन कायम छ ? जनताको अज्ञानको कारण । यो उत्तर हो पुँजीवादीको,उग्रवादीको अथवा बुर्जुवा भौतिकवादीको र त्यसैले धर्म मुर्दावाद र अनीश्वरवाद जिन्दावाद,अनीश्वरवादी विचारहरूको प्रसारण नै हाम्रो मुख्य काम हो । मार्क्सवादी के भन्दछ भने यो गलत हो, यो एक सतही एक संर्कीण बुर्जुवा उदारवाद हो । यो सोचले धर्मका जराहरूबारे स्पष्ट पार्ने काम गर्दैन । यसको भौतिकवादी व्याख्या होइन, अपितु आदर्शवादी व्याख्या हो । आधुनिक पुँजीवादी राज्यहरूमा यी जराहरू मुख्यतः सामाजिक हुन्छन् ।" यहाँ लेनिनले धर्मका जरा सामाजिक जीवनमा आधारित हुने कुरामाथि राम्रो प्रकाश पार्नुभएको छ । साथै उहाँले धर्मबारेको मार्क्सवादी विश्वदृष्टिकोणलाई पनि राम्रोसँग स्पष्ट पार्नुभएको छ । लेनिनले के बताउनुभएको छ भने मार्क्सवादीहरू भौतिकवादी हुन् र यस अर्थमा उनीहरू धर्मप्रति विश्वास गर्दैनन् । परन्तु, उनीहरू भौतिकवादी मात्र होइन, द्वन्द्वात्मक भौतिकवादी पनि हुन् । त्यसैले उनीहरूले धर्मलाई यान्त्रिक होइन, द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणका आधारमा वर्गसंघर्षसँग जोडेर हेर्दछन् । लेनिन भन्नुहुन्छ-"कुनै पनि मार्क्सवादी व्यक्ति भौतिकवादी अर्थात् धर्मको शत्रु हुनुपर्दछ । किन्तु त्यो द्वन्द्वात्मक भौतिकवादी हुनुपर्दछ अर्थात् यस्तो जुन धर्मविरोधी संघर्षलाई अमूर्त रूपमा होइन । अत्यन्तै सैद्धान्तिक, जटिल व्याख्यानबाजीका आधारमा होइन, अपितु ठोस रूपमा वर्गसंघर्षका आधारमा चलाउँछ, जुन व्यवहारमा जारी छ र जसले जनसमुदायलाई अत्यन्तै राम्रो शिक्षा प्रदान गर्दछ । हरेक मार्क्सवादीमा ठोस परिस्थितिको ठोस मूल्यांकन गर्ने योग्यता हुनुपर्दछ । उसमा अराजकतावाद र अवसरवादका बीच लक्ष्मण रेखा निर्धारित गर्ने योग्यता हुनुपर्दछ ।" यहाँ लेनिनले धर्मप्रति मार्क्सवादी दृष्टिकोण र धर्मबारे कम्युनिस्ट पार्टीले अवलम्वन गर्नुपर्ने नीति र त्यो प्रक्रियामा देखा पर्ने विभिन्न प्रकारका गलत प्रवृत्तिहरू र विचलनका विरुद्ध वैचारिक संघर्ष चलाउनुपर्ने कुरामा विशेष जोड दिनुभएको छ ।

धर्मप्रतिको नीति निर्धारण गर्ने वा धर्मलाई हेर्ने सन्दर्भमा कम्युनिस्ट आन्दोलनको इतिहासमा अवसरवादी धारा र क्रान्तिकारी धाराका बीच निरन्तर सैद्धान्तिक संघर्ष चल्दै आएको छ । यस प्रकारका अवसरवादीहरू मूलतः उग्रपन्थी, दक्षिणपन्थी र मध्यपन्थीका रूपमा देखिने गर्दछन् । उग्रपन्थीहरू जनतामा आफ्ना विचार थोपर्ने र जनताको धार्मिक आस्था, भावना वा स्वतन्त्रतामा आघात पार्न चाहन्छन् । दक्षिणपन्थीहरू धार्मिक स्वतन्त्रता वा जनताको धार्मिक आस्थाको सम्मान गर्ने नाममा सम्झौतावाद वा उदारतावादको सिकार हुन पुग्दछन् । मध्यपन्थीहरू धर्मप्रतिको मार्क्सवादी दृष्टिकोण र अवसरवादी दृष्टिकोणका बीच डोलायमान हुने गर्दछन् । सच्चा क्रान्तिकारी मार्क्सवादी ती हुन्, जसले धर्ममबारेका यसप्रकारका सबै असवरवादी दृष्टिकोणको दृढतापूर्वक खण्डन र विरोध गर्दछन् ।


धर्मका साथै जनताका बीचमा विद्यमान विचारधारात्मक समस्याको समधानका प्रसंगमा माओको सोंच निकै महत्वपूर्ण रहेको छ । माओ भन्नुहुन्छ-"हामी प्रशासनिक आदेशद्वारा धर्मलाई उन्मूलन गर्न सक्दैनौं न त मानिसहरूलाई धर्ममाथिविश्वमा नगर्नका लागि करकाप नै गर्न सक्दछौं । हामी मानिसहरूलाई आदर्शवादलाई त्याग्न बाध्य गराउन सक्दैनौं, न त उनीहरूलाई मार्क्सवाद अंगाल्न नै बाध्य गराउन सक्दछौं । जनता बीचका विचारधारात्मक प्रकृतिका प्रश्नहरू वा विवादास्पद मामिलाहरूलाई हल गर्ने एक मात्र उपाय करकाप र दमनको पद्धति नभई जनवादी पद्धति, छलफल, आलोचना, प्रोत्साहन र शिक्षाको पद्धति नै हो ।" धर्म र जनताका बीचमा विद्यमान विचाराधारत्मक समस्याहरूको समाधानका सन्दर्भमा माओका यी भनाईहरू विशेष मननीय रहेका छन् । धर्मप्रति मार्क्स, एंगेल्स, लेनिन र माओद्वारा प्रस्तुत यसप्रकारको दृष्टिकोण वैज्ञानिक रहेको छ । परन्तु, धार्मिक कट्टरतावादीहरू यसप्रकारको वैज्ञानिक दृष्टिकोणको पूरै विरोध गर्दछन् । उनीहरूको यसप्रकारको विरोधका पछाडि मूलतः सत्य, विज्ञान तथा वैज्ञानिक विश्वदृष्टिकोणको सामना गर्न सक्ने क्षमताको अभाव, धर्मका नाममा आर्थिक तथा राजनीतिक उत्पडिन जारी राख्ने चाहना र वैचारिक क्षेत्रमा धार्मिक एकाधिकार कायम गर्न खोज्ने धृष्टता जस्ता कारणहरूले काम गरेका छन् । कम्युनिस्टहरूको धर्मप्रतिको दृष्टिकोणको विरोध गर्नेमा मुख्यतः धर्मसापेक्षतावादी पर्दछन् । धर्मसापेक्षतावाद वस्तुतः आधुनिकताविरोधी रहेको छ । धार्मिक कट्टरतावादीहरू कम्युनिस्टहरूको मात्र हैन सबै धर्मनिरपेक्षतावादीहरूको पनि विरोध गर्दछन् ।

मार्क्सवादीहरूको मूल मान्यता धार्मिक उत्पीडन र अन्धविश्वासको विरोध गर्नु हो । नेपालको सन्दर्भमा भन्नुपर्दा धार्मिक उत्पीडनको पछिल्लो रूप राज्यलाई हिन्दु अधिराज्य घोषणा गर्नु हो र यसले इतरधर्म अर्थात् बौद्ध, इस्लाम, इसाई, सिख आदिप्रति दमन, भेदभाव वा असहिष्णुता अख्तियार गर्दछ । यसका साथै नेपालमा धार्मिक उत्पीडनको अर्थ हिन्दुधर्मको वर्णाश्रम व्यवस्थाद्वारा सिर्जित जातपात, छुवाछूत र पितृसत्तात्मक भेदभाव आदि रहेका छन् र यसप्रकारका उत्पीडनका सिकार सबैभन्दा बढी दलित, महिला र विभन्न जनजाति समुदाय हुँदै आएका छन् । मार्क्सवादीहरू यसप्रकारको धार्मिक उत्पीडनको विरोधी रहेका छन् । नेपालमा लामो समयदेखि अनेकौं प्रकारका अन्धविश्वास, रुढीबादी जस्तो कि बोक्सी, धामी, झाँक्री, झारफुकलगायतका प्रथा रहेका छन् र तिनको पनि मार्क्सवादीहरूले विरोध गर्दछन् । यसप्रकारका धार्मिक अन्धविश्वासहरू वैज्ञानिक चेतना र आधुनिक शिक्षाको अभाव मात्र नभई सामाजिक तथा वर्गीय उत्पीडनका अभिव्यक्ति समेत हुन् । सामाजिक क्रान्तिको प्रक्रियामा जति जति मानिसमा वैज्ञानिक तथा वर्गीय चेतनाको विकास हुँदै जान्छ, त्यति त्यति उनीहरू पनि धर्मबाट अलग हुँदै जान्छन् । मार्क्सवादले यसप्रकारको वर्गीय तथा वैज्ञानिक चेतनाको विकासका लागि कुनै हतारो होइन, दीर्घकालीन वैचारिक संघर्ष र रूपान्तरणको प्रक्रिया आवश्यक ठान्दछ । त्यसैले मार्क्सवादीहरू धर्मको विरोधको कामलाई वर्गसंघर्षसँग जोडेर अगाडि बढाउँदछन् र धार्मिक उत्पीडन तथा अन्धविश्वासको विरोध गर्ने काममा विशेष जोड दिन्छन् ।

जहाँसम्म सिंगो हिमाली उपमहाद्वीपसहित नेपालमा पनि धर्मलाई वस्तुको स्वभाव वा गुण, लोक स्वीकार्य वैज्ञानिक मान्यता र मानवीय नैतिक सद्गुण आदिका रूपमा ग्रहण गरिने लामो ऐतिहासिक *बाँकी ७ पृष्ठमा*

# अबको अन्तिम विकल्प मार्क्सवादी दर्शनशास्त्रको मार्ग हुँदै वैज्ञानिक समाजवाद

**समष्टिगत रूपमा भन्नु पर्दा नेपालमा दर्शनशास्त्र एवम् दार्शनिकीकरण बिनाका संघर्षहरू भए । संघर्षबाट प्राप्त उपलब्धिहरू व्यवहार देखि टाढा रहे । माथि उल्लेखित गुरुहरुले गरेको अनुभव र नेपाली आन्दोलन युद्ध संघर्ष कुनैसँग जोडिएनन् ।संघर्षको उठान र बैठान नै दर्शनशास्त्र सँग मेल खाएन । त्यसै कारण क्रान्तिले धोका खायो ।अब उक्त बाटोबाट अगाडि बढनका लागि फेरी नयाँ तरिकाबाट नयाँ प्रकारको संर्घष गरेर उक्त संघर्षलाई व्यवहारसँग जोडेर दार्शनिकीकरणमा उतार्दै अघि बढन सके मात्र देशले निकास पाउन सक्छ ? यो भन्दा अर्को विकल्प हुन सक्दैन ।**



● नारायण प्रसाद भण्डारी ●

*आमा नेपाल तिमीलाई संसारकी राम्री बनाउँला*
*चन्द्र सूर्य ध्वजालाई शिरमा राखी सजाउँला*
*संसारकै अग्लो सगरमाथा कुनै दिन हाम्रो हुन्नकी ?*
*पश्चिम लिपुलेख खाइसके सुस्ता पनि खान्छन की ?*
*हजारौं जगें पिलर विस्तारवादले ढाल्दै छ*
*साम्राज्यवादको मतियार संसदमा के बोल्दैछ ?*
*गरिबका छाक बास खोसिए अधिकार पनि खोस्दैछन्*
*अन्याय अत्याचारको विरुद्ध जनता सडकमा लडदैछन् ।*
*गरिब जनता सडकमा सामन्तहरू गगन चुम्बी महलमा*
*जेनजीको नाममा देश खरानी बनाइ बस्छन् सुख सयलमा ।*
*यिनै हुन नेपाल आमाका कथा व्यथा र पीडाहरू*
*गरिब जनता लाई महगीं र आत्मदाहका उपहारहरू ।*
*होसियार भ्रम छरेर राज गर्नेका विरुद्ध जनता एकजुट हुँदैछन*
*तिम्रा कुकृत्यका विरुद्धमा युद्धको विगुल फुक्दै छन् ।*

*(त्यसकारण अबको अन्तिम विकल्प मार्क्सवादी दर्शनशास्त्र हो)*

आज नेपाल आमाको अवस्था माथि कवितामा उल्लेख गरे जस्तै दर्दनाक हुँदै गइरहेको छ । जहिले पनि सत्तामा जादाँ गरिब जनताका कथा व्यथा र पीडाका भावनामा खेल्दै चर्का चर्का उत्तेजक भाषण गर्दै सडकमा उतारिन्छ । उनीहरूले बोल्ने विषय भनेको भ्रष्टाचारको अन्त्य,महगीं नियन्त्रण,१९५०को सुगौली सन्धीको खारेजी,मिटर व्याज लघुवित्तका पीडक माथि कार्वाही, जनतालाई शुसासनको प्रत्याभूति,राष्ट्रको ऋणभारको अन्त्य,बेरोजगारी एवम् युवा शक्तिलाई विदेश पलायन हुनबाट देशमै रोजगारीको सृजना, कानुनी राज्य, शिक्षा स्वास्थ्यमा भैरहेको व्यापारीकरणको अन्त्य, जनता माथि थोपरेको करको अन्त्य ।हाम्रो देश विश्व कै जल जगंल जमिनको धनी छ ।नेपाल आमा विश्वकै धनाढ्य छन् । भ्रष्टाचारीले गर्दा देश कंगाल बनाए । पुराना सत्ताधारीसँग स्पष्ट खाका भिजन छैन । हामी सबै कुराका विज्ञ छौ ।लगायतका दर्जनौं प्रकारका आशा अपेक्षाको भ्रममा पार्दै यदि हामी सत्तामा पुग्यौ भने देशलाई ५ वर्ष भित्रमा विश्वले हेर्ने लायकको जनताले शुसासनको अनुभूति गर्ने लायकको बनाइन्छ । हामीसँग लक्ष्य उद्धेश्य स्पस्ट छ । हामीसँग विभिन्न विषयका विज्ञ छन ।भन्दै विभिन्न नामबाट देशका होनहार नागरिक लाई सडकमा उतारेर रगतको खोलो बगाइन्छ । हालै २०८१ भाद्र २४,२५को जेनजी विद्रोह पनि ठिक त्यसैको सेराफेरोमा थियो तर त्यसको तैयारीका लागी केही समय अगाडि देखि साम्राज्यवाद विस्तारवादका सिआइडि सुराकी दलाइलामाका सेना र जसले छिटो भन्दा छिटो देशका संरचना जलाएर भत्काएर जसरी भएपनि धवस्त बनाउँन सकोस भन्ने प्रकारका केमिकल युक्त विषाक्त एवम् प्रज्वलित बस्तु र अपराधीहरूको समूह परिचालन ग्याङहरू त्यसका लागि ट्रेनरहरू तयार पार्ने काम भएको पछिमात्र जानकारी भयो । तिनीहरू बाटै देशै भरि एकै समयमा एउटै तरिकाबाट राष्ट्रको ऐतिहासिक संरचना अस्त व्यस्त ध्वस्त बनाइए ।यो हामी सम्पूर्ण राष्ट्रवादी नेपालीको लागि कालो दिन थियो ।इतिहासमै कालो धब्बाले पोतेको दिन बन्यो ।वास्तवमा २०८१को कथित निवार्चन पनि धोका थियो ।नेपाली जनता साच्चिकै भ्रममा परे पारियो । जनता पनि पुराना सत्ताधारी कहलाउँदा मिलेरावादी भ्रष्टाचारी अराष्ट्रियवादी तत्वहरू बाट भए गरेका कुकृत्यले आजित थिए । त्यहि मौका छोपेर झनै ठूलो खाडलमा फसाइयो र नेपाली जनता फसे । जस्को परिणाम आज देशै बर्बाद हुँदैछ ।जनताले पाउनु दुःख कष्ट पीडा भोग्दै छन । अहिले नेपाली जनताका जल्दा बल्दा समस्याहरू कस्ता छन ?

१) बजारमा कुनै पनि दैनिक उपभोग्य वस्तुहरूको कृतिम अभाव बनाइएको छ ।

२)एउटा सानो उदाहरण बाहिरबाट ल्याइने केरा बन्द गरिएको छ ।यो अत्यन्तै राम्रो पक्ष हो तर नेपालका केरा उत्पादन गर्ने किसानले कति पाउँछन ?किसानले पाउने मूल्य कति ?बजारमा उपभोक्ताले खरिद गर्ने मूल्य कति ?भन्दा किसानले पाउँने मूल्य ८०देखि सय बजारमा बिक्री मूल्य २०० देखि २५० सम्म बिचमा हुने यति धेरै रकमको अन्तरालको पैसा कहाँ जान्छ ?भन्दा फेरि पनि बिचौलिया सँग पुछ्छ भने यसलाइ शुसासन भन्ने ?

३) वर्तमान सरकारले जो कोही वस्तुमा भ्याँट कर अत्यधिक वृद्धिको मार जनता माथि थुपारिएको छ । भरखरै आफैलाई लाज भयो ।जनता माथि अन्याय भयो भनेर शिक्षा स्वास्थ्यको कर हटाइयो ।यस्ता कर भ्याट दर्जनौं छन ।अर्को एउटा सानो उदाहरण गरिब जनताले ढयाडी मजदुरी हरेक शीर्षकमा पसिना बगाएर कमाएको रकम थोरै भएपनि सरकारको विश्वाँसमा बैंकमा राख्छन ।एक त ब्याजै अति न्युन छ ।त्यसैमा पनि ब्याज माथि कर यो के जात्रा हो ?यहि हो सुशासन ?

४)नेपाल भन्दा धेरै पछि पत्ता लगाइएका र धेरै कमजोर मूलुक जस्ले दैनिक आवश्यक्ताका उपभोग्य वस्तु खाद्यान्न औषधिका लागि जडिबुटी लगायतका वस्तु नेपालबाटै खरिद गर्थे । आज ती मूलुक मलेशिया कोरिया जस्ता देश कहाँ पुगे ?नेपालको हविगत कहाली लाग्दो छ ।कारण आन्दोलन संघर्ष जे जति भए तिनी सबै सम्झौतामा धोकामा पुगेर विर्सजन भए त्यसको वास्तविकता के थियो ?

१) संघर्ष, आन्दोलन युद्ध कोही पनि द्धन्दात्मक भौतिकवाद मार्क्सवाद एवम् दर्शनशास्त्रको कुनैपनि नियम बाट सन्चालित भएनन् र दर्शनशास्त्रको मार्ग दर्शन पनि अगाल्न सकेनन ।जसको परिणाम दुश्मन सँग खेलबाड भयो । दुश्मन भनेको अरिगांलको गोलो चलाए जस्तो,डुमिनी सर्पलाइ जिस्काए । जस्तो,बाघ लाई थाल बजाएर तर्साए जस्तो,हात्तीलाई सुपो देखाएर लखेटे जस्तो खेलवाड सम्झियो ।आन्दोलनको नेतृत्वले नत मार्क्सवादको अध्ययन गरे । दर्शनशास्त्रका किताब घोके तर व्यवहारमा लागु गरेनन् ।त्यसकारण असफल हुँदै थोरै प्राप्त अधिकार पनि गुम्दै जान थाले ।अब जति गल्ती गरे पनि पुनः सुधारेर मार्क्सवादको नियम र दर्शनशास्त्रको दार्शनिकीकरण नै अन्तिम विकल्प हो ?

***के हो त मार्क्सवादी दर्शनसास्त्र र कसरी पूर्ण हुन्छ क्रान्ति***

दर्शनशास्त्रको बारेमा क्रान्तिको माध्यमबाट आफनो देशलाई संसार कै अब्बल र नमूना बनाउँन सफल व्यक्तित्व महान दार्शनिक मार्क्सवादका जन्मदाता एवम् अध्ययताहरूको भनाइ अनुसार दर्शनशास्त्र भनेको सत्य तथ्य पत्ता लगाउँने माध्यम एबं विशिस्ट विज्ञान हो ।

१)दर्शनलाई यथार्थ नबनाइ सर्वहारा वर्गको उन्मूलन गर्न सकिन्न ।

२)ज्ञान सहितको नेतृत्वले मात्र क्रान्तिको पूर्णता गर्न सक्छ ।

३)क्रान्ति आन्दोलन संघर्ष गरेर मात्र पुग्दैन संघर्षबाट प्राप्त अधिकारलाई व्यवहारसँग जोडेर लगिएन भने क्रान्तिले पूर्णता पाउँनु भन्दा अधिकार गुम्ने खतरा हुन्छ ।

४)जहिले पनि सिद्धान्त पहिलो र दृष्टिकोण मुख्य हुनु पर्दछ ।त्यसो हुन नसके पनि सबै असफल तर्फ मोडिन्छ ।

५)क्रान्तिकारी सिद्धान्तद्धारा आलोकित हुन सकेन भने व्यवहारले अन्धकारमा छामछुम गरे सरह हुन्छ ।

६ )दर्शनशास्त्र पहाड,उपत्यका ,विपत्ति र संघर्षबाट मात्र पैदा हुन्छ ।

व्यवहार विनाको ज्ञान,वर्ग सघर्ष बिनाको दर्शन असम्भव एवम् समयको खेर फाले जस्तै हुन्छ ।

७) जब सामन्त उत्पीडकहरूले उत्पीडितमाथि उत्पीडन थोपर्दै जान्छ । तब उत्पीडितहरूले निकासको लागि संघर्षमा उत्रदै जाने काम पहिलो हुन्छ । विश्व इतिहास लाई अध्यन गर्दा यस्तै तरिकाबाट मालेमावादको जन्म भयो । यस्तो संर्घष मालिक र मजदुर बीच । उत्पीडक र उत्पीडितबीच ।सामन्त सर्वहारा वर्ग बीच सत्ताधारी र जनताबीच हुने गर्छ । यो अनुभब क माओले गर्नु भयो ।त्यतिबेला माओ च्याङकाइ सेक दुवै खर्तनाक मोडमा थिए र दुवैले दार्शनिकीकरण गरिहेका थिए र दुवै बचे तर माओको सान्दार रूपमा विजय भयो च्याङकाइ सेकको हार हुनु नै चीनीया जनताकोमात्र नभै विश्व सर्वहारा वर्गको जीत थियो ।

८) वास्तवमा दर्शनको जन्म हुन प्रकृति सम्बन्धी ज्ञान र समाज सम्बन्धी ज्ञानको सामान्यीकरण हुनु पर्दछ ।

अन्तमा समष्टिगत रूपमा भन्नु पर्दा नेपालमा दर्शनशास्त्र एवम् दार्शनिकीकरण बिनाका संघर्षहरू भए । संघर्षबाट प्राप्त उपलब्धिहरू व्यवहार देखि टाढा रहे । माथि उल्लेखित गुरुहरूले गरेको अनुभव र नेपाली आन्दोलन युद्ध संघर्ष कुनैसँग जोडिएनन् ।संघर्षको उठान र बैठान नै दर्शनशास्त्र सँग मेल खाएन । त्यसै कारण क्रान्तिले धोका खायो ।अब उक्त बाटोबाट अगाडि बढनका लागि फेरी नयाँ तरिकाबाट नयाँ प्रकारको संर्घष गरेर उक्त संघर्षलाई व्यवहारसँग जोडेर दार्शनिकीकरणमा उतार्दै अघि बढन सके मात्र देशले निकास पाउन सक्छ ? यो भन्दा अर्को विकल्प हुन सक्दैन । अहिले यी विषय वस्तु किन उठाइयो भन्दा नेपालमा २००७ देखि २०६२,२०६३ सम्मका आन्दोलन संर्घष युद्धबाट प्राप्त उपलब्धिहरू माथि उल्लेखित महान गुरुहरूले अनुभव अनुसन्धान गरेका कुनै कुरा सँग मेल खाएनन् ।जसको परिणाम आज क्रान्तिकारीहरू वर्गीय मुक्तिमा लाग्ने सबै लाई वर्गदुश्मनले पूर्णतया लखेटदै छ । क्रान्तिकारीहरू गुहार पुकार गर्दै एकताको भजन गाउँदै छन । यसो हुनुमा विगत २००७देखि २०६३ सम्मका कुनै पनि आन्दोलन संघर्ष युद्धहरू टुंगोमा नपुग्दै सम्झौतामा तुहाउँनु दुश्मनको चगुंलमा फसेर क्रान्तिका सम्पदा दुश्मनको कब्जामा बुझाएर आफु नागों हुनु नै भूल थियो । त्यहिनेर नेतृत्व चुकेकै कारण आज निस्कृय दुश्मन सर्कृय भएर अगाडि बढ्दा आज मर्नु न बाँच्नुको अवस्था श्रृजना भयो ।त्यसकारण अब मार्क्सवादी दर्शनशास्त्रको मार्ग हुँदै वैज्ञानिक समाजवाद एवम् दार्शनिकीकरणको ससक्त अनिवार्य आवश्यक्ता र विकल्पको रूपमा खडा हुन पुग्यो ।

# सम्पूर्ण नेपाली आमाबुबा ,दाजुभाइ, दिदीबहिनीहरुलाई अखिल भारत नेपाली एकता समाजमा एकजुट हुन आव्हान गर्छु

## राम सिंह जि.एम, अखिल भारत नेपाली एकता समाज बेंग्लोरका संस्थापक सदस्य



***हजुर नमस्कार***

नमस्ते, राम सिंह जि ।

***सञ्चै हुनुहुन्छ ? स्वास्थ्य कस्तो छ ?***

म अहिले अलिकति ठिकै छु भनौं । अब बयासि( ८२) वर्ष लागेँ । बाहिर हिडडुल गर्न सकेको छैन, केही महिना पहिलेअस्वस्थ थिएँ । अहिले ठिकै छु, संगठनका कार्यक्रममा जाने सारै इच्छा हुन्छ तर स्वास्थ्यले गर्दा जान सकेको छैन ।

***हजुरको जन्म केहिले र कहाँ भएको थियो ?***

मेरो जन्म विक्रम संवत् २००१ साल माघ १ रुकुम पश्चिममा भएको हो ।मेरो नाम हिरामणि घर्ती मगर हो ।अहिले राम सिंह जि .यम. भनेर चिनिएको छु र हामी एक दाजु र एक दिदी हौं । म चाहिँ कान्छो भाइ हुँ र हामीहरू २०७८ सालमा नेपालगञ्ज बाके जिल्ला खजुरा बाग्यस्वरमा नम्बर २०,२१ मा बसाइँसराइ गरेपछि अहिले दाजुका छोराछोरी त्यहि बसेका छन । म सानै थिए आमाको मृत्यु भएको रहेछ । बुबाले दोस्रो विवाह गरेर भारत तर्फ लाग्नु भयो । मलाई मेरो कान्छा बुबाले पालनपोषण गरेको हो । दिदी भिनाले पालनपोषण गरेको हो । त्यसकारण मलाई आमाको नाम थाहा भएन फेरि म सानै उमेरमा प्रदेश लागे धेरै दुःख पाएँ । यो अहिले भनेर साध्य छैन । त्यस बेलाको पीडा मलाई मात्र थाहा छ ।

***तपाईं कहिले विदेशिनु भयो ?***

म सानै थिएँ सन १९५९ तिर हुन सक्छ । मेरो उमेर १२ वर्ष लगभग थियो । त्यो कसरी थाहा भयो भने म गाउँका साथीहरूसित भारत जान भनेर हिँडेको थिएँ । हिड्दा हिड्दै देहरादुन पुगेका रहेछौं देहरादुनमा हामीहरू रेल चढ्यौं । अरु दुई जनासित टिकट रहेनछ । मेरो टिकट काटेको रहेनछ । त्यसै बेला टिटि आयो र मलाई समातेर लग्यो र मलाई तिम्रो उमेर चेक गर्छु भन्यो अनि मलाई चेक गऱ्यो । अनि टिटिले तिमीलाई बाह्रवर्ष पुगेन भारतको कानुन अनुसार बाह्रवर्ष नपुगेपछि टिकट लाग्दैन भनेर छोडी दियो ।अरु थप भन्दा पहिला हरिद्वार दुइदिन पैदल हिडियो । त्यसपछि टेहरि गडवाल गएँ । त्यहाँ बुबासँग भेट भयो तर उहाँसित बस्न मन लागेन त्यसपछि बम्बई गएँ ।

***बेङ्गलोर कहिले आउनु भयो ?***

म बेङ्गलोर १० जुलाई १९६८ मा आएको हो । यहाँ मेरा मान्छे कोही थिएन । दुई महिना त्यसै गुजारा चलाए पछि दिदी भेना यतै रहेछन् ।उहाँसित भेट भयो उहाँले एउटा अपार्टमेन्टमा नोकरी लगाउनु भयो । जहाँ ९० रूपैया वेतन थियो ।केही महिना नोकरी गरेपछि करपोरेशन सरकारी नोकरी पाँए । त्यसबेला ७० रूपैया वेतन थियो । पछि स्थायी भए बल्ल रू ३५० रूपैया वेतन पाएँ ।

***विवाह कहिले र कसरी भयो ?***

मेरो विवाह यतैको केटीसँग १९७२ मार्चमा भएको थियो । त्यसपछि १२ डिसेम्बर १९८३ मा छोराको जन्म भयो । त्यसपछि ५ डिसेम्बर १९८८ मा छोरीको जन्म भयो ।त्यसपछि मेरो परिवारिक जीवन राम्रोसँग चलेको थियो तर मेरो परिवारमा एउटा दुःखद घटना भयो ।जुन ५ डिसेम्बर २०२० का दिन छोराको दुःखद निधन भयो । त्यसले मलाई धेरै कमजोर बनायो ।अहिले छोरीले मेरो रेखदेख गरकी छिन् । जे जस्तो भएपनि ठिकै छु भनौ ।

***अब केही समाजिक संगठन बारे कुरा गरौं । हजुर अखिल भारत नेपाली एकता समाजमा कहिले देखि लाग्नु भयो ?***

बेङ्गलोरमा अखिल भारत नेपाली एकता समाजको गठन अगष्ट १९८२ मा भएको थियो । धन बहादुर ढाँठको अध्यक्षतामा कबन पार्क लामो ढुङ्गामा भएको थियो । जसमा म पनि उपस्थित थिए । साथै नगर सदस्य भए अन्य साथीहरूका नाम भुलेछु । उक्त समिति गठन गर्दा बखत पाण्डेचेरीबाट होमनाथ शर्मा लगायत साथीहरूको विशेष उपस्थिति थियो । त्यसकारण मलाई बेङ्गलोरको संस्थापक सदस्य भन्ने गरेका छन् ।

१९८२ मा संगठन गठन भएपछि के कस्ता काम भए भनेर कुरा गर्दा यो निकै चुनौतीपूर्ण काम थियो । बेङ्गलोरमा संगठन गर्न धेरै अप्ठ्यारो थियो । नेपाली हरूलाई संगठित गर्न तर पछि सहज हुँदै गयो । किन भने अखिल भारत नेपाली एकता समाजको स्थापना ७ नोभेम्बर १९७९ बनारसमा भएको थियो । यो संगठन प्रवासमा रहेका आम श्रमजीवी नेपालीहरूको हकहितका लागि गठन भएको हुदा भारतमा रहेका सबै नेपालीहरूका दुख कष्ट एउटै भएकोले बेङ्गलोरमा काम गर्ने नेपालीहरूलाई सम्झाउदै संगठन निर्माण गर्दै गयौं र साथीहरू संगठित हुँदै गए । जब संगठन फराकिलो हुँदै गयो ।हामीहरूले रचनात्मक कार्यक्रम गर्दै गयौं । जस्तै खेलकुद ,हाजिरीजवाफ प्रतियोगिता, देउसी भैलो, तीज कार्यक्रम गर्दै जान थालियो र संगठन पनि मजबुत हुँदै भयो ।

***अहिलेका नेपालीहरू पहिलेका नेपालीहरूमा के फरक पाउनु भयो सांगठनिक रूपमा ?***

संगठन निर्माण गर्न पहिला धेरै कठिनाइ थियो तरपनि पहिलेका नेपालीहरूमा धेरै माया प्रेम थियो ।एक चोटि भेटघाट भयो भने गाउँ घरका कुरा गर्दा आँखाबाट आँसु झार्थे । धेरै नजिक आउथे नेपालमा पञ्चायती तानाशाही व्यवस्था थियो । बोल्न पाउदैन थिए । गाँस बास कपासको निकै कठिनाइ थियो । नेपालीहरू भारत आएपछि अखिल भारत नेपाली एकता समाज छ भन्ने कुरा थाहा भयो । साथै अन्याय अत्याचारका विरुद्ध एकजुट हुन एकता समाजले सिकाउँदै लगेको हुनाले भारतमा हाम्रो संगठन विशाल बन्दै गयो । दोस्रो कुरा अहिले नेपालीहरू पैसा कमाउनका लागि आफ्नै काममा व्यस्त भएकाछन् । नेपालमा पनि केही परिवर्तन आयो यता पनि धेरै संगठन भए । त्यस कारण संगठनमा संगठित गराउन धेरै समस्या हुँदै गएको छ ।

***विदेशी भूमिमा नेपालीहरूले के गर्नु पर्छ थप केही भन्नु हुन्छ कि ?***


प्रवासमा नेपालीहरूको आफ्नो भन्ने कोही छैन साथै हाम्रो देशमा रोजगारी छैन । त्यसकारण नेपाली युवाहरू दिनप्रतिदिन विदेशिन बाध्य भएका छन । यी युवाहरूलाई हामीहरूले अखिल भारत नेपाली एकता समाजको झण्डामुनि गोलबन्द गराउन पर्दछ । उनीहरूलाई गलत बाटोमा जानबाट रोक्न पर्दछ । साथै महिला दिदीबहिनीहरूलाई यस संगठनमा संगठित गर्नु पर्दछ । उहाँहरूको चेतनाको विकास गर्नु पर्दछ ।संगठन छैन भने हाम्रो आवाज उठाउने ठाउँ हुँदैन । एक्लिँदै गएपछि हाम्रो कुरा कसैले सुन्दैन । त्यसकारण सामुहिक भएर बुलन्द आवाज गरौं । भारत भरि छरिएर रहेका सम्पूर्ण नेपाली आमाबुबा दाजुभाइ दिदीबहिनीहरूलाई अखिल भारत नेपाली एकता समाजमा एकजुट हुन आव्हान गर्छु ।

***अन्तमा हाँक साप्ताहिक पत्रिका बारे केही भन्नु हुन्छ कि ?***

यस साप्ताहिक पत्रिका धेरै पुरानो पत्रिका हो । यो पत्रिका समाचार मुलुक नभएर विचारमुलक पत्रिका हो ।यसलाई कहिलै बन्द हुन नदिनु ।म यो पत्रिका फलोस् फुलोस् । सधैंभरि अन्यायका विरुद्ध आफ्नो कलम चलाइ रहोस् भन्दै यो पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

*प्रस्तुति : अखिल भारत नेपाली एकता समाज केन्द्रीय सचिव राम सिह वि.क. ,मिति :२०८३ साउन १९ ,वेङ्लोर*

# मार्क्सवादको विकास, रक्षा र प्रयोगको प्रश्न



● हस्तबहादुर के.सी. ●

मार्क्सवाद भनेको के हो ? यसको विकास प्रक्रिया के-कस्ता चरणहरू पार गर्दै अगाडि बढिहरहेको छ। मार्क्सवादको ऐतिहासिक कार्यभार के हो ? आजको युगमा मार्क्सवादको आवश्यकता कति बढिरहेको छ ? यसको विकास, प्रयोग र रक्षा कसरी गर्न सकिन्छ ? भन्ने विषयमा यस दार्शनिक आलेखमा प्रकाश पार्ने प्रयत्न गएिको छ ।

सन् १८४७ नोभेम्बरमा लन्डनमा कम्युनिस्ट लिगको दोस्रो कंग्रेसको आयोजना गरिएको थियो। उक्त कंग्रेसमा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स सहभागी हुनुभएको थियो । कम्युनिस्ट लिगको उक्त दोस्रो कंग्रेसले मार्क्स र एङ्गेल्सलाई कम्युनिस्ट घोषणापत्रको मस्यौदा तयार पार्ने जिम्मा दिएको थियो । मार्क्स र एङ्गेल्सले एक वर्ष लगाएर कम्युनिस्ट घोषणापत्रको मस्यौदा तयार पार्नुभयो र सन् १८४८ फेब्रुअरी १२ का दिन विश्वविख्यात कम्युनिस्ट घोषणापत्र जारी गर्नुभयो जो समग्रमा मार्क्सवादका रूपमा प्रतिपादित हुन पुग्यो र मार्क्सवाद विश्व सर्वहारावर्गको मुक्तिको सैद्धान्तिक अस्त्र बन्न पुग्यो ।

मार्क्सवाद सर्वहारा क्रान्तिको विज्ञान हो । यो पुँजीवादको प्रारम्भिक अवस्थामा विकसित भएको हो। अर्थात यसका दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवाद गरी तीन सङ्घटक अङ्ग रहेका छन् । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्गसङ्घर्ष तथा इतिहासमा बल प्रयोगको भूमिका र वैज्ञानिक समाजवाद तथा साम्यवाद यसका आधारभूत मान्यता हुन् ।" त्यस्तै प्रकृति, समाज, राज्य व्यवस्था आदिबारे कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले महान् खोज र प्रयोगद्वारा निकाल्नुभएको वैज्ञानिक तथा क्रान्तिकारी विचार, सिद्धान्त र व्यवहारलाई मार्क्सवाद भनिन्छ । मार्क्सवादले पुँजीपति वर्गको राज्य व्यवस्थालाई ध्वस्त पारी त्यस ठाउँमा सर्वहारा श्रमजीविवर्गको राज्य व्यवस्था स्थापना गर्ने सही तथा क्रान्तिकारी बाटो देखाउँछ। मार्क्सवादको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो। यो दर्शनको सिद्धान्त भौतिकवाद हो ।

***मार्क्सवादी चरण***

मार्क्सवादको अहिले मार्क्सवाद-लेनिनवाद-माओवादमा गरी तीन गुणात्मक चरणमा विकसित भइसकेको छ । मार्क्सवादको बारेमा माथि नै बताइएको छ। लेनिनको भनाइ अनुसार मार्क्सवाद भनेको मार्क्सका विचार उनका शिक्षाको व्यवस्थित शृङ्खला हो। मार्क्सवादको निर्माण दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवादका तीन सङ्घटक तत्वहरूको संश्लेषणबाट भएको छ । मार्क्सवादको दर्शन द्वन्द्वात्मक तथा भौतिकवादी दर्शन हो । यसले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्छ । यसले चेतनालाई वस्तुजगत्को आत्मिक प्रतिबिम्बन मान्दछ र विश्वलाई बोधगम्य बताउँछ। मार्क्सवादी दर्शनको पद्धति द्वन्द्वात्मक हो । मार्क्सको राजनीतिक अर्थशास्त्र श्रमको मूल्य सिद्धान्त र अतिरिक्त मूल्यको सिद्धान्तमा आधारित रहेको छ। मार्क्सको वैज्ञानिक समाजवाद वर्गसङ्घर्ष, इतिहासमा बल प्रयोगको भूमिका, सर्वहारावर्गको अधिनायकत्व र साम्यवादका आधारभूत मान्यताद्वारा निर्मित भएको हो ।

***लेनिनवादी चरण***

मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरण लेनिनवाद हो । पुँजीवादले साम्राज्यवादमा प्रवेश गर्नु, उत्पादक शक्ति, सर्वहारा आन्दोलन तथा ज्ञान-विज्ञानका विविध क्षेत्रमा थप प्रगति हुँदै जानु र यस प्रकारको नयाँ परिस्थिति अनुरूप मार्क्सवादलाई नयाँ उचाइमा विकसित गर्नुपर्ने ऐतिहासिक आवश्यकताका बिचबाट लेनिनवादको जन्म भएको हो । साम्राज्यवाद र संशोधनवादको चिरफार गर्दै क्रान्तिका कामहरूलाई अगाडि बढाउनुपर्ने आवश्यकताको परिपूर्ति लेनिनवादबाट भयो ।" लेनिनले सुरूमा सन् १९१७ मा महान् अक्टुबर समाजवादी क्रान्ति सम्पन्न गरेर मार्क्सवादको सफल प्रयोग गर्नुभयो । यसैक्रममा लेनिनले सन् १९१९ मा तेस्रो अन्तर्राष्ट्रियको गठन गर्नुभयो । लेनिनवादका बारेमा स्टालिन भन्नुहुन्छ- 'लेनिनवाद भनेको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो । अझ खसोखास भन्ने हो भने लेनिनवाद भनेको सामान्यतः सर्वहारा क्रान्तिको सिद्धान्त तथा कार्यनीति विशेषतः सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्त र कार्यनीति हो ।

लेनिनवादका शिक्षाका बारेमा माओले भन्नुहुन्छ- "लेनिनवादको सिद्धान्तले मार्क्सवादको विकास गरेको छ । यो कुन कुराको सन्दर्भमा भएको छ भने प्रथमतः विश्वदृष्टिकोणमा, भौतिकवाद र द्वन्द्ववादमा द्वन्द्वात्मक क्रान्तिकारी सिद्धान्त र कार्यनीतिमा विशेषतः वर्गसङ्घर्ष सर्वहारावर्गको अधिनायकत्व र सर्वहारावर्गको राजनीतिक पार्टीका प्रश्नहरूमा र यसका साथै समाजवादी निर्माणमा लेनिनका शिक्षाहरू रहेका छन् । अन्ततः मार्क्सवादी-लेनिनवादीविश्वदृष्टिकोणलाई क्रान्तिको कार्यदिशासँग गाँस्ने वर्गदुश्मन तथा संशोधनवादका विरूद्ध वर्गसङ्घर्ष र दुईलाइन सङ्घर्षका समस्याहरूको समाधान गर्दै समाजवादको स्थापना तथा निर्माण गर्नेक्रममा लेनिनको भूमिका अद्वितीय रहेको छ ।"

***माओवादी चरण***

मार्क्सवाद लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण माओवाद हो। सामन्तवादी-साम्राज्यवादी शोषणको दोहोरो उत्पीडनबाट आक्रान्त, अविकसित देशहरूमा क्रान्तिका समस्याहरूको समाधान गरिनुपर्ने, सन् १९५३ मा स्टालिनको मृत्यु पश्चात रूस एवम् पूर्वी यूरोपका कैयौं देशहरूमा पुँजीवादको पुनर्स्थापनाका कारणहरूको खोज गरी त्यसबाट शिक्षा लिनुपर्ने तथा त्यसबाट उत्पन्न समाजवादी समाजका अन्तर्विरोधहरूको समाधान गर्नुपर्ने र आधुनिक संशोधनवादका विरूद्धको लडाइँ लड्नुपर्ने ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा माओद्वारा मार्क्सवाद-लेनिनवादको थप परिमार्जन तथा विकास गरी त्यसलाई मार्क्सवाद-लेनिनवादको तेस्रो, नयाँ र गुणात्मक उचाइमा पुऱ्याउने काम भयो । माओवाद भनेका मुख्यतः महान् सर्वहारा सांस्कृतिक क्रान्ति अथवा सर्वहारा वर्गको अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्त हो ।

द्वन्द्वात्मक भौतिकवादको सारतत्वको रूपमा अन्तर्विरोधको नियम, विपरीतहरूको एकताको नियमको उद्घाटन र व्याख्या एकको दुईमा विभाजन हुन्छ भन्ने कुराको समृद्ध व्याख्या र प्रयोग ज्ञान-सिद्धान्तको क्षेत्रमा पदार्थको चेतना र चेतनाको पदार्थमा रूपान्तरणको दुई छलाङ्गो सिद्धान्तको विकास र व्याख्या, आधार र उपरीसंरचना, उत्पादक शक्ति र उत्पादन सम्बन्ध, सिद्धान्त र व्यवहारबीचको द्वन्द्वात्मक सम्बन्धको व्याख्या, विवेचना र परिमार्जन, नयाँ जनवाद, दीर्घकालीन जनयुद्ध, नोकरशाही पुँजीवाद, सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्तिको निरन्तरताको सिद्धान्त तथा महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सिद्धान्तको प्रतिपादन तथा प्रयोग, वर्ग सङ्घर्षलाई मुख्य कडी मान्ने, दर्शनलाई जनसमुदायमा पुऱ्याउनुपर्ने कुरामा जोड, विश्वदृष्टिकोण र कार्यदिशा बिचको अन्तर्सम्बन्धको प्रस्तुति, वर्गसङ्घर्ष तथा दुईलाइन सङ्घर्षको समस्याहरूको समाधानका लागि रणनीति तथा तथा कार्यनीतिको विकास र संशोधनवादका विरूद्ध निर्मम सङ्घर्ष आदिमा माओको योगदान अद्वितीय रहेको छ । अतः मार्क्सवाद-लेनिनवाद-माओवाद आज विश्वसर्वहारावर्गको मुक्तिको सैद्धान्तिक अस्त्र र पथप्रदर्शक सिद्धान्त बन्न पुगेको छ। मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो पथप्रदर्शक सिद्धान्त स्वीकार नगर्नेहरू सच्चा क्रान्तिकारी कम्युनिस्ट नै बन्नसक्दैनन्।मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो पार्टीको मार्गदर्शक सिद्धान्त र पथप्रदर्शक सिद्धान्त नबनाउने पार्टीहरू क्रान्तिकारी पार्टी बन्नै सक्दैनन् ।

माओले दर्शनको फाँटमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ । उहाँले 'व्यवहारबारे', 'अन्तविरोधबारे', 'जनताको बीचका अन्तविरोधहरूको सही सञ्चालन' 'सही विचार कहाँबाट आउछन्' जस्ता महत्वपूर्ण रचनाहरू रच्नु भई दर्शनलाई नयाँ उचाई प्रदान गर्नु भएको छ । साथै माओले दर्शनको विकास प्रतिक्रियावाद तथा संशोधनवादका विरूद्धको संघर्ष र जनवादी तथा समाजवादी क्रान्तिको सन्दर्भमा आधारित रहेको हुन्छ भन्नु भएको छ।आदर्शवाद तथा अधिभूतवाद र जडसूत्रवाद तथा अनुभववादको विरोध गर्दै माओले ज्ञान-सिद्धान्तको क्षेत्रमा भौतिकवादी द्वन्द्ववादलाई माथि उठाउन महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ ।

कार्ल मार्क्स (१८१८ - १८८३) र फ्रेडरिक एंगेल्स (१८२० - १८९५) मार्क्सवादी दर्शनका संस्थापक हुनुहुन्छ । १९औं शताब्दीको पूर्वार्द्धमा जब पुँजीवादी समाजमा पुँजीपति र सर्वहारावर्ग बीचमा वर्गसंघर्षको अवस्था, प्रकृति विज्ञानका नयाँ खोजहरू र जर्मनशास्त्रीय दर्शन, इङ्गल्यान्डको राजनीतिक अर्थशास्त्र र फ्रान्सको समाजवाद, मार्क्सवादको जन्मका भौतिक तथा सैद्धान्तिक आधार बन्न पुग्दछन् । खासमा पुँजीवादी दर्शनमा काण्टदेखि लिएर हेगेल एवं फायरबाखसम्म आउँदा दर्शनमा जुन समस्या पैदा भएका थिए, मार्क्स र एंगेल्सले तिनको समाधान वैज्ञानिक ढङ्गले गर्नुभयो । मार्क्सवादी दर्शनको नाम द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद हो । मार्क्सवाद सर्वहारावर्गको समग्र विचारधारा हो । दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवाद तीन तत्व मिलेर मार्क्सवाद बन्दछ। वर्गसंघर्ष, इतिहासमा बलप्रयोगको भूमिका, सर्वहारावर्गको अधिनायकत्व, साम्यवाद मार्क्सवादको इतिहास मीमांसाका मूल विषय हुन् ।

दर्शनशास्त्रको वैज्ञानिक अध्ययनका लागि मौलिक प्रश्नको समस्या सही ढङ्गले हल गर्न, द्वन्द्ववाद र भौतिकवादलाई एकै ठाउँमा मिलाई द्वन्द्वात्मक भौतिकवादी दर्शनको स्थापना गर्नु समाजवादको विचारधारालाई केन्द्रविन्दुमा राखी भौतिकवादको सिद्धान्त र द्वन्द्ववादको पद्धति अवलम्बन गरी नयाँ दार्शनिक प्रणालीको निर्माण गर्नु मार्क्सवादी दर्शनका मूलभूत विशेषता हुन् ।

माथि नै विश्लेषण गरिएको छ कि माक्सवाद विश्वसर्वहारा क्रान्तिको विज्ञान हो । यसले मार्क्सवादको विकासको चरण पार गर्दै लेनिनवाद हुँदै माओवादसम्म विचारको विकास गरिसकेको छ । र, आज साम्यवाद र विश्व सर्वहारा क्रान्तिको पथप्रदर्शक मार्गदर्शक सिद्धान्त बन्न पुगेको छ। आज मार्क्सवादको प्रतिपादन भएको १७८ पार भइसकेको छ । यस लामो ऐतिहासिक अवधिमा मार्क्सवादको अवसरवाद, अराजकतावाद, संशोधनवाद र सबै खाले प्रतिक्रियावादका विरुद्ध भीषण वैचारिक संघर्ष गर्दै यहाँ आइपुगेको छ । यसबीचमा पेरिस कम्युन, महान् अक्टुबर समाजवादी क्रान्ति, महान् चिनियाँ नयाँ जनवादी क्रान्ति कोरियन तथा भियतनामी क्रान्ति हुँदै क्युबाली क्रान्तिहरू सफलतापूर्वक सम्पन्न भएर विश्व जनसंख्याको आधा संख्या भन्दा बढी जनता मार्क्सवादको झन्डामुनि (कम्युनिस्ट) शासनमुनि गोलबन्द भइसकेका थिए । तर पेरिस कम्युन हुँदै रुस, चीन, कोरिया, भियतनाम लगायत संसारभर सञ्चालन भएका समाजवादी देशहरूमा प्रतिक्रान्ति भएपश्चात् विश्व समाजवादी शिविर आज रक्षात्मक अवस्थामा पुगेको छ । यति भएर पनि आजको साम्राज्यवाद र विश्व सर्वहारा वर्गबीच भीषण वर्गसंघर्ष भइरहेको वर्तमान युगमा मार्क्सवाद (मालेमावाद) को आवश्यकता, औचित्यता र सान्दर्भिकता झनै बढेर गएको छ । किन आज मार्क्सवादलाई विज्ञानका क्षेत्रमा भएको प्रचुर विकासलाई जोडेर मार्क्सवादको विकास, प्रयोग र रक्षा गर्नुपर्ने भएकोले मार्क्सवादको आवश्यकता झनै बढेर गएको छ ।

मार्क्सवाद एक गतिशील विज्ञान भएकोले परिवर्तित समयको गतिशीलतासँग आ-आफ्ना देशको वस्तुगत परिस्थिति र आत्मगत शक्तिका आधारमा लागु गरेर मात्र मार्क्सवादको विकास, रक्षा र प्रयोग गर्न सकिन्छ । किनकि मार्क्सवादको ऐतिहासिक कार्यभार वर्गविहीन, राज्यविहीन, मान्छेले मान्छेमाथि गरिने सबै खाले शोषण र उत्पीडनको अन्त्य गरिएको समानतामूलक नौलो संसारको रूपमा रहेको वैज्ञानिक साम्यवादको निर्णय गर्नु रहेको छ। यसको कार्यकारी ऐतिहासिक दायित्व विश्व सर्वहारावर्गले अनिवार्य रूपमा पूरा गर्नुपर्ने छ । वैज्ञानिक साम्यवादको निर्माण अवश्यम्भावी छ ।

## सुनसरीबाट...

सहित स्थानीय विवाद राष्ट्रिय बहसको विषय बन्न पुग्यो ।उक्त घटनामा घाइते भएका देवगन्ज - ३ का २० वर्षीय जयप्रकाश मेहताको उपचारको क्रममा अर्को दिन मृत्यु भयो ।आन्दोलन फैलिँदै जादा श्रावण १४ गते सिराहा जिल्लाको गोलबजारकोऔरही क्षेत्रमा तुल्सिपुरका गणेश यादवको सुरक्षाकर्मीको गोली लागेर घटना स्थल मै मृत्यु भएको छ ।

***३. आन्दोलनको नयाँ मोड***

यसरी आन्दोलनको क्रममा १० गते भएको ओमप्रकाश मेहताको मृत्युले गर्दा ११ गते नै आन्दोलनले नयाँ मोड लियो ।सुरक्षाकर्मीको गोली लागेर युवकको मृत्यु भएपछि स्थानीय जनआक्रोश तीव्र बन्यो । मृतकका आफन्त, स्थानीय बासिन्दा तथा विभिन्न सामाजिक- धार्मिक समूहले घटनालाई केवल सुरक्षा व्यवस्थाको असफलताको रूपमा हेर्न थाले । तर यो घटना सुरक्षा ब्यवस्थाको असफलता मात्र नभई राज्यको उत्तरदायित्वसँग जोडेर हेर्नु पर्दछ । घटनास्थलमा नाराबाजी, विरोध प्रदर्शन र सडक अवरोध सुरु भए । स्थिति झन् जटिल बन्दै गएपछि जिल्ला प्रशासनले संवेदनशील क्षेत्रमा कर्फ्यु जारी गऱ्यो । नेपाल प्रहरी, सशस्त्र प्रहरीसँगै नेपाली सेना पनि परिचालन गरियो । विद्यालय बन्द भए । व्यापार-व्यवसाय ठप्प भयो । सार्वजनिक यातायात प्रभावित भयो । दैनिक ज्यालादारी गर्ने मजदुरदेखि साना व्यवसायीसम्म प्रत्यक्ष मारमा परेका छन् । एउटा स्थानीय विवादले केही घण्टामै जिल्लाको संपूर्ण जनजीवन प्रभावित बनाई जटिल अवस्थामा पुऱ्याएको छ । त्यसैले यो विवादको विषय राज्यको उत्तरदायीत्वसँग संबंधित छ ।

***४.सरकारको प्रारम्भिक प्रतिक्रिया***

घटनाको गाम्भीर्यतालाई मध्यनजर गर्दै गृह मन्त्रालयले तत्काल सुरक्षा अवस्थाको समीक्षा गऱ्यो । सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख तथा केही सुरक्षा अधिकारीलाई जिम्मेवारीबाट हटाइयो । घटनाको सत्यतथ्य पत्ता लगाउन उच्चस्तरीय छानबिन समिति गठन गरियो । सरकारले सार्वजनिक रूपमा शान्ति कायम राख्न सबै पक्षसँग संयम अपनाउन आग्रह गऱ्यो । तर अर्को पक्षले प्रश्न उठायो—यदि स्थानीय विवाद प्रारम्भमै प्रभावकारी रूपमा व्यवस्थापन गरिएको भए, के गोली चलाउनुपर्ने अवस्था आउँथ्यो? यदि सुरक्षाकर्मीले बल प्रयोगका वैकल्पिक उपाय अपनाएको भए, के अहिलेसम्म ती युवा नागरिकहरूको ज्यान जान्थ्यो ? यिनै प्रश्नहरू अहिले पनि सार्वजनिक बहसको केन्द्रमा छन् ।

***५.आन्दोलन सुनसरीमै सीमित रहेन***

मृत्युको खबर फैलिनासाथ विरोधका स्वर अन्य जिल्लामा पनि सुनिन थाले । सुनसरीसँगै मोरङ, सिराहा र मधेश प्रदेशका केही भागमा प्रदर्शनहरू भए । रूपन्देही लगायत अन्य केही जिल्लाहरूमा सद्भाव ऱ्यालीहरू पनि भए । केही स्थानमा पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरियो । आन्दोलनकारीहरूले निष्पक्ष छानबिन, दोषीमाथि कारबाही, पीडित परिवारलाई क्षतिपूर्ति तथा गोली चलाउने निर्णयको जवाफदेहिता माग गरे ।

कतिपय स्थानमा आन्दोलन शान्तिपूर्ण रूपमा सम्पन्न भयो भने केही ठाउँमा टायर बाल्ने, सडक अवरोध गर्ने तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने घटना पनि सार्वजनिक भए । यस्ता हिंसात्मक गतिविधिले आन्दोलनको मूल उद्देश्यलाई नै कमजोर बनाउने खतरा सिर्जना गऱ्यो । लोकतान्त्रिक समाजमा विरोध प्रदर्शन गर्नु नागरिकको अधिकार हो, तर हिंसा र सार्वजनिक सम्पत्तिमाथिको आक्रमणलाई कुनै पनि दृष्टिले उचित ठहर्याउन सकिँदैन ।

***६.सामाजिक सञ्जालको चुनौती***

यस घटनाले अर्को गम्भीर पक्ष पनि उजागर गरेको छ । सामाजिक सञ्जालमा अपुष्ट भिडियो, पुराना तस्वीर र उत्तेजक सन्देश तीव्र रूपमा फैलिन थाले । ती मध्ये केही सामग्री वास्तविक घटनासँग सम्बन्धित थिएनन्, तर तिनले जनभावनालाई थप उत्तेजित बनाइदिए । यस्ता अफवाहहरूले प्रशासनको काम कठिन बनाउनुका साथै समुदायबीचको अविश्वास अझ बढाइदियो ।यही कारण आधुनिक द्वन्द्व केवल सडकमा मात्र होइन, मोबाइलको पर्दामा पनि देखिने अवस्था बनेको छ । त्यसैले सूचना व्यवस्थापन, तथ्यको छिटो सार्वजनिकीकरण र अफवाह नियन्त्रण आजको राज्यका लागि सुरक्षा व्यवस्थाकै महत्वपूर्ण पक्ष बनेका छन् ।

***७.अब प्रश्न के हो ?***

आजको मुख्य प्रश्न केवल "गोली कसले चलायो ?" भन्ने होइन । अझ गम्भीर प्रश्नहरू छन्

- एउटा सामान्य स्थानीय विवाद किन र कसरी केही घण्टा मै हिंसात्मक र साम्प्रदायिक तनावमा बदलियो?
- प्रशासनले प्रारम्भिक चरणमै मध्यस्थता गर्न किन सकेन?
- समुदायबीचको संवाद किन कमजोर भयो?
- सामाजिक सञ्जालका अफवाहहरू किन यति प्रभावकारी बने ?
- दुई समुदायबीचको भीडन्तमा सुरक्षाकर्मीको गोली किन र कसरी एक पक्षलाई मात्र लाग्यो ? र
- सबैभन्दा महत्वपूर्ण—यस्ता घटना फेरि नदोहोरिने आधार कसरी तयार गर्ने?

त्यसैले अब यिनै प्रश्नहरूको उत्तर खोज्नु नै अब राज्य, समाज र राजनीतिक नेतृत्वको साझा जिम्मेवारी बनेको छ ।

***८. आन्दोलनको विस्तार र समाधानको मार्ग***

सुनसरीको देवानगञ्जबाट सुरु भएको हिंसात्मक घटनाले केही दिनभित्रै स्थानीय सीमाना पार गर्दै मधेश प्रदेशका विभिन्न जिल्लालाई समेत प्रभावित गऱ्यो । सप्तरी, सिराहा, धनुषा, महोत्तरी ,वीरगंज, बिराटनगर र पर्सासम्म विरोध प्रदर्शन फैलिएको छ । समाधान हुन नसकेमा यो समस्याले देशैभरी फैलिएर भयानक रूप लिन पनि सक्ने सम्भावना बढेर गएको छ । कतिपय स्थानमा प्रशासनले कर्फ्यु जारी गर्नुपऱ्यो, सुरक्षा परिचालन बढाउनुपऱ्यो र सार्वजनिक जीवन प्रभावित भयो । आन्दोलन विस्तारसँगै प्रहरीको गोलीबाट थप मानवीय क्षति भएको समाचार सार्वजनिक भएपछि घटनाले अझ गम्भीर रूप लिँदै गएको छ ।

यस घटनाले एउटा स्पष्ट सन्देश दिएको छ ।स्थानीय विवाद शीघ्रातिशीघ्र सम्बोधन गर्न नसकिए त्यसले केही छोटो अवधिमै राष्ट्रिय सुरक्षा, सामाजिक सद्भाव र राजनीतिक स्थिरतासमेत गम्भीर चुनौतीको विषय बन्न सक्छ । त्यसैले यथाशीघ्र समाधानको मार्ग पहिचान गरी समाधानको बाटो पछ्याउनु बाहेक अन्य कुनै बिकल्प छैन ।

***९.आन्दोलन किन फैलियो ?***

साम्प्रदायिक तनाव केवल एउटा घटनाबाट मात्र उत्पन्न हुँदैन । त्यसका पछाडि अविश्वास, अफवाह, राजनीतिक ध्रुवीकरण, कमजोर संवाद र प्रशासनिक संवेदनशीलताको कमी जस्ता अन्य धेरै कारण हुन्छन् ।

सुनसरी घटनापछि सामाजिक सञ्जालमा असत्य, अपुष्ट र उत्तेजक सामग्री तीव्र रूपमा फैलियो । कतिपय पुराना भिडियो र तस्वीरलाई नयाँ घटनाका रूपमा प्रस्तुत गरियो । भावनालाई उक्साउने भाषाले समुदायबीचको दूरी बढायो । यस्ता सूचनाले शान्तिपूर्ण विरोधलाई पनि उग्र बनाउने वातावरण सिर्जना गऱ्यो । यसले सूचना व्यवस्थापन र तथ्यहरूको शीघ्र सार्वजनिकीकरण गर्ने कार्यले राज्यका लागि सुरक्षा व्यवस्थाकै एउटा महत्वपूर्ण अंग भएको पुष्टि गरिदियो ।

***१०.सरकारको भूमिका : उपलब्धि र कमजोरी***

सरकारले घटनापछि प्रारम्भिक चरणमै बल परिचालन गऱ्यो, कर्फ्यु जारी गऱ्यो, छानबिन समिति गठन गऱ्यो र केही सम्बन्धित सुरक्षा तथा प्रशासनिक अधिकारीहरूलाई जिम्मेवारीबाट हटायो । यी कदम विवाद सुरु भइसकेपछि तत्कालीन परिस्थितिमा यति मै प्रश्न समाप्त हुँदैन र सरकारको जिम्मेवारी पूरा हुँदैन । सरकारले घटना सुरु नहोस् भनेर गरिने पूर्वाधार तयारीमा ध्यान दिएको भए बल प्रयोग ,कर्फ्यु जारी र सम्बन्धित अधिकारीहरूलाई जिम्मेवारीबाट हटाउनु पर्ने थिएन । घटना फैलिँदै जाँदा विभिन्न सुरक्षाविज्ञ, मानवअधिकारकर्मी तथा प्रतिपक्षी दलहरूले पनि सरकारको राजनीतिक नेतृत्व ढिलो सक्रिय भएको, स्थानीय समुदायसँग तत्काल संवाद नगरेको र प्रारम्भिक चरणमै विश्वास निर्माण गर्न नसकेको टिप्पणी गरेका छन् । संसदमा समेत निष्पक्ष अनुसन्धान, पीडितलाई न्याय र सरकारको जवाफदेहिताबारे प्रश्न उठाइयो ।यी प्रश्नहरू उठाउनको लागि प्रशस्त वातावरण बन्यो । दङ्गा नियन्त्रण ब्यवस्थापनको पूर्व तयारी ब्यवस्थितरूपले गरेको भए यो घटना हुने थिएन ।

यसबाट एउटा महत्वपूर्ण पाठ सिक्नुपर्ने हुन्छ—साम्प्रदायिक तनावको नियन्त्रण र ब्यवस्थापनको पूर्व तयारी हुनुपर्छ र समस्या आएपछि समाधान केवल कर्फ्यु, निषेधाज्ञा वा सुरक्षा परिचालनले मात्र सम्भव हुँदैन । राजनीतिक नेतृत्व,स्थानीय जनप्रतिनिधि, धार्मिक अगुवा, नागरिक समाज र प्रशासन एकैसाथ सक्रिय हुनुपर्छ ।

***११.राज्यको परीक्षा : सरकार कहाँ सफल, कहाँ असफल ?***

सुनसरीको घटनाले केवल दुई समुदायबीचको तनावलाई मात्र उजागर गरेको छैन; यसले नेपालको राज्यसत्ताको क्षमता, निष्पक्षता र विश्वंसनीयताको पनि कठोर परीक्षा लिएको छ । कुनै पनि लोकतान्त्रिक राज्यको पहिलो दायित्व नागरिकको जीवन, सम्पत्ति, र संवैधानिक अधिकारको रक्षा गर्नु हो । जब एउटा सामान्य स्थानीय विवाद नियन्त्रणभन्दा बाहिर पुगेर मानवीय क्षति, साम्प्रदायिक अविश्वास र राष्ट्रिय तनावमा परिणत हुन्छ, तब त्यो घटनाले राज्यका सबै संयन्त्रलाई प्रश्नको घेरामा उभ्याउँछ ।


राज्यको पहिलो परीक्षा थियो—तनाव बढ्नुअघि नै स्थानीय विवादलाई संवाद र मध्यस्थताबाट समाधान गर्न सक्यो कि सकेन? यदि प्रारम्भिक चेतावनीका संकेतहरू थिए भने तिनलाई समयमै किन सम्बोधन गरिएन? स्थानीय प्रशासन, जनप्रतिनिधि, सुरक्षा निकाय र समुदायबीचको समन्वय किन प्रभावकारी बन्न सकेन?

दोस्रो परीक्षा थियो—बल प्रयोगको वैधानिकता र अनुपातिकता । सुरक्षाकर्मीले जनताको ज्यान जोगाउन आवश्यक न्यूनतम बल प्रयोग गऱ्यो वा अत्यधिक बल प्रयोग भयो भन्ने विषय निष्पक्ष अनुसन्धानबाट मात्र टुङ्गिनुपर्छ । यदि कानूनविपरीत बल प्रयोग भएको प्रमाणित हुन्छ भने राज्यले आफ्नै अधिकारीमाथि पनि समान रूपमा कानून लागू गर्न सक्नुपर्छ । यही नै विधिको शासन (च्गभि या ितध) को वास्तविक अर्थ हो ।

***तेस्रो परीक्षा थियो–घटनापछिको राजनीतिक नेतृत्व ।***

संकटका बेला सरकार केवल सुरक्षा परिचालन गर्ने निकाय मात्र होइन;सरकार जनविश्वास कायम गर्ने नेतृत्व पनि हो । पीडित समुदाय, आन्दोलनकारी, धार्मिक अगुवा र नागरिक समाजसँग विश्वाँस निर्माण गर्ने संवाद जति छिटो र बाँकी ६ पेजमा

# थरीथरीका जिम्मालहरू



● मोदनाथ मरहट्टा ●

हाम्रा पूर्खाहरूले विभिन्न कालखण्डमा थरीथरीका शोषणको सहन गर्दै आएका थिए । मल्लकालदेखि शाहकाल, राणाकाल र पञ्चायतीकालसम्म आउँदा मौजा वा प्रगन्नामा गौंडा वा जिल्लाका तालुकी अड्डाहरूले विभिन्न कर उठाई राज्यकोषमा दाखिला गराउन थरीथरीका मुखिया, अमाली, पटुवारी, जमिन्दार र जिम्मालको नियुक्ति गर्दथे । तालुकदारी या जिम्माली प्रथा मध्यकालमा व्यापक थियो र सो व्यवस्था सामन्ती व्यवस्था थियो । उनीहरूको निश्चित क्षेत्र तोकिएको हुन्थ्यो । जनता सबै रैति मानिन्थे । उनीहरूले जनतासित कुतका अतिरिक्त बेठी, झारा र कोशेली समेत लिने गर्दथे । चाडपर्व बिहे बटुलमा उनीहरू मुख्य पाहुनाको रूपमा सम्मानित हुन्थे । चर्को ब्याजमा ऋण लगानी गर्दथे । मौजाका किसानहरूको अब्बल उत्पादनमा पहिले उनीहरूको हकदाबी लाग्थ्यो । समाजमा घटेका कुनै घटनाको छानबिन, न्यायनिसाफ पनि तिनै जिम्माल मुखियाहरूको विवेकमा हुन्थ्यो । नीच प्रकारको उग्र शोषण थियो । राज्यको केन्द्र वा शाखा अड्डाले लालमोहर थमाइदिएपछि उनीहरूको शानसौकात छोइनसक्नुको हुन्थ्यो । उनीहरूका महल दरबार सरहका हुन्थे । उनीहरूलाई कसैको थातबास उठाउन समेतको हैसियत राज्यले दिलाएको थियो । जनताका छोरी, बुहारीमाथि उनीहरूले निर्लज्ज दमन शोषण र हिँसा समेत गर्दथे । त्यो शामन्तकालिन व्यवस्था बिस्तारै हराउँदै गयो तर रूपमा फेरिए पनि सारमा हुकुम रबाफ भने कायमै रह्यो ।

त्यतिबेलाको जस्तो जिम्माली प्रथा त हराएर गयो तर युग बदलिए पनि आजको समाजमा त्यो प्रथाको अवशेष विभिन्नरूपले देखिएको छ । केही मानिसमा आफु प्रभावशाली हुँ भन्ने दम्भ रहेको हुन्छ । जब कसैले आफ्नो धन, शिक्षा, राजनीतिक पहुँच सर्वशक्ति हो भन्ने सम्झन्छ अनि दम्भ देखापर्छ । एकपटक म नेपालकै जेठो अस्पतालको बिरामी दर्ता कक्षमा पुगेर नाम दर्ताको लागि अनुरोध गरेँ । लामो ढड्डा लिएर बिराजमान ती कारिन्दाले बिरामीको नाम सोधे । मैले मोदनाथ मरहट्टा भनें । चस्मा नाकको डाँडीतिर सार्दै उनी दर्ता प्रकृयामा लागे । दर्ता शुल्क लिएपछि उनले बिरामी पूर्जा मेरो हातमा थमाए । भीड छिचोलेर म खुला ठाउँमा आएँ र पूर्जा हेरेँ । पूर्जामा मेरो नाउँ मुजनाथ लेखिएको रहेछ । भीड छिचोलेर फेरि म झ्यालनेर गएँ र भने सर मेरो नाम त अर्कै लेखिदिनु भएछ, उनले राताराता आँखा पार्दै भने 'तिमी नाम सच्याउन आएको कि बिरामी जँचाउन' ?' 'मेरो जे नाम हो पूर्जामा त्यही नाम हुनुपर्दैन र ?' मैले साधु भएर भने । उनले झोक्किँदै भने 'रोग जचाउने हो भने डाक्टरकोमा जाऊ नभए घर जाऊ ।' भोलि मैले कतै प्रमाण पेश गर्नुपऱ्यो भने त्यत्ति के मात्र भनेको थिएँ उनी कुटौंलाझैं गरी उफ्रिए । मैले सोचेँ सायद यो अस्पतालका जिम्माल यिनी हुन् । यस्ता धेरै सरकारी कार्यालयहरूमा नयाँ जिम्मालहरू प्रशस्त छन् । त्यो शामन्तकालिन हैकमको सानो उदाहरण हो । जसरी राणकालका तालुकदारहरूले एउटाको तेरिजमा अर्कैको नाम दरिदिन्थे । यसरी जनतालाई सताइन्थ्यो ।

एकताका माफिया भन्ने शब्द खुबै चलेको थियो । भू-माफिया, शैक्षिक-माफिया, स्वास्थ्य-माफिया, जल-माफिया आदि । त्यस्ता पात्रलाई आधुनिक जिम्माल हुन् भन्ने मान्दा केही फरक पर्दैन । जसरी एउटा मौजामा एउटा जिम्माल वा मुखियाको रजगज चल्थ्यो त्यसरी नै तत्तत् क्षेत्रमा माफियाहरूको हैकम चल्थ्यो र अहिले पनि चलिरहेको छ । उनीहरूसित घोषित लालमोहोर नभए पनि सत्ताको संरक्षण चाहिँ हुन्छ । यस्ता पात्रहरू सुकिलो रूपका तर मैलो चित्त भएका पात्रहरू हुन् ।

विशेषगरी अहिले राजनीतिक क्षेत्रमा पनि नयाँ जिम्माली प्रथा बेस्सरी मौलाएको छ । खासगरी सत्तामा पुगेका दलका केही कार्यकर्ताहरूको चुरीफुरी देख्दा र ब्यहोर्दा उनीहरू राणाकालिक जिम्मालभन्दा कम छैनन् भन्ने देखिन्छ । उनीहरू सत्ता र शक्तिको आडमा आफू मातहतको क्षेत्रको विकाश निर्माण र न्यायप्रशासनमा समेत हावी हुन पुग्छन् । टोल, नगर वा अन्य कुनै पनि स्थलमा आफूहरू पूजिने वा सम्मानित हुने दाबी राख्छन् । रूपमा जनसेवा जस्तो देखिए पनि भित्री गुह्य भने निमुखामाथि हैकम चलाउनु नै उनीहरूको नियत बनेको पाइन्छ । यो अहिलेको कुरूप यथार्थ हो । के पञ्चकाल के बहुदलकाल अथवा अहिलेको गणतन्त्रकाल नयाँ जिम्मालहरूको बिगबिगी कायम नै छ । अझ पछिल्लोकाल त सूचना साम्राज्यमा उनीहरूको ठूलो हस्तक्षेप गरिएको र उनीहरूको दल वा सरकारमाथिको आलोचना र सुझाव पनि नपचाउने हुँदै आएका छन् । यही प्रवृतिको विकाश भएर अहिले साइवरसेना बनेको छ । उनीहरू शामन्तकालिक जिम्मालभन्दा उँचाइमा छन् । जसरी राणाकाल वा पञ्चायतकालमा उनीहरूको बिरोधमा बोल्न लेख्न प्रतिबन्ध थियो अहिले उही संस्करण देखापरेको छ ।

यस्तै शामन्तकालिक तर आधुनिक जिम्माली हैकम सांस्कृतिक क्षेत्रमा पनि व्याप्त छ । धर्म वा संस्कृतिका नाममा समाजमा उपस्थित भएका पण्डित पुरोहित र धर्मगुरुको बोलाबाला र हस्तक्षेप त्यही माध्यमिककालको जस्तो पाइन्छ । धार्मिक वा संस्कार चलाउने नामका पण्डित पुरोहित यो एककाइसौं शताब्दिमा पनि उही सामन्ती प्रकारको विधि र व्यवहारमा आफूलाई महान् ठानिरहेछन् । यहाँ इस्लाम वा इसाइ धर्मबारे उल्लेख असान्दर्भिक होला तर हाम्रो समाजमा हिन्दू संस्कृतिका नाममा आफ्ना यजमानमाथि नयाँ जिम्माली हैकम ज्यादै असान्दर्भिक देखिन्छ । हिन्दू संस्कारको हरेक कर्ममा यी पुरोहितको साथमा ऐतिहासिक पात्र मनुले निर्दिष्ट गरेका ज्ञान चेतनाको अन्धविश्वासी धारणमा लट्ठ छन् । प्रशस्त धन दौलतको दान र अन्धविश्वासी विधिले कर्म पूरा गर्दा मृतक शरीर पनि भौतिकरूपमा ढलिमली गरेको विश्वास दिलाउन उनीहरू पछि पर्दैनन् ।

धार्मिक वा सांस्कृतिक मान्यतानुसार हरेक पर्वको अघि ब्राह्मण क्षेत्रीको आँगनमा पुरोहित आएर उभिन्छ र उसित कर्मकाण्ड भास्कर हुन्छ । हामी विचारमा भौतिकवादी भएर पनि पुरोहितवादको दास छौं । हाम्रा केही सांस्कारिक पर्वहरू छन् तर चेतनाले भौतिकवादी बनेकाहरू परम्परित तरिकाले कर्म गरेका हुन्छौं । अझ विशेषगरी महापुराण, सप्ताह एकाहको आयोजना गरेर पुण्य प्राप्त वा मरेका आफन्तहरूको नरक मोचनको भ्रम पालिरहेका हुन्छौं । यस्तो कर्मको मुख्य प्रेरक भने पुरोहितवाद हो । यस्तो कर्महरूमा कम्युनिष्ट भनिएका नेतृ□वले पितवस्त्र धारण गरेर फूल अक्षता समाएको दृश्य कति घिनलाग्दो देखिन्छ भन्ने भेउ नपाउने पात्रहरू देख्दा घृणा जागेर आउनु स्वाभाविक हो । बालक जन्मदा होस् वा मृत्यु हुँदा होस् सबैभन्दा अगाडि आएर कर्मकाण्डीय संस्कार उभिन्छ । मानिसको जीवन केवल भौतिक सुविधामा मात्र निर्भर हुँदैन, उसले आफ्नो अस्ति□वलाई अर्थपूर्ण बनाउन संस्कृति, कला र परम्पराको पनि आवश्यकता हुन्छ । संस्कृतिको जगमा नै सभ्यता उभिएको हुन्छ र यसले राष्ट्रको पहिचान निर्माण गर्दछ । जब कुनै समाज वा राष्ट्रले आफ्नो संस्कृति, कला, भाषा, धर्म, वास्तुकला र जीवनशैलीलाई जोगाएर मात्र सीमित गर्दैन, बरू त्यसलाई नयाँ आय-आर्जनको साधनमा रूपान्तरण गर्छ, तब त्यो संस्कृति केवल गौरव मात्र नभई कमाउने थलो त्यो पनि विकृत शोषणको रूप बन्छ ।

विज्ञानले नयाँ नयाँ उत्पादन र प्रविधिको विकास गर्दै आएको छ तर हाम्रो समाज उही मध्यकालिक अँध्यारोमा बाँचेको ठहर हुन्छ । अहिले बैंक तथा वित्तीय संस्थाहरू संस्थागतरूपमा नयाँ जिम्माल बनेर उदाएका छन् । यी संस्थागत जिम्मालका कारण सयौं परिवार विचल्लीमा परेका दृश्यहरू हम्रो आँखा अगाडि छिपेको छैन । नयाँ युगमा प्रवेश गरियो भनेर दाबी गरिरहँदा ठगिने र ठग्नेहरूको चेत चिन्तनमा परिवर्तन नआउने लज्जाको विषय होइन र ? के अब पनि हामी इतिहासमा पुरिएर कङ्काल बलेका चिन्तन परम्परालाई नै स्वीकार्न बाध्य हुने हो भने इतिहासमा लाछी ठहर्दैनौ र ?

---

## सुनसरीबाट...

प्रभावकारी हुन्छ, द्वन्द्व त्यति नै छिटो शान्त हुन सक्छ । यदि राज्य संवादभन्दा दमनमा बढी निर्भर हुन्छ भने अविश्वास गहिरिँदै जान्छ ।

राज्यको अन्तिम र सबैभन्दा ठूलो परीक्षा भनेको न्याय हो । दोषी नागरिक भए पनि, सुरक्षाकर्मी भए पनि, राजनीतिक प्रभाव भएका व्यक्ति भए पनि–सबैलाई समान कानूनी मापदण्डमा उभ्याउन सक्ने क्षमता नै लोकतान्त्रिक राज्यको वास्तविक मापन हो । यदि न्याय निष्पक्ष, पारदर्शी र समयमै सम्पन्न हुन्छ भने शान्ति दिगो बन्छ; अन्यथा घटनाहरू पटकपटक दोहोरिने जोखिम रहिरहन्छ ।

यस अर्थमा सुनसरीको घटना एउटा जिल्लाको समस्या मात्र होइन; यसले नेपालको राज्य व्यवस्था, प्रशासनिक क्षमता, राजनीतिक नेतृत्व र लोकतान्त्रिक उत्तरदायित्वको गम्भीर परीक्षा लिएको छ । यो परीक्षाबाट राज्यले कस्तो पाठ सिक्छ भन्ने कुराले भविष्यमा यस्ता घटनाको पुनरावृत्ति रोक्ने वा बढाउने दुवै सम्भावना निर्धारण गर्नेछ ।

*१२.आन्दोलनकारी पक्षको पनि जिम्मेवारी*

राज्यसँग उत्तरदायित्व हुन्छ भने आन्दोलनकारीसँग पनि जिम्मेवारी हुन्छ ।शान्तिपूर्ण विरोध लोकतान्त्रिक अधिकार हो । तर सार्वजनिक सम्पत्तिमा आगजनी गर्ने , सडक अवरुद्ध गर्ने, सुरक्षाकर्मीमाथि आक्रमण गर्ने वा कुनै समुदायविरुद्ध घृणा फैलाउने कार्यले न्यायको आन्दोलनलाई नै कमजोर बनाउँछ ।

यदि कुनै व्यक्ति वा समूहले धार्मिक पहिचानका आधारमा हिंसा भड्काएको छ भने उनीहरूलाई पनि कानूनअनुसार कारबाही हुनुपर्छ । न्याय एकतर्फी हुन सक्दैन । राज्यका अधिकारी र नागरिक–दुवै कानूनभन्दा माथि छैनन् ।

*१३.अब के गर्नुपर्छ?*

पहिलो, घटनाको पूर्ण निष्पक्ष छानबिन हुनुपर्छ । छानबिन समितिको प्रतिवेदन सार्वजनिक गरिनुपर्छ र दोषी जोसुकै भए पनि कानूनी कारबाही गरिनुपर्छ ।

दोस्रो, प्रहरीको बल प्रयोग आवश्यक, अनुपातिक र कानूनी थियो कि थिएन भन्ने विषय स्वतन्त्र रूपमा परीक्षण गरिनुपर्छ ।

तेस्रो, पीडित परिवारलाई न्याय, क्षतिपूर्ति र उपचारको व्यवस्था गरिनुपर्छ ।

चौथो, स्थानीय तहदेखि संघीय सरकारसम्म धार्मिक सद्भाव कायम हुनुपर्छ र समितिलाई सक्रिय बनाइनुपर्छ । संवेदनशील क्षेत्रमा नियमित संवाद र विश्वाँस निर्माण कार्यक्रम सञ्चालन हुनुपर्छ ।

पाँचौं, सामाजिक सञ्जालमा घृणा फैलाउने, झूटा सामग्री प्रसारण गर्ने र हिंसा भड्काउने गतिविधिमाथि कानूनी निगरानी सुदृढ गरिनुपर्छ । त्यससँगै अभिव्यक्ति स्वतन्त्रताको र संवैधानिक अधिकारको पनि सम्मान हुनुपर्छ ।

छैठौं सरकार पक्षबाट यो घटना प्रेरित भएको पाइएमा सरकार जिम्मेवारीबाट पछि हट्नु पर्दछ र विकल्प खोज्नु पर्दछ ।

*१४. शान्तिको खोजी : न्यायबिनाको शान्ति टिक्दैन*

सुनसरीको घटना एउटा जिल्लाको मात्र घटना होइन; यसले नेपालको लोकतन्त्र, सामाजिक सद्भाव र राज्य सञ्चालन क्षमतामाथि गम्भीर प्रश्न उठाएको छ । न्यायबिना शान्ति टिक्दैन । सत्य नखोजी मेलमिलाप सम्भव हुँदैन । र कुनै पनि समुदायलाई दोषी वा पीडित भनेर सामूहिक रूपमा चित्रण गर्दा राष्ट्रिय एकता कमजोर हुन्छ ।

आज आवश्यक कुरा प्रतिशोध होइन–सत्यकोबाटो खोजी गरी अघि बढ्नु पर्दछ ।आवश्यक कुरा दमन होइन–निष्पक्ष कानून हो । अर्को आवश्यक कुरा विभाजन होइन–विश्वासको पुनर्निर्माण हो नेपालको शक्ति यसको आफ्नै विविधतामा छ। त्यो विविधतालाई अवसरवादी राजनीतिक स्वार्थका लागि विभाजनको साधन बनाइयो भने सुनसरीजस्ता घटना दोहोरिन सक्छन् । कहिल्यै शान्ति कायम हुन सक्दैन । तर यदि राज्य निष्पक्ष रह्यो, समाज संयमित रह्यो र सबै समुदायले संवादलाई हिंसाभन्दा माथि उठेर राष्ट्र , राष्ट्रियता , राष्ट्रिय स्वाधीनता , न्यायीक समानता, जनतन्त्र र जनजीविकाको पक्षमा दिशा निर्देश गर्दै शोषित , पीडित, श्रमजीवी गरीब किसान, मजदुर लगायत सर्वहारा वर्गको हितलाई ध्यान दिएर विद्यमान समस्या समाधान गरियो भने यही संकट भविष्यका लागि एउटा ठूलो पाठ पनि बन्न सक्छ र सदाका लागि शान्ति कायम हुन सक्दछ । इतिहासले सधैं सम्झाउँछ–गोलीले भीड त तितरवितर पार्न सक्छ, तर मन जोड्न सक्दैन ।मन जोड्ने शक्ति केवल न्याय, समानता , सत्य र पारस्परिक सम्मानमा आधारित हुन्छ । यसरी अन्यायमा परेका तमाम शोषित वर्गले न्याय प्राप्त गर्न सकेमा र सुनसरीको पीडाबाट नेपालले यही शिक्षा ग्रहण गर्न सकेमा मृतकहरूप्रतिको सबैभन्दा ठूलो श्रद्धाञ्जली पनि त्यही नै हुनेछ ।

*१५.राष्ट्रिय एकताको चुनौती र निष्कर्ष :*

अब निकास के हो ? र कसरी संभव छ ?यी प्रश्नहरूको उत्तर खोजौं ।

सुनसरीको घटना एउटा जिल्लाको सीमित समस्या मात्र होइन । यसले नेपालको वर्तमान राजनीतिक, आर्थिक र सामाजिक संरचनामाथि गम्भीर प्रश्न उठाएको छ । बारम्बार दोहोरिने हत्या, हिंसा, साम्प्रदायिक तनाव, अन्याय अत्याचार , राज्य र जनताबीचको टकरावलाई केवल प्रशासनिक कमजोरी वा सुरक्षा व्यवस्थाको त्रुटिका रूपमा मात्र हेर्न सकिँदैन । यी घटनाहरूको जरो राज्य सञ्चालनको समग्र राजनीतिक र आर्थिक संरचनासँग गाँसिएको छ भन्ने कुरा यथार्थ , सही र सत्य हो ।

यस दृष्टिकोणअनुसार वर्तमान दलाल संसदीय व्यवस्थाअन्तर्गत गठन हुने सरकारहरू राष्ट्रिय समस्याको दीर्घकालीन समाधान गर्न संरचनागत रूपमा असमर्थ र असक्षम हुन्छन् । उनीहरूमा देखिएको विदेशी प्रभाव, आर्थिक परनिर्भरता, दलगत स्वार्थ र अस्थिर सत्ता- राजनीतिका कारण राज्यले स्वाधीन रूपमा जनताको पक्षमा निर्णय लिन सक्दैन । त्यसैले सुनसरीजस्ता घटना कुनै अपवाद होइनन्, बरु विद्यमान दलाल संसदीय व्यवस्थाको गहिरो संकटका अभिव्यक्ति हुन् ।

त्यसैले हाम्रो देशको विद्यमान अवस्था र राष्ट्रिय एकताको चुनौती समेत पार गर्नका लागि राष्ट्रिय राजनीतिक सम्मेलन आयोजना गरी सबै राजनीतिक शक्ति, सामाजिक समुदाय र नागरिक प्रतिनिधिहरूलाई एउटै राष्ट्रिय संवादमा सहभागी गराउनुपर्ने अनिवार्य आवश्यकता भएको छ । यस प्रयोजनको लागि प्रस्तुत यो प्रस्तावमाथि व्यापक रूपमा घनिभुत छलफल गरी सहमति जुटाएर विद्यमान व्यवस्थाको प्रतिस्थापन गर्दै , राष्ट्रिय स्वाधीनतालाई केन्द्रमा राख्ने राष्ट्रिय संयुक्त मोर्चा निर्माण ,स्वाधीन संयुक्त सरकारको गठन, जनताको व्यापक सहभागिताबाट नयाँ संविधान निर्माण तथा नयाँ जनवादी क्रान्तिमार्फत समाजवादतर्फ अघि बढ्ने राजनीतिक कार्यदिशाबारे राष्ट्रिय सहमति खोजिनुपर्छ । यद्यपि नेपालमा यस विषयमा फरक-फरक धारणा पनि छन् । केही राजनीतिक शक्तिहरू वर्तमान संविधान र संसदीय व्यवस्थाभित्रै सुधार सम्भव रहेको तर्क गर्छन् । तर विद्यमान ब्यवस्था असफल भएर पटकपटक सुधार गर्दा पनि ती प्रयासहरू सफल भएनन् । त्यसैले अझै पनि संरचनागत परिवर्तन अपरिहार्य भएको निष्कर्ष रहेको छ तापनि लोकतान्त्रिक समाजमा यी दुवै दृष्टिकोण सार्वजनिक बहसका विषय हुन्, र अन्ततः कुन बाटो रोज्ने भन्ने निर्णय नेपाली जनताले लोकतान्त्रिक प्रक्रियामार्फत् गर्ने विषय हो । जुनसुकै राजनीतिक निष्कर्षमा पुगिए पनि एउटा सत्य निर्विवाद छ–न्यायबिनाको शान्ति दिगो हुँदैन, असमानताले द्वन्द्व जन्माइरहन्छ, र जनविश्वास गुमाएको राज्य दीर्घकालीन स्थिरताको आधार बन्न सक्दैन । त्यसैले नेपालको भविष्य न्याय, उत्तरदायित्व, राष्ट्रिय स्वाधीनता, जनसहभागिता र सामाजिक सद्भावलाई केन्द्रमा राखेर निर्माण हुनुपर्छ । यसरी पनि सहमति जुट्न नसकेमा क्रान्तिकारी शक्तिहरू एकजुट भएर नयाँ जनवादी क्रान्ति सुरु गर्नु पर्दछ । सुनसरीका पीडितहरूको स्मृतिप्रति सच्चा सम्मान पनि त्यही हुनेछ ।

मिति :२०८३ श्रावण १५ गते

---

### ❑ यो साता कविता

## घण्टाघर



❑ गौरी देवकोटा

*सप्लैंटो या बिप्लैंटो*
*बिप्लैंटो या सप्लैंटो*
*समय छुट्याउने प्रयत्नमा*
*टुँडिखेलतिर फर्किएर*
*टोलाइरहेको घण्टाघर*
*राजधानीको छातीमा कुदाउन*
*ठिक्क पारिएका घोडाहरू*
*घोडामा टाप कसिरहेको समय*
*समयको साक्षी*
*खिन्न हुँदै लगाउँछ घोसे मुन्टो ।*

*झल्को आउँछ पुरानो तस्वीर*
*बाँचिरहेको समयसँग असहमत*
*कला, गला र सिर्जनाहरू*
*वर्तमानका खाँतिर*
*आफ्नै काखमा*
*अनसन बसिरहेको समय*
*डुबेपछि केही बेर*
*उही समयमा*
*मोडिन्छ थोरै दायाँ*

*वैशाखको धूपभन्दा चर्को आवाजसहित*
*नाराणहिटीतर्फ औंलो उठाउँदै*
*गर्जिरहेको समय*
*समय र संघर्षले सिर्जेका नायक*
*युगका अगुवा*
*थपक्क बोकाइदिएको जिम्मेवारी*
*जिम्मेवारीकै मजाक*
*थाप्लोमा नाम्लो यथावत् राखेर*
*रानीपोखरीमा खुसुखुसु भारी खसालिरहेको*
*चतुर भरिया*
*आफ्नै अगाडि*
*दनदनाउँदो इतिहासमाथि*
*निसङ्कोच पिसाब फेरिरहेको*
*निर्लज्ज समयको सम्झनामा*
*सुस्केरा काढ्दै*
*मोडिन्छ बायाँ ।*

*भद्रकालीमा फुसफुसाइरहेका*
*फुस्रा चेहराहरूले*
*थिचिरहे झैं लाग्छ*
*आफैभित्र घुमिरहेका मसिना काँटाहरू*
*देखापर्छ एआइसँगै*
*लरबराइरहेका चिसा तन्नेरी भीड*
*भाउन्न हुन्छ केही बेर*
*घण्टाघर,*
*भाउन्न हुन्छ केही बेर ।*

*ढल्न दिनुहुन्न आफूलाई*
*झड्कार्छ एक फेर आफ्नै मन*
*फर्किन्छ फरक्क पछाडि*
*अल्गोरिदमको कारखानाबाट*
*अनवरत निस्किरहेको खार*
*खारमा निसास्सिरहेको समय*
*बोल्छ दुविधा नराखी घण्टाघर ।*

*सावधान रहनू*
*यो उदण्ड समयसँग*
*संवेदनाहीन सत्तासँग*
*अपिल गरिरहेछ घण्टाघर*
*निर्ममतापूर्वक*
*आफ्नै छातीमा बजाउँदै रालो*
*सजग गराइरहेछ सेकेन्ड सेकेन्डमा*
*सावधान रहनू*
*यो विग्रही समयसँग*
*सावधान !*
*२०८२/११/६*

## झुपडि र महल



❑ कगेन्द्र

*झुपडिको महलमा*
*महलको झुपडिमा*
*शब्दको अर्थ*
*आवश्यक नहोला*
*महलका निम्ति अर्थहीन*
*शब्द प्रिय लाग्छ झुपडिलाई ।*

*कहिले महलको*
*याद र बात भुल्ला*
*झुपडि पुगेपछि*
*भुल्न सकिदैन*
*महलमा पुगेपछि*
*भुल्न सक्छन् ।*

*महलमा भोकाउने कोही हुँदैन*
*झुपडिमा अघाउने कोही हुँदैन*
*झुपडिमा अघाएको*
*महलमा भोकउँदैन*
*सम्बन्ध महलमा तोड्छ*
*सम्बन्ध झुपडिमा जोड्छ*
*महल शेर बनेर झुपडिमा आउँछ*
*अन्जान यात्री बनेर*
*अन्जान अन्जान झुपडिमा फर्किन्छ*
*वस खुशी रहनु पर्छ*
*दुःखको जिन्दगी छँदैछ*
*साउनको झरिमा होस्*
*माघको सिरेटोमा होस्*
*झुपडिको खहरे सलल*
*बहुत दुःखले*
*महलमा बग्छ पसिना सुखले*
*झुपडिमा बग्छ पसिना दुःखले*
*यहि छ फरक*
*महल र झुपडिमा ।*

## धर्मप्रति...

तथा सांस्कृतिक परम्पराको प्रश्न हो त्यसको महत्वलाई मार्क्सवादीहरू बेहिचक अंगीकार गर्दछन् । मार्क्सवादीहरू सिंगो मानव जातिद्वारा लामो ऐतिहासिक प्रक्रियामा विकसित सबै वैज्ञानिक विचार र जनपक्षीय नैतिक मूल्य मान्यताहरूको दृढ पक्षपोषण गर्दछन् । भारतीय उपमहाद्वीपीय सन्दर्भमा भन्नुपर्दा वेद, महाभारत, उपनिषद्, नवदर्शन, पुराण आदिलाई मार्क्सवादीहरू विश्लेषणात्मक आधारमा हेर्दछन् र त्यहाँ समाविष्ट सम्बन्धित समय सन्दर्भका समुचित मान्यतासहित समस्त वैज्ञानिक तथा लोकपक्षीय विचारहरूको दृढ समर्थन र अवैज्ञानिक तथा लोकविरोधी विचारहरूको विरोध गर्दछन् । मानव जातिको सिंगो इतिहास र सांस्कृतिक परम्पराप्रतिको मार्क्सवादी दृष्टिकोण सून्यवाद होइन, द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित रहेको छ ।

नेपालमा हिन्दु धर्मद्वारा महिला, दलित, जनजाति तथा विभिन्न जनसमुदायमाथि हुँदै आएको उत्पीडनको विरोधमा धार्मिक रूपमा पनि अनेकौं आन्दोलनहरू विकसित हुँदै आएका छन् । यसप्रकारका आन्दोलनहरूमा जोशमनी सन्त, आर्य समाजीहरूको उल्लेखनीय भूमिका रहिआएको छ । यहाँसम्म कि हिन्दु र बौद्ध धर्ममा लामो समयदेखि व्याप्त रहिआएको पञ्चमकारवादी मान्यताले पनि जातीय, लैगिक भेदभाव र धार्मिक उत्पीडनको विरोध रधर्म निरपेक्षताको पक्षमा सशक्त आवाज उठाउने काममा मार्क्सवादवादीहरूले महत्वपूर्ण भूमि निर्वाह गर्दे आएका छन् ।

हिन्दुधर्म, पुरोहितवाद अर्थात् ब्राह्मण्वाद र राजतन्त्र परस्पर सम्बन्धित रहेको छन् र नेपालमा राजतन्त्रको विरोध र गणतन्त्रको स्थापनाका लागि लामो समयदेखि जुन संघर्ष चल्दै आएको छ, त्यो हिन्दुधर्मको उत्पीडनकारी भूमिका र धर्मसापेक्षतावाद विरुद्धको संघर्षसँग अभिन्न रूपमा जोडिएको छ । हाम्रो यो आन्दोलनको विरोधमा भारतका हिन्दु अतिवादीहरूबाट लगातार हस्तक्षेप गर्ने काम हुँदै आएको छ । महान् जनयुद्ध र उन्नाइसदिने जनआन्दोलनको प्रक्रियामा अहिले नेपाल धर्मनिरेक्षप राज्य घोषित भइसकेको छ । साथै, नेपालमा राजतन्त्रको अन्त पनि भइसकेको छ र नेपाल संघीय लोकतान्त्रिक गणराज्य पनि घोषित भएको छ । यो नेपाली जनताको एउटा ठूलो विजय हो । तर अझै पनि गम्भीर विडम्वना के छ भने कट्टरपन्थी हिन्दु अतिवादीहरू नेपाली जनताको यो निर्णय मान्न तयार छैनन् ।

समग्रमा धर्मप्रतिको मार्क्सवादी दृष्टिकोणबारे चर्चा गर्दा तीन कुरामाथि विशेष ध्यान दिन जरुरी छ : पहिलो, मार्क्सवादीहरू धर्मविरोधी हुन्छन् र धर्मको विरोधको कामलाई प्रभावकारी ढंगले अगाडि बढाउनका लागि प्रचारप्रसारको क्षेत्रमा आफ्ना कामहरूलाई व्यवस्थित तुल्याउनु आवश्यक छ । दोस्रो, धर्मको विरोध गर्ने प्रक्रियामा सबैखाले अवससरवादका विरुद्ध वैचारिक संघर्ष चलाउँदै जान र धर्मको विरोधको कामलाई वर्गसंघर्षसँग जोड्न जरुरी हुन्छ । तेस्रो, धर्मको जन्म विशेष सामाजिक ऐतिहासिक सन्दर्भमा भएको हो र त्यसका कारण पनि यसै सन्दर्भभित्र खोज्नुपर्दछ ।

(लेखक मोहन वैद्य 'किरण' को पुस्तक "मार्क्सवाद र संस्कृति" (२०६६) बाट यो लेख लिइएको हो । लेखकको "चैतन्य" नामबाट लेखिएको उक्त पुस्तकलाई सहिद स्मृति प्रकाशनले प्रकाशित गरेको थियो । यो लेख अहिले सान्दर्भिक भएकाले यहाँ दिइएको छ ।)

## लघुवित्त...

सुदर्शनले जारी गरेको वक्तव्यमा भनिएको छ, "लघुवित्त तथा वित्तीय शोषणविरुद्ध किसान-मजदुर आन्दोलन नेपालद्वारा २०८३ साउन १० गतेदेखि आजसम्म सरकार समक्ष विभिन्न १४ सुत्रीय मागहरू राखी निरन्तर आन्दोलनरत रहेको घटनाले नेपाली सर्वहारावर्गको अग्रदस्ता क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । आन्दोलनरत यो सङ्गठनले आफ्नो मागपत्रकै भुमिकामा "लघुवित्त प्रणाली हजारौं विपन्न परिवारका लागि आर्थिक उत्थानको माध्यम भन्दा ऋणको दुष्चक्र र वित्तीय शोषणको कारण बनेको छ" भनी उल्लेख गरेको छ । नेपालमा रहेका विभिन्न लघु वित्तीय सहकारी बैंक र वित्तीय संस्थाहरू साच्चै नै किसान मजदुर, सुकुम्बासी र साना व्यवसायीहरूलाई शोषण गर्ने ठुला बैङ्कका साधनहरू बनेका छन् । हाम्रो पार्टी यस प्रकारको शोषणको अन्त गर्न सरकारसँग जोडदार माग गर्दै लघुवित्त तथा वित्तीय शोषणका विरुद्ध किसान-मजदुर आन्दोलन नेपालको आन्दोलनप्रति ऐक्यवद्धता जाहेर गर्दछ । यसको साथै हामी आन्दोलनभित्र हुने घुसपैठ र गद्दारीप्रति सतर्क रहन आन्दोलनका जिम्मेवार नेताहरूलाई विशेष अनुरोध गर्दछौं ।"

## बालेन...

ज्ञापन पत्र बुझाउन सम्भव नभएको र आदिवासी जनजातिहरूप्रति अत्यन्त नकारात्मक दृष्टि रास्वपा र सरकारको नीति तथा कार्यक्रमबाटै प्रष्ट भएको भन्दै प्रेस वक्तव्यमार्फत् महासंघका मागहरू समेटिएको ज्ञापन पत्र हुलाकमार्फत प्रधानमन्त्रीलाई प्रेषित गरिएको जानकारी दिनुभएको छ ।

***यस्तो छ वक्तव्यको पूर्णपाठ***

"अखिल नेपाल आदिवासी जनजाति महासंघको राष्ट्रिय सम्मेलन आयोजक समितिको गत बैशाख ५ गते बसेको बैठकले ३२ औं आदिवासी दिवसको अवसर पारेर विश्व आदिवासी दिवस ९ अगस्ट (श्रावण२४) भन्दा अगाडि प्रधानमन्त्रीलाई आदिवासी जनजाति र देशको समसामयिक विषय समेटेर ज्ञापन पत्र दिने निर्णय गरिएको थियो । उक्त निर्णय अनुसार प्रम बालेन शाहलाई हाम्रो महासंघले तयार पारेको २१ बुँदे मागसहितको ज्ञापन पत्र बुझाउन विभिन्न स्रोतबाट भेटघाटको समयको लागि पहल गरियो । एक त प्रमका स्वकीय सचिवहरू, सांसद र सल्लाहाकारहरू सम्पर्क गर्न गाह्रो भएको र अर्कोतिर रास्वपाको सूत्रबाट प्रमले ज्ञापन पत्र लिन नमान्ने र पत्र प्रमको सचिवालयसम्म पुऱ्याउन सकिने भन्ने जानकारी प्राप्त भएपछि हाम्रो महासंघले तयार पारेको ज्ञापन पत्र प्रमलाई सिधै हुलाक मार्फत तथा सचिवालयमा इमेलमार्फत पठाएको कुरा र ज्ञापन पत्र सार्वजनिकरणका लागि यो प्रेस वक्तव्य जारी गरिएको छ । यस प्रेस वक्तव्यसँगै ज्ञापन पत्र समावेस गरिएको छ ।

एकातिर सरकार भूमिगत संगठन जस्तै सम्पर्क सम्बन्ध बनाउन गाह्रो देखियो भने अर्कोतिर सरकारी तथ्यांक अनुसार पनि ३५५ जनसंख्या रहेको आदिवासी जनजातिका महत्वपूर्ण मुद्दाहरू बारे छलफल र हाम्रो मागबारे जानकारी गराउन गरिएको प्रयत्नप्रति सरकारले पुरै वेवास्ता गरिएको देखियो । रास्वपा र बालेन सरकार आदिवासी जनजातिप्रति अत्यन्त नकरात्मक दृष्टिकोण राख्ने कुरा त रास्वपा र सरकारको नीति तथा कार्यक्रम हेर्दा प्रस्टै देखिन्छ । एक प्रकारले उक्त पार्टी र सरकार ब्रम्हाणवादको नयाँ र झन् डरलाग्दो संस्करणको रूपमा देखा परेको छ । सायद यही कारणले हामीले ज्ञापन पत्र बुझाउन गरिएको प्रयत्नप्रति नकरात्मक देखिएको छ । यसको हामी भत्सर्ना गर्दछौं । यसले वास्तवमा उक्त पार्टी र सरकारको जनताको बीचमा भण्डाफोर हुने कुरामा कुनै शंका रहन्न ।

साथै आगामी श्रावण २४ गते हुने ३२ औं विश्व आदिवासीको अवसरमा सम्पूर्ण आदिवासी जनजाति र नेपाली जनतामा अखिल नेपाल आदिवासी जनजाति महासंघ हार्दिक शुभकामना व्यक्त गर्दछ ।"

## मूल्यवृद्धि...

देश अहिले वेरोजगारि र महगीको चपेटामा परेको छ । यस्तो अवस्थामा वाच्न सक्ने अवस्थामा नेपाली नगरिक छैन्न । नागरिकहरूलाई रहातको ब्यवस्था गर्नु पर्ने अवस्था आइरहेको छ, तर सरकार र नेपाल आयल निगम भने महिनामा नै पटक पटक पेट्रोलियम पदार्थको मुल्य वृद्धिले जनताको ढाड सेकिरहेको छ । सरकारको स्वमीत्वमा रहेको आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धिले न्युन ज्याला भएका मजदुर कर्मचारी, किसान र आम जनताहरूको जीवन स्थर मन कष्टकर वन्दै गईरहेको छ । अझ दुखको कुरा त के हो भने खाना पकाउने ग्यासको त पैसा तिरेर पनि सहज रूपमा उपलब्ध हुन सकिरहेको छैन । आयल निगमले पेट्रोलियमा पदार्थको मूल्य वृद्धिले सबै वस्तुको मूल्य बढ्ने हुदामा पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता लिन र खाना पकाउने ग्यास सहज रूपमा आम श्रमीक, विधार्थी युवा लगायत सम्पूर्ण नागरिकलाई उपलब्ध गराउनका लागि नेपाल आयल निगम र नेपाल सरकरसग क्रान्तिकारी युवा संघ नेपाल जोडदार माग गर्दछ । उक्त मागलाई वेवास्था गरेको खण्डमा उत्पन्न हुने परिस्थितिको जिम्मा स्वयम नेपाल आयल निगम र नेपाल सरकार पक्षले लिनु पर्ने छ ।

*दोर्जी शेर्पा*
*सयोजक*
*क्रान्तिकारी युवा संघ नेपाल*

***बोद्धार्थ***

१ उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

## क्रान्तिकारी...

सचिव रामवहादुर महरा व्युरो न.२ का सचिव लालवहादुर मडौले अन्तक्रियामा पार्टीको नीति कार्यक्रम सम्वन्धी धारणा राखेका राख्नु भएको थियो । कार्यक्रममा पार्टी नेता कमल चौधरी ,टंक कोइराला ,राम वहादुर धामी पदम सार्की समेतको सहभागिता रहेको थियो ।

## ठमेलस्थित...

रोजगारदाताले धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा, वैचारिक आस्था वा अन्य कुनै समान आधारमा कुनै श्रमिकमाथि भेदभाव गर्नु हुँदैन ।"

कर्मचारीका अनुसार उनीहरूले आफूलाई दिइएको हरेक काम बिना कुनै आपत्ति पूरा गर्ने गरेका थिए । तर पनि भिन्दै जातको कारणले होकि या अन्यथा केही कारणले सन्तोष तामाङले दैनिक जस्तो मानसिक यातना दिने गरेको र आवश्यक परे आफूहरू जुनैसुकै निकायमा उपस्थित भएर यो विषयमा उनी विरुद्ध बयान दिन सक्ने बताए । एक दिन को घटना सम्झँदै उनले भने सानो गिलास फुट्दा सुपरवाइजर सन्तोषले चिच्याउँदै "कति पटक सिकाउनुपर्छ तलाईरु" भनेर गाली गरे, जबकि आफूलाई उक्त कामको सही तरिका एक पटक पनि सिकाइएको थिएन । कर्मचारीको दाबीअनुसार, यस्तै अवस्थामा अर्की कर्मचारीले पुरै रक्सी भएको वाइनको बोतल फुटाउँदा भने उनलाई कुनै प्रकारको हप्कीदप्की वा टिप्पणी गरिएन ।

कर्मचारीले थप आरोप लगाएका छन् कि कोठामा उपस्थित अधिकांश पुरुष कर्मचारीहरूको जुंगा-दाह्री हुँदाहुँदै केवल उनको सामान्यरूपमा बढेको दाह्रीलाई लक्षित गर्दै सुपरवाइजरले "यसले किन दाह्री काटेनरु" भन्ने प्रश्न उठाएका थिए । कर्मचारीका अनुसार यस्ता व्यवहारले आफूलाई लक्षित गरी अपमानित र मानसिक रूपमा दबाबमा पार्ने प्रयास गरिएको देखिन्छ, जुन श्रम ऐनअन्तर्गत अनुचित श्रमअभ्यासको रूपमा व्याख्या हुन सक्छ ।

कर्मचारी भन्छन्, "मैले जीवनमा पहिलो पटक वेटरको काम गरेको हुँ । तर मैले आफ्नो काममा पूरा प्रयास गरेको थिएँ । बारमा समेतकेही दिनमै धेरै कुरा आफैं सिकेर व्यवस्थापन गर्न थालेको थिएँ । अहिले भने मलाई अयोग्य कर्मचारीका रूपमा चित्रित गरिएको छ । मेरा सहकर्मीहरूसँग सोध्दा वास्तविकता थाहा हुन्छ । तर केवल सन्तोषको भनाइका आधारमा निर्णय गरियो । यो घटना मैले कहिल्यै बिर्सनेछैन ।"

श्रम ऐनअनुसार कुनै पनि अनुशासनात्मक कारबाही अघि सम्बन्धित कर्मचारीलाई आफ्नो पक्ष राख्ने अवसर दिनुपर्ने तथा निष्पक्षअनुसन्धान गर्नुपर्ने व्यवस्था छ । एकतर्फी तथा पक्षपाती व्यवहारले कर्मचारीको मर्यादा, सम्मान र समान व्यवहारको अधिकारमा असरपुऱ्याउन सक्छ । यस्ता घटनामा पीडित कर्मचारीले श्रम कार्यालय वा श्रम अदालतमा उजुरी दिन सक्ने कानुनी व्यवस्था रहेको छ ।

यस घटनाले होटल तथा सेवा क्षेत्रमा कार्यरत कर्मचारीहरूको मर्यादा, समान व्यवहार तथा श्रम ऐनको प्रभावकारी कार्यान्वयनकोआवश्यकतालाई पुनः उजागर गरेको छ ।

## नवउदारवादी...

फैलिएको एडसको माहमारी(जो धनाडय व्यक्तिहरूको ऐयाशीका कारण उत्पन्न भएको थियो )ले पनि त ९० प्रतिशत एड्सको मार अफ्रिका तथा एशीयाका गरीब तथा विकासोन्मुख देशमा परेको इतिहास ताजै छ ।

यसरी सन् १९८०देखि खल्बलिएको विश्व अर्थतन्त्र र समाज अहिलेसम्म नतंग्रिएको निष्कर्ष चोमस्कीजस्ता समाजवादी अर्थविद्हरूले निकालेका छन् । नवउदारवादी पुँजीवादकै खरावीको परिणाम अहिले विश्वमा सामाजिक असमानता अझै बढदै गएको छ र गरीव र धनीबीचको असमानताको खाडल झन झन चौडा बन्दै गएको छ र मानिसहरू रोजगारीका अवसरहरू खोज्दै गाउँ छाडेर देश विदेशका सहरहरूमा खाँदिन पुँगेका छन् । यी सब कारणले पनि एड्स, कोरोनाजस्ता महामारीले विश्वका सहरहरूमा रहेका जनतामाथि बलियो आक्रमण गरेको विगतको यथार्थता हो ।

एड्स, कोरोनाजस्ता महामारीबाट बच्नका लागि आखिरमा एउटा महत्पूर्ण भूमिका स्वास्थ्य केन्द्रहरू नै हुन्छन् । तर नवउदारवादी पुँजीवादको आडमा ल्याइएको विश्वव्यापीकरण, नवउदारीकरण र नीजीकरणका कारण नेपालजस्ता विश्वका देशहरूमा सार्वजनिक अस्पत्तालको अवस्था अप्ठ्यारोमा पर्दै जानु र सार्वजनिक स्वास्थ्यसेवा निजी अस्पतालतिर उर्लिर्दै जानु सार्वजनिक अस्पत्तालहरूको भूमिका त्यति सशक्त देखिएको छैन् ।

नवउदारवादी पुँजीवादको आडमा ल्याइएको विश्वव्यापीकरण, नवउदारीकरण र नीजीकरणका कारण समग्र राज्य सत्ता निजी अस्पताल पोस्न हतारिएको देखिन्छ । उदाहरणका लागि जव कोरोना सुरुमात्रै के भएको थियो (यसको माहामारी रूप त अझै पछि को कुरा थियो) नेपालका निजी अस्पतालहरूले सार्वजनिक स्वास्थ्यसेवा दिन आनाकानी गरेका कुरा बाहिर आएका थिए । सामान्य रुघाखोकीका विरामीलाई अस्पत्तालको गेटबाटै फर्काइदिएका कुराहरू बाहिर आएका थिए । कोरोना सुरु हुँदा नेपालको तत्कालीन समाजवादको नारा दिने कम्युनिस्ट सरकार र समग्र राज्य सत्ता, जसले निजी अस्पताल पोस्ने काम गरिरहेका थिए, सार्वजनिक अस्पताल र नीजी अस्पतालबीचमा समन्वय एवं सहकार्य गर्न स्मेत तत्कालिन नेपाल सरकारले सकिरहेको थिएन । यस्ता माहमारी रोकथामका लागि कस्तो स्वास्थ्य सेवा चाहिन्छ भन्ने त भरखरै चीनजस्तो स्वास्थ्य सेवा भएको देशले मात्रै सजिलै कोरोनाजस्ता महामारीको सामना र नियन्त्रण गर्न सक्छ भन्ने तथ्य सार्वजनिक भएको थियो । र यसले पनि समाजवाद र समाजवाद मात्तै यस्तो व्यवस्था हो जसले सही मानेमा कोरोनाजस्ता माहमारीको बेलैमा मुकाविला गर्न सक्छ भन्ने नै हो । चीनमा वैज्ञानिक समाजवाद त छैन तै पनि चीनको विशेषतामा अधारित समाजवादले देश र जनताको पक्षमा निकै राम्रा काम गरेको छ भनेर विश्व समुदायले पनि भनिरहेका छन् । यद्धपि भविश्यको चीन अहिलेको अमेरिका हुनेछ किनभने चीनले अहिले विश्वव्यापार संगठन, विश्व बैंक, अन्तराष्ट्रिय मुद्रा कोष, विश्वव्यापीकरण, उदारीकरण र नीजिकरणआदि जे जतिको घोडामा अमेरिका तथा युरोप र जापानका सरकारहरू सवार छन्, तिनै घोडामा चीन सवार हुन तयार देखिएको छ ।

***इतिहासमा भएका माहामारीहरू***

विगतमा फैलिएको कोरोना भइरसलाई संयुक्त राष्ट्र संघले दोस्रो विश्व युद्धपछिको महामारी भनिरहेको थियो । किनभने त्यो भन्दा अगाडि यस्ता अनगिन्ति महामारी भएका छन् । पहिलो विश्वयुद्ध सन् १९१४ जुलाई २८मा सुरु भएको थियो । यसका पछाडिको एउटा प्रमुख कारण दुनियाँभर फैलिरहेकै युरोपेली बजारका बीचको होडबाजी थियो । चार वर्षसम्म लम्बिएको त्यो युद्धमा २१ लाख मान्छेको ज्यान जाँदा पनि हारजित भइरहेको थिएन । आखिरमा सबै खाले युद्ध र नरसंहारको मार त पृथ्वी र पृथ्वीमा वस्दै आएका गरीबले नै झेल्नु पर्छ भन्ने त्यसवेला नै देखिएको थियो । यद्धपि विश्वका गरीव जनताका लागि त्यो युद्धको एउटा राम्रो परिणाम आशाको किरण लिएर पहिलो समाजवादी देश सोभियत संघको उदय भयो । त्यो युद्धको एउटा नराम्रो परिणाम युद्धको डढेलो झेलिरहेको पृथ्वीले विश्वयुद्धको चौथो वर्षको सुरुआत, सन् १९१८ मार्चमा नै इन्फ्लुएन्जाको संक्रमणको सामना गर्नु पर्यो । करिब ५ करोड मान्छेको ज्यान लिने उक्त महामारीको उग्ररूप विश्वले त्यतिबेला देख्यो, जतिबेला स्पेनका राजा अल्फाँसो तेह्रौं इन्फ्लुएन्जाबाट संक्रमित भए । मे २२, १९१८ मा स्पेनको 'एबीसी न्युजपेपर' मा प्रमुख समाचार बनेको यस महामारीलाई 'स्पेनिस इन्फ्लुयन्जा' को नाम दिंदै स्पेनले महामारीको दोष फ्रान्समाथि लगायो । यसको करिब ५ महिनापछि नोभेम्वर ११, १९१८ मा अमेरिकी नेतृत्वमा चार वर्ष लामो विश्वयुद्ध बिसाइयो । त्यतिबेलासम्म स्पेनिस फ्लुकै कारण काम गर्ने २० देखि ४० वर्षका झन्डै ३ करोड ४० लाख नौजवानको ज्यान गइसकेको थियो (जैके तबनबर्गर र डीएम मरन्स, २००६; १९१८ इफ्लुयन्जा : द मदर अफ अल प्यान्डेमिक) ।

अहिले विश्वका सबै देशहरू घनाजंगल मासेर सहर वसाइएका देशहरू हुन् । जव जंगल मासिन्छ अनि जंगल मासिएपछि जगली पशुपक्षीहरू पनि सहरको वोरीपरी खानका लागि झुम्मिन्छन् । स्पेनिस इन्फ्लुयन्जाजस्तो महामारीको ठ्याक्कै एक सय वर्षपछि चीनको वुहान राज्यबाटै कोरोना भाइरसको संक्रमण जागेको हो । यसको दोष जंगली जनावर-चमेरोलाई दिइए पनि मान्छेले प्रकृति र जंगली जीवजन्तुमाथि गरिरहेको रजाइँको चर्चा कही कतै गरिरहेको पाइएको छैन् । पृथ्वीसँग बिग्रँदो सम्बन्धको मार फेरि पनि विपन्न र कम आय भएका सामाजिक समूहमा बढी परेको राहतका नाममा ५ किलो चामलका लागि दिनभरका दिनभर लाइनमा बसिरहेको देखिन्छ । जवकि पृथ्वीसँग बिग्रँदो सम्बन्धका लागि विश्वका अति धनी र सम्पन्न देशहरू अमेरिका, चीन, फ्रान्स जापान, जर्मन, बेलायतआदि नै जिम्मेवार छन् ।

***प्रकृतिसँग मानिसका बिग्रँदो सम्वन्धलाई कसरी सुधार्ने ?***

समाज विकासको साथै भौतिक विकासको ट्रेन्ड हेर्दा दुनियाँमा जहाँ सहर, उद्योग र व्यापारको विकास भएको छ, त्यहाँका अधिकांश रैथानेहरू(indigenous habitats) कित विस्थापित गरिएका छन् कित ज्यालादारी कामदार बनेका देखिन्छ । जब यीनीहरू बाहिर पारिन्छन् उनीहरूका रैथाने खानेकुरामाथि आगन्तुक (वाहीरबाट बसाइसरी आएका) हरूको बर्चश्व कायम बन्दै जान्छ र ती चीजहरूको व्यापार(बेचविखन) उनीहरूले गर्न थाल्दछन् । ती आगन्तुकहरू, जो वाहीरबाट बसाइसरी आएका हुन, जसले कतिपय खानाको पर्यावरणीय, सामाजिक तथा सांस्कृतिकजस्ता मर्मबारे बुझेका हु"दैन र बुझ्न पनि चाहादैनन् । ती खानेकुरा जंगली पशुपक्षीबाट कसरी खान योग्य बनाइएका थिए, त्यसको खोजीनीति उनीहरबाट हुँदैन । यहीँनेरबाट प्रकृति, जीवजन्तु र मानिसको सम्बन्धमा खटपट सुरु भएको इतिहास पाइन्छ । र, परिणाम प्रकृतिलाई आफ्ना नंग्राहरू-बहुराष्ट्रिय कम्पनीहरूमार्फत अनाधिकृतरूपले एक आपसमा खरीद बिक्रि गरेर त्यसबाट आफ्नो समृद्धि र सन्तुष्टिको स्वाद लिंन खोज्ने नवउदारवादी पु"जीवादका गलत कार्यहरूको कारण कोरोनाजस्तो महामारी बनेर समग्र मानव समुदायमाथि प्रकृतिले बज्र प्रहार गर्दछ र समाजमा माहामारीको रूपमा देखापर्छ । जसको सामाजिक एवं सांस्कृतिक क्षतिपूर्ति नै छैन ।

बहुराष्ट्रिय कम्पनीहरू कसरी प्रकृतिमाथि अत्यधिक शोषण गरेर अत्यधिक फाइदा लिन खोज्छन भन्ने यो उदाहरणले स्पष्ट पार्न मद्दत गर्दछ । यसवारे 'जर्नल अफ अवेसिटी प्रिभेन्सन' लेख्छ- अहिले विश्वमा गहुँबाट मात्रै दैनिक १ सय २२ भन्दा बढी खानेकुराका परिकार बन्छन् । जति परिकारको संख्या बढेको छ, उति धेरै प्रविधि र मेसिनको प्रयोग बढेको छ । खानेकुराका प्रकार थपिँदै जाँदा, व्यावसायिक खेती गर्ने घनाजंगल तीव्र गतिमा मासिएको छ । रेनफरेस्ट एक्सन नेटवर्क-२०१७ का अनुसार विश्वमा बहुराष्ट्रिय कम्पनीहरूले चलाएका ठूला खाद्य उत्पादक कम्पनीका कारण बर्सेनि २० हजार हेक्टर जंगल सखाप भइरहेको छ । फर्निचर बनाउँदा होस या खानी उत्खनन गर्दा वन नै मासिएको छ । यसरी मान्छेका सबै प्रगति र उन्नति पृथ्वी(प्रकृति)को बेचबिखनमा उभिएका छन् र यी सबैका पछाडि अति विकसितदेशका बहुराष्ट्रिय कम्पनीहरू जिम्मेवार छन् ।

जर्नलले अझ स्पष्ट पार्दै लेख्दछ, अहिलेसम्म करिब १३ लाख १९ हजार हेक्टर जंगल मासेर उद्योग, खानी तथा सहरी विकास भएका छन् । यसको क्षेत्रफल दक्षिण अमेरिकी देश कोस्टारिकाको डेढ गुणा जति हुन आउँछ । एक वर्ग किमिमा करिब ७५ हजार रूख हुर्कन्छन् । यो हिसाबमा त अहिलेसम्म समृद्धिको नाममा करिब ६९ अर्ब रूख काटिइसकेका छन् । यसले कति पशुपक्षीको बसोबास नष्ट भयो होला । सयौं पशुपक्षी त गाँसबास नपाएरै पृथ्वीबाट अस्ताइसकेका छन् । कति मान्छेको वरपर आइपुगेका पशुपक्षीको कारण मान्छे र प्रकृतिको सम्बन्ध लथालिंग भएको छ । जर्नलले जोड दिएर भनेको छ । यी सबैका कारण पृथ्वीमा बढदै गएको तातो पनाले एक दिन विश्वको समग्र सृष्टि इतिहासको गर्भमा जाने सबैलाई थाहा नभएको कहा होर ?

म्यासाचुसेटस इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआएटी)का इमेरिटस प्रोफेसर एवम अरिजोना विश्वविद्यालयका लरिएट प्रोफेसर नोम चोम्स्कीले कोभिड-१९ को सन्दर्भमा यसो भनेका थिए । उनकै शब्दमा -"कोभिड-१९ को आँधीबेहरीले पुँजीवादी अर्थतन्त्र त ठप्पै भएको छ । विश्व-मन्दी अब रोकेर रोकिन सक्ने अवस्थामा छैन ।"

यस्तो महामारी कुनै महाविपत्तिको रूपमा विश्वमा आउँछ भन्ने अनेकौ पूर्वानुमान नगरिएका पनि होइनन । यसवारे विभिन्न फिल्महरू बनाएका थिए, पुस्तकहरू लेखिएका थिए तर किन विश्वले र विश्वका वैज्ञानिकहरूले यसवारे गम्भीर भएर किन यसका विरुद्ध विश्व मानव समुदायलाई बचाउनका लागि कुनै तैयारी गरेनन त ? यसवारे नोम चोम्स्कीको भन्दछन्-'भविष्यमा आउन सक्ने महाविपत्तिको पूर्वसावधानी अपनाउने काममा कुनै नाफा नदेख्ने' आर्थिक प्रणालीको सोच्ने नवउदार पुँजीवादको क्रुर तरिकाले त्यस्तो संकटको पूर्वतयारी गरेन ।

जव विश्वमा कोरोना भाइरस एउटा महामारीका रूपमा फैलिँदै गयो, विश्वले देख्दै गयो, देखिरहेको पनि छ कि यो महामारीको सामनामा गर्न संयुक्त राज्य अमेरिकाको पुरै असफल देखियो । यसअर्थमा संरा अमेरिका संसारकै सबभन्दा बढी प्रभावित देश बन्न गयो । भाइरसको महाव्याधि सुरु भएको देश चीनलाई पनि संरा अमेरिकाले उछिनेको थियो । संसारदाई थाहा छ संरा अमेरिका नवउदारवादी पुँजीवादको जन्मथलो हो ।

नवउदारवादी पुँजीवाद जसले 'सरकार नै समस्याको मूल जरो हो ।' भन्दछ र निर्णय प्रक्रिया धेरैभन्दा धेरै ब्यापारीको हातमा हुनुपर्छ भन्छ । निजी नाफाको लागि काम गर्नेहरूलाई सबै कुराको निर्र्णय गर्ने अधिकार सुम्पिनुपर्छ भन्ने मान्यता राख्छ र सार्वजनिक हितमा चासो राख्नेहरूको प्रभावबाट निर्णय प्रक्रिया मुक्त गरेर व्यापारिका हातमा राखिनुपर्छ भन्ने सिद्धान्तको पक्षपोषण गर्दछ । अमेरिकी पूर्व राष्ट्रपती रोनाल्ड रेगनले त्यस्तो घोषणा गरेपछिका यताका वर्षहरूमा अनियन्त्रित पुँजीवादी व्यवस्थाले मौलाउने अवसर पायो, परिणाम नवउदारवादी निर्ममताको मात्रा थपिदै गयो । फलतः आजको टेढो मेढो बजारको रचना भयो ।

अमेरिकामा रोनाल्ड रेगन र बेलायतमा मार्ग्रेट थ्याचरको पालादेखि नै पुँजीवादको नवउदारवादी संस्करण शक्तिशाली बन्दै आएको हो । यद्धपि उनीहरूभन्दा केही अघिबाटै नवउदारवादको सुरुवात भएको थियो । नेपालमा नवउदारवादको नकारात्मक असर डा. रामशरण महत (जसलाई स्वयम नेपाली कांग्रेसकी नेतृ सुजाता कोइरालाले देश र नेकाँ पार्टीभित्रको विदेशी दलाल भनेर बोलेकी थिइन्)जव सरकारका अर्थमन्त्री बने उनले अमेरिकामा रोनाल्ड रेगन र बेलायतमा मार्ग्रेट थ्याचरको पालादेखि नै पुँजीवादको नवउदारवादी संस्करणलाई नेपालको अर्थतन्त्रमा भद्धा नक्कल गरे । समाजवादी देशहरू-रुस र चीनले नेपाली जनतालाई उपहारस्वरूप बनाइदिएका कैयौ कलकारखाना तथा उद्योगधन्दाहरूलाई ती बेचेवापत प्राप्त हुने कमिसनको लागि कौडीको मूल्यमा भारतीय व्यापारीहरूलाई बेचे । परिणाम हजारौ नेपाली युवाहरू बेरोजगार बने र कामको खोजमा विदेशतीर भौतारिन बाध्य बनाइए । यसो गरेवापत उनी अमेरिकी नवउदारवादी खेमाबाट पुरस्कृत पनि गरिए ।

रेगनले पनि त धनी मानिसबाट करको भार हटाएर सर्वसाधारणको काँधमा करको भारी थोपरिदिएका थिए । शेयरको मूल्य बढाउन शेयर किनबेचलाई आधिकारिकता दिए, ब्यापारी र शेयर मालिकहरूलाई धनी बनाए । तर, उद्योगको उत्पादनशीलतालाई भने बेवास्ता गरेका थिए । त्यसवेला असाध्यै धनी मानिसप्रति रेगनको सद्भाव आजसम्म आइपुग्दा प्रगतिको अर्कै उचाइमा पुगेको छ ।

नवउदारवादी पुँजीवाद विश्वमा अनगिन्ति महामारीका लागि कसरी जिम्मेवार छ भन्ने विषयमा छलफल आवश्यक छ । अहिलेको यो गञ्जागोलको अवस्था आउनुका पछाडि नवउदारवादी पुँजीवाद किन जिम्मेवार छ त ? यसवारे नोम चोम्स्कीको भनाई यस्तो छ- 'जब नवउदारवाद हावी हुन्छ तब सरकारले समग्र बजारका असफलतामा केही गर्न सक्दैन, हरेक चीजको निर्णायक बजार बन्न जान्छ । बजारको कुरा प्रस्ट छ-'भविष्यको लागि लगानी गर्नु घाटाको ब्यापार गर्नु हो ।' यस्तो अवस्थामा सरकारले पहलकदमी लिनुपर्थ्यो । तर, अहिले शासन गरिरहेको 'सरकार नै समस्याको जड हो' भन्ने नवउदारवादी सिद्धान्तले सरकारलाई त्यस्तो पहल लिन रोक लगाएको छ । नेपालमा पनि वर्तमान *बाँकी ८ पेजमा*

# आलोपालो

## सुनसरीबाट सुरु भएको साम्प्रदायिक दंगा:समाधानको खोजी



● नरेन्द्रबहादुर थापा ●

सुनसरीदेखि सुरु भएर मधेसप्रदेशका प्रायः सबै जिल्लाहरू हुँदै देशैभरी साम्प्रदायिक तनाव फैलिको छ । यो घटनाले देशमा राज्यको परीक्षा र राष्ट्रिय एकताको चुनौती समेत थपिदिएको छ । देशमा सिर्जित यस्तो परिस्थितिमा यस लेखमा घटनाको बुँदागतरूपमा बिश्लेषणात्मक वर्णन गर्दै समाधानको खोजी गर्ने पर्यत्न गरिएको छ ।

***१.घटनाको पृष्ठभूमिः सुनसरीको विस्फोट र आन्दोलनको विस्तार***

संसारका थोरै मुलुकमध्ये नेपाल एउटा यस्तो मुलुक हो, जहाँ शताब्दीयौंदेखि हिन्दू, मुस्लिम, बौद्ध, किराँत, इसाई तथा अन्य धार्मिक समुदाय एउटै गाउँ, एउटै बजार र एउटै सार्वजनिक जीवनमा सहअस्तित्वका साथ बस्दै आएका छन् । उनीहरूबीच यहाँ शदियौं देखि विभिन्न मतभेदहरू थिए र सांस्कृतिक भिन्नताहरू पनि थिए, तर ती प्रायः सधैं सामाजिक संवाद र आपसी समझदारीबाट नै समाधान हुने गर्दै आएका थिए । यही कारण नेपाललाई धार्मिक सहिष्णुता र सामाजिक सद्भावको देशको उदाहरणका रूपमा पनि प्रस्तुत गरिँदै आएको छ ।

तर पछिल्ला केही वर्षयता सामाजिक सञ्जालको तीव्र विस्तार, धार्मिक पहिचानको राजनीतिक उपयोग, अफवाहको द्रुत प्रसार, कमजोर स्थानीय समन्वय र प्रशासनिक संवेदनशीलताको अभावले कतिपय स्थानमा साम्प्रदायिक तनाव बढ्दै गएको संकेत देखिन थालेका थिए । सामान्य कारणबाट उठेका सानातिना विवाद समयमै समाधान हुन नसक्दा तिनीहरूले ठूलो रूप लिन थाले । सुनसरी जिल्लाको देवानगञ्ज गाउँ पालिका -३, कप्तानगञ्जमा भएको दुःखद घटना यही पृष्ठभूमिको सबैभन्दा गम्भीर उदाहरण बन्यो ।

***२.सानो विवादबाट राष्ट्रिय चिन्तासम्म***

श्रावण महिनामा हिन्दू धर्मावलम्बीहरूको बोलबम यात्रा हरेक वर्षभैँ यस वर्ष पनि सञ्चालन भइरहेको थियो । सार्वजनिक विवरणअनुसार विक्रम सम्बत २०८३ साल श्रावण १० गते!आइतबार तदनुसार (२६ जुलाई २०२६) को राति कोशीब्यारेजबाट जल लिएर फर्किरहेका बोलबम यात्रुहरूको समूह सुनसरी जिल्ला, देवानगञ्ज गाउँ पालिका-३ को कप्तानगञ्ज क्षेत्रमा पुगेको थियो । धार्मिक भजन, बाजागाजा र डिजे सहितको जुलुस स्थानीय सडक हुँदै अघि बढिरहेको थियो । स्थानीय बासिन्दाले सामाजिक संजालमा पोस्ट गरी बताए अनुसार राति करिब १० बजेतिर ठूलो आवाजमा बजाइएको संगीत र जुलुसको व्यवस्थापनलाई लिएर अर्को मुस्लिम समुदायका केही व्यक्तिहरूले आपत्ति जनाए । यसअघि धार्मिक झण्डा राख्ने विषयमा पनि स्थानीय स्तरमा मतभेद भएको चर्चा सार्वजनिक भएको थियो । प्रारम्भिक भनाभन सुरु भएको केही मिनेटमै हिन्दु र मुस्लिम दुई समूहबीच ढुंगामुढा हानाहानमा परिणत भयो । यसरी तनाव बढ्दै जाँदा ठूलो संख्यामा स्थानीय मानिसहरू एकाएक घटनास्थलमा जम्मा भए । झन् पछि झन् विवाद बढ्दै गयो ।अवस्था नियन्त्रणभन्दा बाहिर जान थालेपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीद्वारा हस्तक्षेप भयो । पहिले प्रहरीद्वारा लाठीचार्ज गरियो । त्यसपछि अश्रुग्यास प्रयोग भयो । तर स्थिति अझै नियन्त्रणमा नआएको भन्दै अन्ततः प्रहरीले गोली चलायो । गोली लागेर उक्त गाउँ पालिका वडा नं. ४ का करीब ३० वर्षीय स्थानीय युवक ओमप्रकाश मेहताको मृत्यु भयो । दर्जनौं सर्वसाधारण र सुरक्षाकर्मी घाइते भए । यही क्षणदेखि भोलिपल्ट श्रावण ११ गते आन्दोलन , कर्फ्यु र सुरक्षा परिचालन *बाँकी ५ पेजमा*


## बाढी/पहिरोबाट सचेत होऔं

**बाढी/पहिरो आउनुअघि :**

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लियऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं ।

**बाढी/पहिरो आएमा :**

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## नवउदारवादी...

रास्वापा सरकारलाई यही सिद्धान्तका कारण पहल लिन रोक लगाएको छ कि भन्ने देखिएको छ, त्यो भनेको-'भविष्यको लागि लगानी गर्नु घाटाको ब्यापार गर्नु हो ।' त्यसैले त ल्पेन चार्टर गरेर विदेशबाट मानिस ल्याउन हतारिन्छ, तर नेपाली मजदुरहरलाई दुईचार गाडि खोजेर उनीहरूका घरसम्म पुऱ्याउन आनाकानी गर्दछ । यहानेर नोम चोम्स्कीको माथिका भनाईहरू कति सान्दर्भिक छन् । रास्वपासरकारका अर्थमन्त्री वाग्ले नेकाँका रामशरण महतका नयाँ सस्करण भएको त उनले पेशगरेको बजेट ले स्पष्ट पार्न मद्त गर्ने छ ।

यो सन्देहरहित सत्य हो । जब नवउदारवाद हावी हुन्छ तब सरकारले समग्र बजारका असफलतामा केही गर्न सक्दैन । त्यही कारण आज गञ्जागोलको अवस्था निम्तिएको छ । नवउदारवादी दर्शनअनुसार हुने त्यस्तै हो । मिल्टन फ्रीडम्यान र नवउदारवादका अरु हिमायतीले हामीलाई सिकाएका छन् व्यापार प्रबन्धकको मूल जिम्मेवारी भनेको नाफा अधिकतम बनाउनु हो । यो नैतिक जिम्मेवारीबाट थोरै पनि यताउता भए 'सभ्य जीवन' को जग हल्लिन्छ ।

बहुराष्ट्रिय कम्पनीहरूले पैसाको बलमा विश्व पर्यावरणलाई तहसनहस पारिरहेका छन्

नवउदारवादको उदयसँग उत्पन्न कोरोना विश्वका मानव जातिकै लागि एउटा माहामारी शत्रु बन्यो । तर पृथ्वी र मानवबीचको सम्वन्धलाई सन्तुलित राख्ने दवाव यसले दिएको छ । त्यसैले यसका केही सकारात्मक पक्षहरू पनि बाहिर आउन थालेका छन् । भरखरै फरवरी २४, २०२० देखि चीनले ५४ थरीबाहेक अन्य जिउँदो जंगली पशुपक्षी बेच्न र उपभोग गर्न स्थायी प्रतिबन्ध लगाएको छ । त्यसअघि चीनमा मात्रै करिब ९७ प्रजातिका विभिन्न जिउँदो जंगली जनावरको बेचबिखन हुने गरेको अनुमान नेसनल जियोग्राफी २०१६ ले गरेको छ । दक्षिणपूर्वी एसियामा मात्रै ४० प्रजातिका चराचुरुंगी, स्तनधारी तथा घस्रने जीवजन्तुको बेचबिखन र उपभोग हुन्छ । नेसनल जियोग्राफीको सर्वेक्षणअनुसार अहिले पनि ८३ प्रतिशत चिनियाँ आफ्नो खानाको रूपमा जंगली पशुपक्षीको मासु खान रुचाउँछन् । यद्यपि विश्वभर र चीनमा समेत 'मास-डिफरेस्टेसन' भइरहेकाले यिनको आपूर्ति भने सहज देखिन्न । केही वर्षयता नेपालमा समेत जंगली पशुपक्षीको उपभोग बढेको छ । बट्टाई, कालिज, खरायो र बंदेलजस्ता जिउँदो जंगली पशुपक्षीको व्यावसायिक पालन बढेको छ । यसले के देखाउँछ भने विश्वभर जति सहर बढेका छन् त्यति नै वन विनाश र जंगली पशुपक्षीको उपभोग बढेको छ । बहुराष्ट्रिय कम्पनीहरूले पैसाको बलमा विश्व पर्यावरणलाई तहसनहस पारिरहेका छन् । परिणाम कोरोना जस्ता माहामारीको जन्म हुन जान्छ ।

***प्रकृति र मानव सम्वन्धबारे मानवशास्त्रीको विश्लेषण***

मानवशास्त्री फेडरिक कुक (२०२०) ले भनेका थिए-"कोरोनाजस्तो महामारीका मुख्य कारणमध्ये मान्छे र जनावरबीच बिग्रँदो सम्बन्ध पनि एक हो । तथापि यो नयाँ भने होइन । यसलाई राज्यले व्यवस्थापन गर्न सक्छ । तर पनि राज्यको ध्यान अर्थतन्त्रबाहिर गएको देखिन्न । प्रकृति र मान्छेको बीचमा सम्बन्ध कसरी बिग्रन नदिने भन्नेबारे सोचिएकै छैन । मान्छेको खाद्य तथा सामाजिक सम्बन्धलाई जोखिमयुक्त बन्न नदिनेबारे मनन गरिएको छैन ।"

यसमा जोड दिँदै फेडरिक कुकले लेख्छन्-"सुरक्षित र अनुशासित खाद्यउपभोग नै महामारीका प्रतिरोधक हुन् । तर नयाँ खानेकुराको बढ्दो आविष्कार र प्रयोगले मान्छे र प्रकृतिको सम्बन्ध नै खलबलिएका छन् । जुन स्वस्थ मान्छेको चुनौती हो । यसलाई कम गर्न, मान्छेको समृद्धि र प्रगतिको भोक अनुशासित बनाउनुको अर्को विकल्प छैन । यो नै भोलिको महामारी नियन्त्रणको भरपर्दो बाटो हो । अब प्रकृति बेचबिखनको वस्तु मात्र होइन । यो त मान्छेको जीवन र अस्तित्व हो भन्ने अहिले ती नवउदारवादी पु"जीवादी विद्यानहरूले बुझ्नुपर्छ । वन्यजन्तु मान्छेका लागि किन यति डरलाग्दो भयो । यसको सामाजिक र सांस्कृतिक पक्षबाट खोजी र चर्चा हुनुपर्छ ।"

***नवउदारवादी पुँजीवादीको अन्त्य र वैज्ञानिक समाजवादको विकास किन आवश्यक छ ?***

जसरी पु"जीवादी विकासले गर्दा गाउँहरू सहरका कारण रित्तिएका छन्, सहर मान्छेको हूलले भरिएको छ, यही रूपमा अघि बढ्दै गएमा आउँदा दिनमा कोरोनाभन्दा पनि अझै भयानक महामारी आउने पक्का छ । यो फेरि पनि सहरमै दोहोरिनेछ । राष्ट्र संघको 'रिभिजन अफ वर्ल्ड अर्वानाइजेसन प्रस्पेक्ट, २०१८' ले सन् २०५० सम्ममा विश्वका ६८ प्रतिशत मानिस सहरमा बस्ने अनुमान गरिसकेको छ । अहिले नै विश्वमा ४ अर्ब २३ करोड मान्छे सहरमा बस्छन्, जसले खेतीपाती गर्दैनन्, उद्योग, व्यापार र नोकरी गर्छन् । यो संख्या अबको ३० वर्षमा एसिया र अफ्रिकामा मात्रै २ अर्ब २५ करोडले बढ्नेछ । विश्वका ८० प्रतिशतभन्दा बढी मानिस परम्परागत खेतीबाट बाहिर हुनेछन् । त्यतिखेर एशियाका भारतसँग ४१ करोड ६० लाख, चीनसँग २५ करोड ५० लाख र अफ्रिकाको नाइजेरियासँग १८ करोड ९० लाख थप सहरी जनसंख्या हुनेछ । अब कल्पना गरौं । यो जनसंख्याका लागि बहुराष्ट्रिय कम्पनीहरूले 'मास-फुड-सप्लाई' गर्न कति वनजंगल र जंगली पशुपक्षी तहसनहस गर्नेछन् ?

अहिले विश्वमा राज गरिहेको नवउदारवादी पु"जीवाद उद्योगसँगै सहर बनाउने काममा पनि दौडिरहेको छ । धेरै कमाइ हुने भएपछि मान्छेहरू सहरतिर ओइरिएका छन् । जर्नल अफ अवेसिटी प्रिभेन्सन (२०१०) ले भनेको छ -"अहिले धेरै मान्छे धेरैथरी खाने कुरा किन्न सक्ने भएका छन् । यसले गर्दा खाद्यान्नको माग र उपभोग अस्वाभाविक चुलिएको छ । सन् १९८० यता सहरमा बस्ने मान्छेले आफूलाई चाहिनेभन्दा ६० प्रतिशत बढी खाद्यान्न उपभोग गर्छन् । तर यही बेला विश्व बैंकले नेपालमा मात्रै बर्सेनि झन्डै ३९ हजार मेट्रिक टन खाद्यान्न आपूर्तिको अभाव रहेको तथ्य निकालेको छ । अहिले खाद्यान्नको उत्पादन जीवनका लागि होइन, बेचबिखनका लागि हुन्छन् । कारखाना, बजार र व्यापारले गर्दा मान्छेको सम्पर्क पहिलेभन्दा बाक्लो र नजिक भएको छ । जति मानिस सहरमा खाँदिएका छन् कोरोनाजस्ता महामारी पनि उति नै बलियो बन्दै गएका छन् ।

जर्नल लेख्छ-"खानेकुराको प्रकार र प्रकृति यति जटिल भएकोछ, यसले मानिसको जीवन तथा काम गर्ने शैली नै बदली दिएको छ । यो सँगै पृथ्वी र पशुपक्षीसँग मानिसका सम्बन्ध पनि बदलिएको छ । खाने कुरामा पशुपक्षीको उपभोग अत्यधिक बढेको छ । अहिले मासुका लागि मात्रै जंगली पशुपक्षीको उपभोग ७३ प्रतिशतले बढेको छ । विश्वभर मान्छेले दैनिक आफ्नो खानाको ६२ प्रतिशत हिस्सा मासुले भर्छन् । यो सबै कसरी सम्भव भयो ? सहरमा कैयौं खाद्य-उद्योग फस्टाएका छन् । र, खानेकुराको हजारौं प्रकारले ती उद्योग बाँचेका छन् । यसले मान्छेलाई चाहिनेभन्दा बढी खाना खान उक्साइरहेको छ । व्यावसायिक पशुपक्षीपालक र कृषि कम्पनी उसैगरी जति सकिन्छ धेरै उत्पादन गर्न हौसिएका छन् । जंगली जनावर तथा पशुपक्षीको चोरी सिकारी बढेको छ । धनि र सम्पन्नका घरमा अनावश्यक खानेकुराले भान्छा भरिएका हुन्छन् । चाहिनेभन्दा बढी अन्न फलाउन दिनदिनै जंगल सखाप भइरहेको छ । यस्तो मान्छेले आफू बसेकै पृथ्वी बेचेर समृद्धि र सन्तुष्टिको स्वाद लिइरहदा कसरी पृथ्वी (प्रकृति)चुप लागेर बस्न सक्छ र ? यसरी आफू बसेकै पृथ्वी बेचेर समृद्धि र सन्तुष्टिको स्वाद लिंन खोज्ने सामाजिक मूल्य मान्यतामाथि आक्रमण गर्ने विश्व नवउदारवादी पुँजीवाद, जसको वर्तमान रूप एकाधिकार पु"जीवाद(विश्व साम्राज्यवाद) हो र बहुराष्ट्रिय कम्पनीका रूपमा विश्वभर फैलिएका त्यसका दलालहरूको अन्त्य र वैज्ञानिक समाजवादको विकास नहोउन्जेल यस्ता प्रकृतिजन्य माहामारी मानव समुदायमा दोहोरि रहने छन् । यसैले नवउदारवादी पु"जीवादको अन्त्य र वैज्ञानिक समाजवादको विकासले मात्रै मानव समाज र सभ्यतामाथि आइपर्ने महामारीको उत्पत्ति रोक्न सक्छ । *-singhhukum683.gmail.com*

## ३२औं...

जनसंख्याको कम्तीमा १५ प्रतिशत हिस्सा ओगट्न बाध्य छन् ।

संसारभर बोलिने अनुमानित सात हजार भाषामध्ये ठूलो हिस्सा आदिवासीहरूले बोल्छन् र उनीहरूले करिब पाँच हजार फरक संस्कृतिको प्रतिनिधित्व गर्छन् ।

इतिहासदेखि नै प्रकृतिसँग अभिन्न रूपमा जोडिएका आदिवासीहरू आज पनि पुर्ख्यौली भूमि, जल, जंगल र प्राकृतिक स्रोतसाधनमाथिको अधिकारबाट वञ्चित हुँदै आएका छन् । झण्डै ४० प्रतिशत आदिवासी जनजातिको जनसङ्ख्या रहेको नेपालमा आदिवासी दिवसको महत्व अझ विशिष्ट छ । नेपाल सरकारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मार्फत ५९ वटा जातीय समुदायलाई आदिवासी जनजातिका रूपमा सूचीकृत गरेको छ भने २०७२ को संविधानले आदिवासी जनजाति आयोगलाई संवैधानिक अङ्गको मान्यता दिएको छ ।

नेपालले आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (UNDRIP) र कानुनी रूपमा बाध्यकारी मानिने अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ (ILO १६९) मा हस्ताक्षर गरिसकेको छ। तर, यी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू व्यावहारिक रूपमा लागू हुन नसकेको गुनासो आदिवासी समुदायको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई परिमार्जन र सशक्त बनाउनुको साटो पटक-पटक खारेज गर्ने प्रयास भइरहेको आरोप अधिकारकर्मीहरूले लगाएका छन् । हाल प्रतिष्ठानका पदाधिकारीहरू हटाइएको र कार्यालय कर्मचारीहरूको भरमा मात्र चलिरहेको अवस्थाले यसको औचित्यमाथि नै प्रश्न उठाइएको छ ।

३२औँ आदिवासी दिवसकै पूर्वसन्ध्यामा अखिल नेपाल आदिवासी जनजाति महासङ्घ (राष्ट्रिय सम्मेलन आयोजक समिति, संयोजकः पवनमान श्रेष्ठ)ले हुलाकमार्फत प्रधानमन्त्री बालेन्द्र साहलाई २१ बुँदे ध्यानाकर्षण पत्रसमेत बुझाएको थियो ।

***महासंघले उठाएका मुख्य मागहरू निम्न बमोजिम छन्,***

अन्तर्राष्ट्रिय सन्धि र दिवसको सम्मानः अगस्ट ९ (विश्व आदिवासी दिवस) का दिन राज्यस्तरबाट सार्वजनिक बिदा घोषणा गरियोस् र क्षिइ-१६९ तथा ग्ल्न्चक्षए का प्रावधानहरू इमानदारीपूर्वक लागू गरियोस् ।

पहिचानसहितको संघीयताः पहिचान नझल्किने गरी गरिएका प्रदेशहरूको वर्तमान नामकरण खारेज गरी पहिचान झल्किने नाम राखियोस्। स्वायत्तता, स्वशासन र आत्मनिर्णयको अधिकारलाई स्वीकार गर्दै राज्यको पुनःसंरचना गरियोस्।

भाषा र प्राकृतिक स्रोतको अधिकारः नेपालका सम्पूर्ण मातृभाषालाई कामकाजी भाषा बनाइयोस्। आदिवासीको पूर्व-सूचित सहमति (FPIC) विना पुर्ख्यौली थलोमा विकास निर्माणका नाममा गरिने अतिक्रमण र विस्थापन तत्काल रोकियोस् ।

प्रतिष्ठान र सूचीकरणको मुद्दाः लोपोन्मुख तथा अति अल्पसंख्यक जनजातिको संरक्षण गरियोस् र आदिवासी जनजातिको सूची परिमार्जन गरियोस् ।

***समसामयिक र राष्ट्रिय सरोकारका विषयः***

संविधानमा दिइएको धर्मनिरपेक्षताको गलत स्पष्टीकरण खारेज गरी वास्तविक धर्मनिरपेक्षता कायम गरियोस् ।

गोर्खा भर्तीसम्बन्धी सर्वोच्च अदालतको निर्देशनात्मक आदेश कार्यान्वयन गरियोस् ।

देशमा व्याप्त महँगी, भ्रष्टाचार, कालाबजारी नियन्त्रण गरियोस् तथा बिजुली लगायत अत्यावश्यक वस्तुमा थोपरिएको अत्यधिक कर हटाइयोस् ।

सन् १९५० को सन्धि, MCC लगायत राष्ट्रघाती सम्झौता खारेज गरी कालापानी-लिपुलेक-लिम्पियाधुरा लगायतका अतिक्रमित भूभाग फिर्ता ल्याइयोस् ।

सुनसरीको कप्तानगञ्ज घटना जस्ता साम्प्रदायिक तनाव पुनरावृत्त हुन नदिई धार्मिक सहिष्णुता कायम गरियोस् ।

आदिवासी जनजातिहरू केवल एक सांस्कृतिक समुदाय मात्र होइनन्; उनीहरू प्रकृति, जैविक विविधता र परम्परागत ज्ञानका संरक्षक पनि हुन्। नेपालमा आदिवासी दिवस मनाइरहँदा उनीहरूले उठाएका पहिचान, स्वायत्तता, भू-अधिकार र भाषिक समानताका मागहरूलाई उपेक्षा गरेर दिगो विकास र समृद्धिको सपना पूरा हुन सक्दैन । सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धता र घरेलु मागहरूलाई गम्भीरतापूर्वक सम्बोधन गर्नु नै आजको मुख्य आवश्यकता हो ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।